# हाम्रा समुदायहरूमा विपद् जोखिम न्यूनीकरण

## दोश्रो संस्करण

बब हान्सफोर्ड

बाट नेपालीमा अनुवाद

साजसज्जा: विङ्फिङ्गर

नेपाली अनुवाद: विनोद काफ्ले

भाषा शुद्धाशुद्धी जाँच: प्रदिप झा

© टियरफण्ड २०११ र यू.एम.एन. २०१४

ISBN: 978-9937-8770-8-4

टिएरफण्ड राहात र विकासको क्षेत्रमा काम गर्ने एक ख्रिष्टियन संस्था हो, यसले विश्वभर चरम आवश्यकतामा रहेका समुदायमा सहयोग र आशा जगाउन यू.एम.एन. जस्ता साझेदार संस्थाहरु संग काम गर्दछ ।

Tearfund, 100 Church Road, Teddington, TW11 8QE, UK.
Tel: +44 20 89779144

यो प्रकाशनको डिजितल प्रति टिएरफण्ड अर्न्तराष्ट्रिय शिक्षा क्षेत्र को वेबसाईट www.tearfund.org/tilz बाट डाउनलोड गर्न सकिन्छ ।

# विषय सुची


| | | |
|---|---|---|
| | प्राक्कथन | ५ |
| | परिचय | ७ |
| खण्ड १ | विपद् बारे ख्रीष्टियान दृष्टिकोण | ९ |
| १.१ | विपद्लाई बुझ्नु | ९ |
| १.२ | विपद्मा मानवीय असर | १० |
| १.३ | ख्रीष्टियानहरू सृष्टिमा परमेश्वरको भण्डारे | ११ |
| १.४ | विपद्मा ख्रीष्टियानहरूको प्रतिकार्य | ११ |
| खण्ड २ | जोखिम न्यूनीकरणको बुझाई - सिद्धान्त | १५ |
| २.१ | शब्दहरू र परिभाषाहरू | १५ |
| २.२ | विपद् चक्र | १६ |
| २.३ | विपद् क्रन्च मोडेल (The Disaster Crunch Model) | १८ |
| २.४ | रिलिज मोडेल (The Release Model) | २२ |
| २.५ | हिगो कार्य योजना (The Hyogo framework for Action) | २४ |
| २.६ | विपद्हरू र विकास | २४ |
| २.७ | विपद् जोखिम, जलवायु परिवर्तन र वातावरणीय ह्रास | २५ |
| खण्ड ३ | विपद् जोखिमको सहभागीमूलक लेखाजोखा PADR प्रक्रियाको सिंहावलोकन | २७ |
| ३.१ | विधिको व्याख्या | २७ |
| ३.२ | विश्लेषणका वर्गहरू | २८ |
| ३.३ | PADR को क्षेत्र | ३० |
| ३.४ | PADR का कदमहरू | ३० |
| खण्ड ४ | कदम १ तयारी | ३३ |
| ४.१ | टोली तयार गर्नु | ३३ |
| ४.२ | सहभागीमूलक औजारहरू | ३५ |
| ४.३ | लक्षित समूह सँग छलफल र अन्तरक्रियाको तयारी | ३८ |
| ४.४ | टोलीका भूमिका र जिम्मेवारीहरू | ४० |
| ४.५ | जानकारीका अन्य श्रोतहरू | ४० |
| ४.६ | समुदायलाई तयार गर्नु | ४० |
| ४.७ | PADR र लिंङ्ग | ४१ |
| खण्ड ५ | कदम २ : प्रकोप लेखाजोखा | ४३ |
| ५.१ | प्रकोपका प्रकारहरू | ४३ |
| ५.२ | प्रकोपहरूको लेखाजोखा गर्नु | ४४ |
| ५.३ | जलवायु परिवर्तन | ४६ |


© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

| | | |
|---|---|---|
| **खण्ड ६** | **कदम ३ : संकटासन्नता र क्षमता लेखाजोखा** | **४७** |
| ६.१ | असर र संकटासन्नता | ४७ |
| ६.२ | क्षमताहरू | ४८ |
| ६.३ | संकटासन्नता र क्षमताको लेखाजोखा | ४९ |
| ६.४ | सामुदायिक विधि -प्रश्नहरू, औजारहरू र ग्रिडको प्रयोग | ५४ |
| ६.५ | संकलित जानकारीको संक्षेपिकरण | ५७ |
| **खण्ड ७** | **कदम ४ : गतिशील दवाबहरू र अन्तरनिहित कारणहरू** | **५९** |
| ७.१ | गतिशील दवाब | ५९ |
| ७.२ | अन्तरनिहित कारणहरू | ६१ |
| ७.३ | गतिशील दवाबहरू र अन्तरनिहित कारणहरूको लेखाजोखा | ६२ |
| ७.४ | संरचनाहरू र प्रक्रियाहरूलाई चुनौति | ६४ |
| **खण्ड ८** | **कदम ५ : जोखिम व्यवस्थापनका योजनाहरू** | **६५** |
| ८.१ | समुदाय स्तरको जोखिम व्यवस्थापन योजना | ६५ |
| ८.२ | जोखिम व्यवस्थापन र ह्योगो कार्य योजना | ७२ |
| ८.३ | सामुदायिक स्तरमा आपतकालीन योजना | ७४ |
| ८.४ | पारिवारिक स्तरमा आपतकालीन योजना | ७६ |
| ८.५ | सुस्त रूपमा आउने विपद्हरूका लागि जोखिम व्यवस्थापन | ७७ |
| ८.६ | उत्थानशील समुदायहरू | ७७ |
| ८.७ | पैरवी मार्फत नीति निर्माताहरू र शक्तिशाली व्यक्तिहरूलाई प्रभावित गर्ने | ७७ |
| **खण्ड ९** | **विशेष परिप्रेक्ष्यहरूमा PADR** | **८१** |
| ९.१ | PADR र मण्डली परिचालन (उमोजा) | ८१ |
| ९.२ | शहरी परिप्रेक्ष्यमा PADR | ८२ |
| ९.३ | PADR र द्वन्द | ८४ |
| ९.४ | विपद्-पश्चातको अवस्थामा PADR | ८५ |
| | **परिशिष्टहरू** | **८७** |
| परिशिष्ट क | लक्षित समूह छलफलहरूका लागि प्रश्नहरू र अभिलेख राख्ने चार्ट | ८७ |
| परिशिष्ट ख | विभिन्न प्रकोपहरूका लागि सुझाइएका जोखिम-न्यूनीकरण क्रियाकलापहरू | ९२ |
| | **सर्न्दभ सामाग्री** | **९४** |
| | **शब्दावली** | **९६** |

# प्राक्कथन

ROOTS ९ पहिलोपटक २००६ मा प्रकाशित गरिएको थियो र विपद् जोखिमको सहभागीमूलक लेखाजोखा (Participatory Assessment of Disaster Risk-PADR) को नाममा समुदायमा आधारित पद्धतिलाई प्रवेश गरायो। कार्यका लागि ह्योगो फ्रेमवर्क (UNISDR, जनवरी २००५) को लगभग एक वर्षपछि यसको शुरुवात भयो। यसको उद्देश्य समुदायस्तरमा उक्त फ्रेमवर्कको काम गराईतर्फ सानो योगदान पुऱ्याउने थियो र मौलिक सामग्रीहरूमा विस्तृत पुर्नकार्यसहित यो परिमार्जित संस्करणलाई थुप्रै कारणहरूले गर्दा महत्वपूर्ण मानिएको छ।

पहिलो, यस पद्धतिलाई अफ्रिका, एशिया र क्यारेबियन क्षेत्रका लगभग २० देशहरूमा प्रयोग गरिएको छ। यो शैली वृहत्तर रूपमा सफल भएको छ तर साथ साथै यसलाई पढाउने र समुदाय स्तरमा यसको कार्यान्वयन दुवैमा केही पाठहरू सिकिएको छ। यस परिमार्जित संस्करणले व्यवहारिक मार्गदर्शन नमूनाहरू र प्रश्नहरूको समूहसहित सिकिएका पाठहरूलाई आत्मसात गर्दै थप प्रभावकारी औजार प्रदान गर्ने लक्ष्य राखेको छ।

दोश्रो, जलवायु परिवर्तनको विस्तारले विश्वभरि प्रकोपका प्रकारहरू, आवृत्ति र तिव्रतामा उल्लेख्य असर पारिरहेको छ। प्रारम्भिक संस्करणमा पहिचान गरिएको भएता पनि जलवायु परिवर्तनको गति र प्रक्षेपित असरहरूलाई कम आँकलन गरिएको थियो। विज्ञानको विकाससँगै, जोखिम लेखाजोखा पद्धतिको पनि विकास आवश्यक छ जसले भविष्यका प्रक्षेपित जोखिमहरूका साथ साथै विगतका परिचित प्रकोपहरूलाई पनि ध्यानमा राख्छ।

तेश्रो, टियरफण्ड र अन्य श्रोतहरूको योगदान स्वरुप विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलनता र वातावरणीय दिगोपनाका क्षेत्रहरूमा उपलब्ध औजारहरूको संख्यामा हालका वर्षहरूमा उल्लेखनीय वृद्धि आएको छ। ती औजारहरूलाई सराहना गरिएको छ र मिल्ने ठाउँमा उल्लेख गरिएको छ। अझै पनि PADR को स्पष्ट आवश्यकता छ तर उच्चतम प्रतिफल हासिल गर्न कहिलेकाहीं यसलाई जलवायु परिवर्तन अनुकूलनता अथवा वातावरणीय दिगोपनाका विशेष औजारसँग संयुक्त रूपमा प्रयोग गर्दा उत्तम हुन्छ।

अन्त्यमा, सामुदायिक उत्थानशीलताको अवधारणाले धेरै सहायता पाएको छ। यो समुदायलाई जुनसुकै उत्पतिका नोक्सानीहरूको लागि तयार हुने, सामना गर्ने र त्यसबाट पुर्नलाभ गर्ने क्षमता दिने निश्चित विशेषताहरूलाई परिभाषित गर्ने थप सकारात्मक तरिका हो।

यस प्रकाशनमा विविध अन्तर सम्बन्धित विषयहरूलाई समाहित गरिएको छ, जसमा :

**लैंगिक** प्रकोपहरूको महिलाहरू र पुरुषहरूमा पर्ने भिन्न असरहरू र जोखिम न्यूनीकरणमा योगदान गर्न सक्ने उनीहरूसँग भएका क्षमताहरूको पहिचान

**बाल संवेदनशीलता** बालबालीकाहरू सर्वाधिक संकटासन्नहरू मध्ये हुन् भन्ने पहिचान

**एच.आइ.भी.** एच.आइ.भी. ले यो भएका मानिसहरूको संकटासन्नतामा वृद्धि गराउँछ र उनीहरूको सामना गर्ने क्षमता कम गराउँछ भन्ने पहिचान

**द्वन्द** द्वन्दले प्राकृतिक विपद् सहने र पुर्नलाभ गर्ने समुदायको क्षमतामा असर गर्छ भन्ने पहिचान

यस प्रकाशनले विपद् जोखिम न्यूनीकरणका कारणहरू अगाडि बढाउँछ र सुरक्षित र अझ बढी उत्थानशील समुदायहरू निर्माणमा योगदान दिन्छ भन्ने लेखकको आशा रहेको छ।

# परिचय

**विपद्हरू -वास्तविकता**

गत दश वर्षयता प्रत्येक वर्ष करिब २४ करोड मानिसहरू तथाकथित प्राकृतिक विपद्हरूबाट प्रभावित भएका थिए । यस्ता विपद्हरूले जीवन, पूँजी र जीविकोपार्जनमा ठूलो क्षति पुऱ्याउँछन्, कहिलेकाहीं त केही मिनेटको अन्तरालमा र धेरैजसो केही हप्ताहरू अथवा महिनाहरूको अवधिमा । जलवायु परिवर्तनका सुस्त तर निरन्तरको असरले हामीलाई अहिले असर गरिरहेको छ र आउँदा धेरै वर्षहरूमा विपद्को रूपमा महसुस गरिने छ । सर्वाधिक गरिब देशहरू र समुदायमा बसिरहेकाहरू निसन्देहः सबभन्दा पीडित हुन्छन् र उनीहरू नै यस्ता नोक्शानीहरूको सामना गर्न र यसबाट पुर्नलाभ गर्न सबभन्दा कम सक्षम हुन्छन् । धेरैजसो अवस्थाहरूमा, महिलाहरू पुरुषहरूभन्दा बढी पीडित हुन्छन् र परिवारको रक्षा गर्न ठूल्ठूला बलिदान दिन्छन् ।

विपद्का केही प्रकारहरूको -विशेषगरी बाढीहरू र आँधिबेहरी- संख्या, प्रचण्डता र आर्थिक असरमा वृद्धि भइरहेको प्रमाण छ ।[१] धेरै जसो वैज्ञानिक प्रक्षेपणहरूले दश वर्ष अगाडि संकेत गरेको भन्दा तीव्र गतिमा जलवायु परिवर्तन अगाडि बढिरहेको छ । साथै, चरम मौसमी घटनाहरूले जलवायु-सम्बन्धित विपद्हरू वृद्धि गराउन निरन्तर भूमिका खेल्नेछन् । प्राकृतिक प्रकोपहरूबाट पहिले पहिले कम प्रभावित क्षेत्रहरूले बाढीहरू अथवा खडेरीहरू दैनिक जीवनको भाग हुन पुगेको पाउनेछन् ।

विपद्हरूले अक्सर विकासको प्रगतिलाई उल्ट्याउँछन् । धेरैले २०१५ को सहश्राब्दी विकास लक्ष्य पुरा नहुने अड्कल गरेका छन् किनभने विपद्हरू विभिन्न क्षेत्रहरूमा गरिएका प्रगतिहरूलाई कम गरिरहेका छन् ।[२] यो पनि सत्य हो कि खराब विकास, उदाहरण बाढीका नामूद क्षेत्रहरूमा भवन निर्माणहरूले नयाँ विपद्हरू ल्याउन योगदान गर्छ ।

**जोखिम न्यूनीकरणको औचित्य**

विगतका विपद् व्यवस्थापनले अक्सर जिन्दगी जोगाउने र पीडितहरूलाई पुर्नलाभमा सघाउन प्रतिक्रियात्मक तरिकाहरूको समूह संलग्न हुन्थ्यो । गत दुई दशकहरूमा, राजनितिज्ञहरू र सहयोगकर्ताहरूले धेरै विपद्हरू आउन नदिन सकिन्थ्यो भन्ने स्वीकारेका छन् अथवा तिनलाई कम ध्वंसात्मक बनाउन सकिन्थ्यो, यदि संकटासन्न समुदायहरूले सामना गरिरहेका जोखिमहरू घटाइन्छ भने ।

"हामीले प्राकृतिक प्रकोपहरू रोक्न सक्दैनौं तर हामीले मानिसहरू र उनीहरूका जीविकोपार्जनलाई प्रकोपहरू प्रति कम संकटासन्न बनाउन सक्छौं र त्यो हामीले गर्नपर्छ ।"

बिल क्लिण्टन, भूतपुर्व अमेरिकि राष्ट्रपति

जनवरी २००५ मा शुरुवात गरिएको ह्योगो कार्य योजना (२००५ - २०१५) ले विपद् जोखिम न्यूनीकरण गर्न आवश्यक कामको पाँच क्षेत्रहरूको समूह तयार गरेको छ । (खण्ड २.५)

केही प्रगतिहरू भएतापनि, फ्रेमवर्क कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्तिमा कमी छ । तर फ्रेमवर्कका पाँच खम्बाहरूलाई गम्भीरतापुर्वक लिइएको खण्डमा विपद्को असर उल्लेखनिय रूपमा कम गर्न सकिन्छ भन्ने बढ्दो प्रमाण समुदाय स्तरमा छ ।[३] यसको अलावा जोखिम न्यूनीकरण तरिकाहरूमा तुलनात्मक रूपमा सानो पैसाको लगानिले पछि गएर विपद्-पश्चातको मानवीय सहायता र पुर्ननिर्माणमा ठूलो खर्च जोगाउने आर्थिक प्रमाण पनि छ ।[४]

१ EM-DAT (2009) Natural disaster trends

२ UNDP (2004) Reducing disaster risk: a challenge to development

३ UNISDR (2007) Building Disaster Resilient Communities

४ Cabot Venton C, Siedenburg J (2010) Investing in communities

## PADR पद्धतिको उद्देश्य र प्रयोग

यस किताबको धेरैजसो हिस्सा विपद् जोखिमको सहभागितामुलक लेखाजोखा (Participatory Assesment of Disaster Risk – PADR) भनेर चिनिने औजारको आधारभूत धारणा र व्यवहारिक कार्य व्याख्या गर्न समर्पित गरिएको छ।

यस औजारको उद्देश्य समुदायलाई कुनै पनि सम्भावित विपद्को आकार र स्तरमा योगदान गर्ने त्तत्वहरूको लेखाजोखा गर्न र त्यस्ता त्तत्वहरूलाई सम्बोधन गर्ने र विपद्का जोखिम न्यूनीकरण गर्ने स्थानिय स्वामित्व भएको योजना तयार गर्न सक्षम बनाउनु हो। यो अत्यावश्यक सामुदायिक-सवलिकरण प्रक्रिया हो जसले मानिसहरूलाई कारण र असरको सम्बन्ध बुझ्न र जोखिम कम गराउने उनीहरूका आफ्नै क्षमताहरू महसुस गर्न सघाउँछ। यसले उनीहरूको संकटासन्नतामा योगदान गर्ने सामाजिक, राजनीतिक र आर्थिक संरचनाहरूको पहिचान गर्न र तिनलाई चुनौति दिन पनि सक्षम बनाउँछ।

## PADR का लक्षित प्रयोगकर्ताहरू

बाढीहरू, आँधीहरू अथवा खडेरी जस्ता मौसम-सम्बन्धित प्रकोपहरू बारम्बार अनुभव गर्ने स्थानहरूमा मानवीय अथवा विकासका काममा संलग्नहरूको लागि PADR ले विशेष रुचि जगाउनेछ। दिर्घकालिन खाद्य असुरक्षाबाट प्रभावित क्षेत्रहरूमा काम गरिरहेकाहरूको लागि पनि यो मूल्यवान हुनेछ। किनभने यसलाई भित्रि कारणहरू पत्ता लगाउने तरिकाको रूपमा प्रयोग गर्न सकिन्छ जुन वर्षाको कमी जस्तो सामान्य कारण भन्दा जटिल हुन्छ। जोखिमहरू पहिचान गर्न र विपद्मा योगदान गर्ने संकटासन्नताहरू पुर्ननिर्माण हुनवाट वचाउन यसलाई राहत कार्यकर्ताहरूले पनि विपद् पश्चातका समयमा प्रयोग गर्न सक्छन्।

यो प्रकाशन मध्यम स्तरका व्यवस्थापकहरू र स्थानिय सुपरिबेक्षकहरूतिर लक्षित छ। PADR का धेरै प्रयोगकर्ताहरूमा गैससहरू अथवा चर्चका विकास विभागहरू हुन्छन्। यस पद्धति चर्चहरूका सदस्यहरूसँग सहजै प्रयोग गर्न सकिन्छ जसले उनीहरू आफ्नै र उनीहरूको विस्तारित समुदायको लागि जोखिम न्यूनीकरण योजना विकास गर्न र कार्यान्वयन गर्छन्। अन्य आस्थाका समूहहरूले पनि यस प्रक्रिया प्रयोग गर्न सक्छन्।

विपदजन्य क्षेत्रहरूमा हस्तक्षेपहरूको परिकल्पना गर्ने क्रममा विकास कार्यकर्ताहरूले PADR लाई सहयोगी पाउन सक्छन्। प्रकोपहरूको असर न्यूनीकरण गर्ने गरी परियोजनाहरू परिकल्पनाहरूलाई गर्न यस पद्धतिले व्यवस्थापकहरूलाई सघाउन सक्छ। PADR विकास र मानवीय कार्यकर्ताहरू सामु उपलब्ध धेरै औजारहरू मध्येको एक हो। विपद् जोखिम लेखाजोखासँग सरोकार राख्नेहरू रोकथाम संघबाट संकलन गरिएका थिए र त्यसलाई दिइएको वेबठेगानामा पाउन सकिन्छ : www.preventionweb.net

## जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र वातावरणीय ह्रास

धेरै विपद्हरू मौसम सँग सम्बन्धित छन्। तसर्थ जलवायु परिवर्तनको फलस्वरुप आउन धेरै चरम मौसम सम्बन्धित घटनाहरूले थप विपद्हरू निम्त्याउँछन् र त्यसले प्रभावकारी विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction – DRR) को बृहत्त आवश्यकता  दर्शाउँछ।

खण्ड २.७ ले विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनता (Climate Change Adaptation – CCA) बीचको सम्बन्धलाई विस्तारमा ध्यान दिइएको छ। विपद् जोखिम न्यूनीकरणले तीब्र र सुस्त रूपमा आउने विपद्हरूलाई सम्बोधन गर्छ (यद्यपि यो धेरै जसो आकस्मिक झट्काहरूमा केन्द्रित रहन्छ) भने जलवायु परिवर्तन अनुकूलनता क्रमबद्ध विस्तारमा केन्द्रित रहन्छ। वातावरणीय ह्रास पनि भइरहेको छ। वातावरणीय ह्रास अनुकूलनता (Environmental Degredation Adaptation – EDA) भनिने वातावरणीय ह्रासको कारण भएका परिवर्तनहरूमा अनुकूलनता पनि आवश्यक हुन्छ। जलवायु परिवर्तन, वातावरणीय ह्रास अथवा प्राकृतिक प्रकोपका कुनै प्रकारबाट घटित नोक्सानहरूको बीचको भिन्नता छुट्टयाउनु सँधै सहयोगी अथवा आवश्यक नहुन पनि सक्छ। भविष्यमा बाँच्नको लागि समुदायहरूले यी तिनै वटा अनुकूलन गर्न पर्ने हुन्छ। PADR ले CCA का अभ्यासकर्ताहरूलाई र वातावरणीय मुद्दाहरूमा कार्यरतहरूलाई समुदायको तहमा परिवर्तनशिल जोखिमका त्तत्वहरू पहिल्याउन पनि सहयोग गर्छ।

# १ विपद् बारे खीष्टियान दृष्टिकोण

टीयरफण्ड विश्वासमा आधारित एउटा संस्था हो जो खीष्टियान समूहहरू भएको ठाउँमा स्थानीय खीष्टियानहरूको बीचमा र तिनीहरूद्वारा काम गर्न समर्पित छ। धेरैजसो घटनाहरूमा, यी समूहहरू ठूलो समुदायहरू बीच भएका मण्डलीहरू हुन् जो आफै पनि विपद्को खतरामा हुन्छन्। अरु बाहिरी संस्थाहरू जस्तो नभएर, मण्डली चाहिँ प्रकोपको आक्रमण हुँदा प्रभावित भएको समुदायको एउटा भाग हुन्छ, र विपद्को सामना र त्यसबाट पुर्नस्थापन गर्नको लागि तत्काल समुदायलाई सहायता गर्छ। लामो समयसम्म समुदायमै रहेको कारणले गर्दा समुदायमा हुन आउने विपद्को लागि तयारीको लेखाजोखा गर्ने वा प्रकोपको असर कम गर्ने कुरामा पनि संलग्न हुने मौका हुन्छ। टीयरफण्डले आफ्ना साझेदार संस्थाहरूसँग मिलेर स्थानीय मण्डलीहरूको क्षमता अभिवृद्धि गर्ने, र विपद् सम्भावित क्षेत्रहरूमा तिनीहरूलाई झन् बढी प्रभावकारी बनाउने काम गर्दछ।

धेरै पाठकहरूले यस विषयलाई खीष्टियान दृष्टिकोणबाट हेर्ने भएकोले यस खण्डले यो विषय उठाउँछ कि विपद्को बारेमा बाइबलले के भन्छ र विशेषगरी विपद्को समयमा खीष्टियानहरूले कसरी प्रतिक्रिया दिन सक्छन्। यो खण्ड विपद्को बारेमा ईश्वरशास्त्रीय अध्ययन गर्नको लागि होइन, किनकि विद्वानहरूले यसबारे भिन्न-भिन्नै धारणा राख्छन् (र कहिलेकाहीँ जटिल पनि)। यो खण्ड यस विषयको परिचय दिन र यसबारे अझ बढी सोच्नको निम्ति दिइएको हो।

## १.१ विपद्लाई बुझ्नु

बाइबलमा धेरै प्रकारका विपद्हरूबारे उल्लेख गरिएको छ। कहिलेकाहीँ यो किन भयो भन्ने बारे त्यसको व्याख्या दिइएको हुन्छ, तर अरु बेलामा दिइएको हुँदैन। यस खण्डमा, हामी बाइबलका केही उदाहरणहरूलाई हेर्नेछौं जसमा विपद्बारे उल्लेख गरिएका छन्।

**विपद्: टुटेको सम्बन्धको परिणामस्वरूप**

बाइबलमा उल्लेख गरिएका धेरै विपद्हरू कुनै विशेष कारणवश भएको भनी हामी देख्दैनौं। बरु ती विपद्हरू यस संसारमा भएका भौगोलिक फ्रेमवर्क, मौसम र प्राकृतिक शक्तिले गर्दा हुन्छ, यद्यपि यो पुरानो करारको समयभन्दा अहिले केही परिवर्तन भएको हुनसक्छ।

उत्पति १ अध्यायमा हामी देख्छौं कि परमेश्वरले असल संसारको सृष्टि गर्नुभयो, तर मानवीय अनाज्ञाकारिताले गर्दा यो पहिलाकै सिद्ध अवस्थामा रहन सकेन। उत्पति ३ अध्यायमा हामी देख्छौं कि त्यस समयका मानिसहरूले आफ्नो ढाँड परमेश्वरतिर फर्काए र आफ्नै प्रकारले जिउने निर्णय गरे। मानिस र परमेश्वर बीच, मानिस-मानिस बीच र मानिस र अरु सृष्टि बीचका सबै सम्बन्धहरू टुक्रिए।

विपद्हरू प्रायजसो मानवीय व्यवहारले गर्दा झन् विकराल हुन जान्छ। मानिसहरू आफ्नै र अरुहरूको व्यवहारले गर्दा झन् बढी संकटासन्न अवस्थामा पुगेका छन्: जस्तै असमानता, अन्याय, स्वार्थपना र लोभहरूले मानिसहरूको दुःखलाई बढाउँछ, जो प्राकृतिक घटनाहरूको परिणामस्वरूप हुन जान्छ।

अरु मानिसहरूजस्तै खीष्टियानहरू पनि विपद्बाट उत्तिक्कै प्रभावित हुन सक्छन्। खीष्टियानहरू पनि बिरामी हुन्छन् र मर्छन्, तिनीहरू लुटिन र बलात्कारमा पर्न सक्छन्, तिनीहरू दुर्घटनामा पर्छन् र प्राकृतिक प्रकोपबाट तिनीहरूको आफ्नै वा आफ्ना प्रियहरूको ज्यान जान सक्छ। खीष्टियानहरूको आशा स्वर्गको राज्य हो, जहाँ कुनै पनि मृत्यु वा दुःख हुनेछैन, तर त्यो दिन नआउञ्जेलसम्म तिनीहरू यही संसारमा जिउँछन् र अरु सृष्टिहरूसँग तिनीहरू पनि मानवीय अनाज्ञाकारिताको परिणामस्वरूप दुःख उठाउँछन्। यसको अर्थ, दुःखलाई इन्कार

गर्न नसकिने निष्क्रिय स्वीकृतिको रूपमा लिनु चाहिँ होइन । ख्रीष्टियानहरूले विपद्लाई निम्त्याउने खालका कुराहरूलाई घटाउनको लागि सृष्टिप्रति बढी जिम्मेवार हुन र अन्याय र असामानताको कुराहरूमा परिवर्तन गर्नको आवाज उठाउन सक्छन् र उठाउनु पनि पर्छ ।

**विशेष कारणले भएका विपद्हरू**

बाइबलले विशेष कारणले गर्दा हुने विपद्का उदाहरणहरू दिन्छ जसमा समयकाल, स्थान र प्राकृतिक घटनाहरूको तिव्रता दैविक रूपमा नियंत्रित हुन्छन् । उदाहरणको लागि, उत्पति ६-८ मा भएको बाढी चाहिँ मानिसहरूले जानी बुझीकन र निरन्तर रूपमा परमेश्वरको नैतिक आचार संहितालाई उलंघन गरेका कारणले सम्पूर्ण मानव जातिमाथि आएको परमेश्वरको न्याय वा दण्ड हो । बाढीपछि परमेश्वरले प्रतिज्ञा गर्नुभयो कि सम्पूर्ण सृष्टिमा अब कहिल्यै पनि उहाँले यस्तो खालको विपद् ल्याउनु हुनेछैन । यसको अर्थ यो होइन कि प्राकृतिक विपद् नै आउँदैन, तर यसले यो देखाउँछ कि तिनीहरूको असर सीमित रूपमा हुन्छ ।

व्यवस्था २८:१५-६८, यो खण्ड परमेश्वरका मानिसहरू निरन्तर रूपमा अनाज्ञाकारी भइ रहन्छन भने विपद्रूपी परिणाम हुनसक्ने चेतावनीको एउटा उदाहरण हो । यदि तिनीहरू अझै पनि परमेश्वरदेखि टाढा गए भने इस्राएलमाथि खडेरी, रोग-बिरामी, धुले आँधी र सैनिक आक्रमण आइपर्नेछ । योनाको पुस्तकमा हामी पढ्छौं कि परमेश्वरले निनवे शहरलाई नष्ट गर्नुभएन, किनकि योनाको अगमवाणी सुनेपछि त्यहाँका मानिसहरूले पश्चाताप गरे र खराब कामहरू त्यागे ।

बाइबलले बताउँछ कि येशू यस पृथ्वीमा फेरि नआउञ्जेल विपद्हरू आइ नै रहन्छन्, येशूको आगमनले मानिस, परमेश्वर र वातावरणको लागि पुर्नस्थापन लिएर आउनेछ । मत्ती २४:४-८ (हेर्नुहोस् मर्कूस १३:५-८, लूका २१:८-११) मा येशूले भन्नुहुन्छ कि अनिकाल, भूकम्प र लडाईले उहाँको पहिलो र दोस्रो आगमन बीचको समयलाई दर्शाउनेछ ।

## १.२ विपद्मा मानवीय असर

यद्यपि हामी विपद्लाई व्याख्या गर्न प्रायजसो “प्राकृतिक” भन्ने शब्द प्रयोग गर्छौं, तरै पनि यस्तो हुनमा धेरै खालका मानवीय योगदानहरू पनि हुन्छन् । उदाहरणको लागि, बाढी एउटा प्राकृतिक घटनाको रूपमा देखिन सक्छ, तर माथिल्लो मुहानको क्षेत्रमा वन फडानीद्वारा यसको तिव्रता बढ्न सक्छ । यो संसार एउटा यस्तो ठाउँको रूपमा सृष्टि गरिएको थियो जहाँ मानिसहरू पृथ्वीसँग सन्तुलित रूपमा बसोबास गर्न सकून्, तर यसका प्राकृतिक श्रोतहरूलाई गैर जिम्मेवारीपूर्ण रूपले बिगार्ने कामले यस सन्तुलनलाई उलट-पुलट र प्राकृतिक प्रणालीलाई गडबड गर्न सक्छ ।

माथि उल्लेख गरिएझैं, हाम्रो समाजमा भएको अन्यायको अर्थ चाहिँ यो हो कि त्यही प्रकोपबाट धनी मानिसहरूभन्दा गरिब मानिसहरू बढी प्रभावित हुन्छन् वा दुःख उठाउँछन् । उदाहरणको लागि, सानो ठूलो भनी वर्गीकृत गरिएको देशहरूमा जग्गा-जमिन भएको धनी मानिसहरूले बाढी आएको बेलामा गरिबहरूलाई उच्च स्थानहरूमा जानबाट रोक्न सक्छन् । धनी मानिसहरू आफैलाई प्रकोपबाट बचाउन बढी सक्षम हुन्छन् र त्यसको सामना गर्न तिनीहरूसँग धेरै तरिकाहरू हुन्छन् जसले गर्दा चाँडै फेरि पहिलाको स्थितिमा आउन सक्छन् । यसको विपरीत, गरिब मानिसहरूसँग थोरै श्रोत हुन्छ र त्यसैले प्रतिरोध क्षमता पनि कम हुन्छ ।

पुरानो करारमा रूथको कथामा एउटा यस्तो उदाहरण छ जहाँ धनी मानिस, बोअज आफू लोभी वा स्वार्थी नभइ आफ्नो खेतबाट समुदायमा भएका गरिबहरूको लागि जुटाउने काम गर्छ । खेतालाहरूले कटनी गरिसकेपछि उनीहरूले रूथ लगायत जमिन नभएका अरु मानिसहरूलाई छुटेको जौको बालाहरू बटुल्न लगाउँछन् (रूथ २:२-१८) । त्यो समयमा यो अभ्यास सामान्य थियो, यो सुनिश्चित गर्नको लागि कि जमिन नभएकाहरूसँग पनि फसल बटुल्नको निम्ति केही रहोस्, ताकि तिनीहरूसँग खानको लागि भोजन हुन सकोस् (लेवी १९:९-१०)।

## १.३ ख्रीष्टियानहरू सृष्टिमा परमेश्वरको भण्डारे

उत्पतिको पुस्तकमा हामी पढ्छौं कि परमेश्वरले मानिसलाई सृष्टिमाथि शासन गर्ने काम दिनुहुन्छ (उत्पति १:२८-३०) र पछि आदमलाई अदनको बगैंचामा राखेर त्यसको रेखदेख गर्न भन्नुहुन्छ (उत्पति २:१५) । परमेश्वरले हामीलाई दिनुभएको सृष्टिप्रति हामी जिम्मेवार छौं, त्यसैले हामीले यसलाई खेर फाल्नु हुँदैन र यसलाई नाश हुनेगरी बिगार्नु हुँदैन । पुरानो करारमा, भूमिको देखरेख गर्नको लागि मानिसहरूलाई परमेश्वरले निर्देशन दिनुहुन्छ । उदाहरणको लागि, हरेक सात वर्षमा भूमिमा केही पनि नरोप्नु (लेवी २५:३-५), जसले गर्दा यसको उत्पादन शक्ति लामो समयसम्म रहन सक्थ्यो । तर दुःखलाग्दो कुरा, मानवीय लोभ र स्वार्थको अर्थ यो हो कि हामी सृष्टिको रेखदेख गर्नुभन्दा पनि आफ्नै सम्पति कसरी बढाउने भन्नेतिर लाग्छौं ।

आफ्नो छिमेकीलाई प्रेम गर्नुमा सृष्टिको रेखदेख गर्नु पनि पर्छ, किनकि पृथ्वीको प्राकृतिक श्रोतहरूलाई गैर जिम्मेवारीपूर्ण प्रकारले बिगार्दा धेरैजसो यसको नराम्रो परिणाम हाम्रो गरिबभन्दा गरिब छिमेकीहरूमाथि पर्न जान्छ । उदाहरणको लागि, औद्योगीकृत देशहरूले प्रदूषण फैलाएको कारणले गर्दा पृथ्वीको जलवायुमा परिवर्तन आइरहेको छ-- यस्तो परिवर्तन जसले गरिबीको स्तर बढी भएको देशहरूमा झन् बढी असर पारेको छ । किनकि यसले गर्दा मौसमको अनुमान लगाउन नसक्ने हुँदै गएको छ, र वर्षा पनि भरपर्दो नभएकाले किसानहरूको लागि खेती गर्नु वा फसल उत्पादन गर्नु एकदमै गाह्रो भएको छ । खीष्यिानहरूले आफ्नो जीवनलाई जाँच्नु पर्ने र अरुप्रति हुनसक्ने नकारात्मक असरलाई कम गर्ने कर्तव्य हो ।

## १.४ विपद्‌मा ख्रीष्टियानहरूको प्रतिकार्य

जब विपद् आउँछ, तब त्यसलाई परमेश्वरको दृष्टिकोणबाट हेर्न गाह्रो हुन्छ । विपद् किन आयो भन्ने कुरा पत्ता लगाउन हामी सक्षम नहुन सक्छौं, तर सँधै नै प्रेम र दयामा त्यसको प्रतिक्रिया दिन तयार रहनुपर्छ । उदाहरणको लागि, हामीलेः

- भरोसा राख्नुपर्छ कि परमेश्वर अझै पनि प्रेम र दयाको परमेश्वर हुनुहुन्छ, उहाँ विपद् पीडितहरूप्रति दुःखित हुनुहुन्छ र खराब परिस्थितिबाट असल गर्न सक्ने क्षमता उहाँमा छ । विपद्प्रति हाम्रो प्रवृत्तिले हाम्रो हामी बाँच्ने कुरा प्रभावित गर्ने गर्छ (हेर्नुहोस् बाइबल अध्ययन १)।
- परमेश्वरले हामीलाई दिनुभएको दान-वरदान र प्रतिभाहरूलाई प्रयोग गरी विपद्‌बाट प्रभावित मानिसहरू पत्ता लगाउनुहोस् (हेर्नुहोस् बाइबल अध्ययनहरू २, ३ र ६)।
- भविष्यमा हुने अनावश्यक दुःख कम गर्ने खालको मौकाहरू बढाउनुहोस् । प्रकोपलाई रोक्न कै लागि हामीले त्यति धेरै केही गर्न सक्दैनौ, तर यसको सामना गर्नको लागि हामीले मानिसहरूलाई तयारी र तिनीहरूको क्षमता अभिवृद्धि गर्न सक्छौं (हेर्नुहोस् बाइबल अध्ययन ५) । यसमा असमान वा टुटेको सम्बन्धलाई चुनौती दिने र दया, समानता र न्यायको लागि बाइबलीय मूल्य र मान्यताहरू उठाउने कुरा समावेश हुनसक्छ ।
- आफैलाई हेरौं र परमेश्वर र वातावरणसँग हाम्रो सम्बन्धको जाँच गरौं । हामीले ध्यानपूर्वक यो कुरालाई हेर्नुपर्छ कि हामी व्यक्तिगत रूपमा, हाम्रो मण्डलीको वा देशले कुनै प्रकारले विपद् हुनमा योगदान गरेको छ कि ? उदाहरणको लागि, वातावरणीय क्षति गरेर (हेर्नुहोस् खण्ड १३), र भविष्यमा यस्ता गल्तिहरू दोहोऱ्याउनबाट बचौं ।

विपद्‌को समयमा दया देखाउन र व्यवहारिक सहायता गर्नको लागि र प्रकोपबाट मानिसहरूलाई भएको संकटासन्नता न्यून गर्ने काम गर्न मण्डली एकदमै ठीक ठाउँमा अवस्थित छ । यो यसकारणले हो कि मण्डली जनसाधारणको बीचमा छ र यसका सदस्यहरूसँग वृहत् रूपमा शीप र श्रोतहरू छन् । खीष्टियान राहत संस्थाहरू स्थानीय मण्डलीहरूसँग मिलेर काम गर्नुपर्छ, किनकि राहत दिने संस्था गएपछि पनि स्थानीय मण्डलीले त्यो कामलाई निरन्तरता दिन सक्छ ।[५]

५ (क्रूक बी. मौराडियन जे. (२०११) विपद् र स्थानीय मण्डली, बुल्मर ए, ह्यान्सफोर्ड आर (२००९) स्थानीय मण्डली र विपद्‌मा यसको कार्य)

## बाइबल अध्ययन १

### विपद्मा पनि आनन्द

धेरै प्रकारका "प्राकृतिक" भनिने प्रकोपहरूलाई हामीले नियंत्रण गर्न सक्दैनौं होला, तर ती घटनाहरूप्रति हाम्रो प्रतिकार्यलाई हामी नियंत्रण गर्न सक्छौं। हबक्कूक १ र २ ले यहूदाको भविष्यबारे अगमवक्ता र परमेश्वर बीच भएको वार्तालापको बारेमा बताउँछ।

- हबक्कूक ३:१-२ पढ्नुहोस्
  - परमेश्वरको चरित्रको बारेमा हामी के सिक्छौं ?
  - हामीले गाह्रो अवस्थामा कसरी प्रार्थना गर्ने हो भन्ने कुराको लागि यसले के जानकारी दिन्छ ?
- हबक्कूक ३:१६-१८ पढ्नुहोस्
  - विपद्को सामना गर्न हबक्कूकको प्रतिक्रिया कस्तो छ ?
  - किन हबक्कूक डराएको छ ?
  - तैपनि किन ऊ धैर्यपूर्वक प्रतिक्षा गर्छ ?
  - प्रभुमा आनन्द गर्नुको अर्थ के हो ? यसको र ३-१५ पदसम्म प्रकट गरिएको परमेश्वरको शक्ति बीच के सम्बन्ध छ ?
  - हामी कसरी गाह्रो समयमा हबक्कूकको सकारात्मक दृष्टिकोणलाई कसरी हेर्न सक्छौं ?
  - यस खण्डबाट हामी के सिक्न सक्छौं ?
  - के हामी प्रभुमा आनन्द गर्नु र गाह्रो अवस्थामा पनि उहाँमा भर पर्ने कुरालाई सजिलो मान्छौं ? त्यसो गर्नको लागि हामी कसरी एक-अर्कालाई उत्साह दिन सक्छौं ?

## बाइबल अध्ययन २

### हाम्रो समुदायको सेवा गर्नु

- ख्रीष्टियानहरू आफ्नो वरिपरिका मानिसहरूको सेवा गर्न र तिनीहरूलाई आशिष दिनको लागि परमेश्वरबाट बोलाइएका हुन्। बाइबलका निम्न खण्डहरू हेर्नुहोस्:

  मर्कूस ६:३५-४४ प्रेरित २:४२-४७

  लूका १०:२५-३८ याकूब २:१४-१७

  यूहन्ना १३:१-१७१ यूहन्ना ३:१६-१८

- ख्रीष्टियानहरू आफ्नो समुदायमा के-के गर्नको लागि बोलाइएका हुन् ?
- किन तिनीहरू यी कुराहरू गर्नका लागि बोलाइएका हुन् ?

ख्रीष्टियानहरू आफ्नो वरिपरिका मानिसहरूको सेवा गर्न र तिनीहरूलाई आशिष दिनको लागि परमेश्वरबाट बोलाइएका हुन्। बाइबलका निम्न खण्डहरू हेर्नुहोस्:

मर्कूस ६:३५-४४ प्रेरित २:४२-४७

उत्पति २:१५, प्रस्थान २३:१०-११ र भजनसंग्रह २४:१।

- मर्कूस १२:२८-३१, १ यूहन्ना ४:१०-२१ र मत्ती ५:४३-४५
  - कसरी आवश्यकतामा परेका मानिसहरूलाई सहायता गर्नको लागि ख्रीष्टियान प्रेरणाले संसारका अरु परोपकारी संस्थाहरूले दिने प्रेरणाभन्दा फरक छ ?

## बाइबल अध्ययन ३

### एन्टिओखियाको मण्डलीले काम गर्छन्

- प्रेरित ११:२७-३० पढ्नुहोस्। अगमवाणीद्वारा आउनै लागेको अनिकालको बारेमा घोषणा गरिएको थियो र एन्टिओखियाको मण्डलीले यहूदियामा भएको ख्रीष्टियानहरूलाई सहायता गर्ने निर्णय गरे।
  - अनिकालमा मण्डलीले कसरी प्रतिक्रिया देखाए ?
  - एन्टिओखियाको मण्डलीले अनिकालको समयमा दिएको राहतको उदाहरणबाट हामी के सिक्न सक्छौं ?
  - भविष्यमा आउने विपद्को लागि तयारी गर्नको लागि यहाँबाट हामी केही सिक्न सक्छौं ?

**बाइबल अध्ययन ४**

## न्याय र कृपाको परमेश्वर

- मीका ६:१-८ पढ्नुहोस् । यहाँ लेखकले अनुमान लगाउँछन् कि परमेश्वरले होमबलि र बलिदानहरू मन पराउनुहुन्छ र त्यसको बारेमा विचार गर्नुहुन्छ। यसको उत्तर एकदमै सरल र स्पष्ट छ, यो कि परमेश्वरको माग चाहिँ यीमध्ये कुनै पनि होइन। बलिदानको सट्टा, परमेश्वर चाहनुहुन्छ कि उहाँका मानिसहरू न्याय, कृपा र नम्रतामा व्यवहार गरून्। ८ पदले भन्दछः

मानिस, जे असल छ, त्यो उहाँले तँलाई देखाउनुभएको छ । र परमप्रभुले तँबाट के चाहनुहुन्छ ? केवल यति, ठीकसित काम गर्नु र कृपालाई प्रेम गर्नु र तेरा परमेश्वरसित विनम्र भएर हिँड्नु।

यस पदले हामीलाई प्रेरणा दिन्छ कि विपद् भएपछि हामीले दया देखाउनुपर्छ। र न्यायलाई अपनाएर विपद् रोक्नको लागि हामीले केही प्रयास गर्नुपर्छ।

प्रायजसो लोभ, असमानता र बिगार्ने कामले गर्दा विपद्हरू झन् भयानक हुँदै जान्छ। ख्रीष्टियानहरूले मानिसहरूलाई अन्यायपूर्ण सम्बन्धहरूको लागि चुनौती दिन र मानिसहरूलाई प्रकोपप्रति कम संकटासन्न हुनको लागि वकालत गर्ने खालका परियोजनाहरू शुरु गर्न सक्छन्

**प्रश्नहरू**

- तपाईंको क्षेत्रमा विपद्को समयमा अन्यायका कुन-कुन विषयले यो मानिसहरूको दुःखमा योगदान पुऱ्याउँछ वा झन् थप्ने काम गर्छ ?
- झन् ठूलो न्याय ल्याउनको लागि के-कस्ता वकालतका पहलहरू गर्न सकिन्छ ?
- दुःख पाउनेहरूलाई दया देखाउनको लागि परमेश्वरले हामीलाई बोलाउनुहुन्छ । हामी मानिसहरूप्रति कृपालु हुनुपर्छ चाहे तिनीहरू जुनसुकै जाति, धर्म, लिङ्ग, उमेर वा क्षमताबाट किन नहोस्। यो बुझेर कि परमेश्वरको लागि सबै मानिसहरू मूल्यवान छन्।

**बाइबल अध्ययन ५**

## नोआ– तयारीपनका पाठहरू

- उत्पति ६:५-८:२२ । हामी बाइबल र अरु धार्मिक र सांस्कृतिक परम्पराहरूमा ठूलो बाढीको कथा पाउँछौं । उत्पतिको पुस्तक अनुसार, ४० दिनसम्मको वर्षाले ७ मिटरसम्म गहिरो पानी भएको बाढी आयो । त्यो बाढी १५० दिनसम्म रहि रह्यो । सबै मानिसहरू र जनावरहरू विनाश भए, मात्र नोआसँग जहाजमा भएकाहरू मात्र बाँचे।
- उत्पति ६:५-७ पढ्नुहोस्। बाइबलले यस बाढीलाई खराब मानवीय व्यवहारप्रति परमेश्वरको दण्डको बारेमा वर्णन गर्छ।
  - के आज पनि विपद्प्रति यो धारणा राख्छन् ?
  - बाइबलका अरु शिक्षाहरूलाई हेर्दा, यस धारणालाई साबित गर्ने कुनै कुरा छ ?
- उत्पति ६:११-१७ पढ्नुहोस् । परमेश्वरले नोआलाई चेतावनी दिनुभएको थियो कि बाढी आउन लागेको छ। परमेश्वरले नोआलाई एउटा ठूलो पानी नपस्ने जहाज बनाउन पनि आज्ञा दिनुभयो।
  - विपद् आउँदैछ भनी हामीले के-कस्ता चेतावनीहरू पाउँछौं ?
  - विपद्को अनुमान लगाउन मानिसहरूले के-कस्ता पारम्परिक ज्ञान वा चिन्हहरू प्रयोग गर्छन् ?



- उत्पति ६:१८-२२ र ७:१-४ पढ्नुहोस् । परमेश्वरले नोआलाई चराहरू, जनावरहरू र तिनीहरूको लागि भोजनको बारेमा अरु निर्देशनहरू दिनुभयो।
  - बाढी गइसकेपछिको समयको लागि यसले कसरी तयारी गऱ्यो ?
  - विपद्को समयमा सुरक्षित रहनको लागि हामीलाई नभइ नहुने चीजहरू के-के हुन् ?
- उत्पति ८:३-५ र ८:१३-१९ सम्म पढ्नुहोस्। जब बाढीको पानीको सतह तल गयो, तब जहाज एउटा पहाडमा गएर अड्कियो र नोआ र उनको परिवारले उच्च स्थानमा नयाँ जीवनको शुरुवात गर्न सके।
  - विपद् आएपछि नयाँ प्रकारले र कम जोखिमपूर्ण जीवन शुरुवात गर्न के-के मौकाहरू आउँछन् ?

**बाइबल अध्ययन ६**

## योसेफ– ठीक ठाउँमा भएको ठीक व्यक्ति

प्राचीन समयको मिश्रमा, परमेश्वरले राजालाई भविष्यको बारेमा एउटा सपना दिनुभयो । योसेफ, जेलमा भएको एक जना हिब्रू थियो, उसलाई त्यस सपनाको अर्थ खोलिदिनको लागि बोलाइयो । उसले व्याख्या गर्‍यो कि सातवर्षसम्म सहकालको समय हुनेछ र त्यसपछि सातवर्षसम्म अनिकाल पर्नेछ । परमेश्वरले योसेफलाई दिनुभएको बुद्धिबाट प्रभावित भए र मिश्र देशलाई भोकमरीबाट बचाउनका लागि उनलाई नै मिश्रको प्रधानमन्त्री बनाए ।

■ उत्पति ४१ः३३-३६ र ४६-४८ सम्म पढ्नुहोस् । योसेफले सातवर्षको अनिकालको समयकालमा बाँच्नका लागि एउटा रणनीति बनाए ।

- अनिकालबाट बाँच्नको लागि उनले बनाएको योजनाका मुख्य-मुख्य कुरा के-के थियो ?
- आज मानिसहरू खडेरीको लागि के-कस्ता तयारीहरू गर्न सक्छन् ?

■ उत्पति ३९ः२-६ र २१-२३ पढ्नुहोस् । योसेफले आफ्नो प्रारम्भिक जीवनमा असल चरित्र देखाएका थिए, जब उनी पोतिफरको घरको अधिकृत थिए र उनलाई अन्याय गरेर जेलमा हालिदिएका थिए ।

- योसेफमा यस्ता के-के गुणहरू थिए जसले गर्दा उनलाई देशलाई अनिकालबाट बचाउने कार्यक्रमको मुख्य व्यक्ति बनाए ?
- आज विपद्को समयमा के कुराले असल अगुवा बनाउँछ ?

■ उत्पति ५०ः१९-२१ पढ्नुहोस् । अनिकालले तिनीहरूको ठाउँलाई प्रभावित गरेपछि योसेफको ठूलो परिवार मिश्र देशमा आए ।

- कसरी परमेश्वरले आफ्नो ठूलो योजना पूरा गर्नको लागि योसेफलाई प्रयोग गर्नुभयो ?

**चिंतन**

विपद्ले प्रायजसो परमेश्वर र जीवनको अर्थको बारेमा प्रश्नहरू उठाउँछ । मानिसहरूले यस्ता प्रश्नहरू सोध्ने गर्छन् "यस्तो किन भयो," "के परमेश्वरले हामीलाई दण्ड दिइरहनुभएको छ ?", "के परमेश्वर प्रेमी परमेश्वर हुनुहुन्छ ?" र "परमेश्वरले कसरी हामीलाई यस दुःखबाट बचाउन सक्नुहुन्छ ?"

प्रायजसो परमेश्वरले यस्ता घटनाहरूद्वारा मानिसहरूको हृदय, मन र जीवन परिवर्तन गर्नुहुनछ । यी घटनाहरू ख्रीष्टियानहरूका लागि एउटा मौका पनि हो जहाँ तिनीहरूले आत्मिक, समाजिक, मनोवैज्ञानिक र शारीरिक सहयोग पुर्‍याएर परमेश्वरको प्रेम देखाउन सक्छन् (यूहन्ना ९ः१-५ र ३५-३८)॥

■ हामीले काम गरे अनुसार के विपद् परिवर्तन हुनु पर्छ ? किन ?

■ मानिसहरूको संकटासन्न अवस्थाको फाइदा उठाउनबाट बच्नको लागि हामीले के गर्नुपर्छ ?

■ हामीले राहत वितरण गर्ने समयमा हामी ख्रीष्टियान हौं भन्ने कुरा लुकाउनुपर्छ ?

**सबैका लागि राहत**

रेडक्रस आचार-संहिता[६] ले भन्छ कि कसैको पनि जाति परिचय, राजनैतिक वा धार्मिक दृष्टिकोण नहेरी आवश्यकता अनुसार राहत प्रत्येक मानिसहरूलाई पुर्‍याउनुपर्छ ।

■ कसरी ख्रीष्टियान संस्थाहरू र मण्डलीहरूले यो संहिता मान्न सक्छन्, जसमा स्वभाविक रूपमा नै सँगी विश्वासीहरूलाई राहत दिने कुरालाई प्राथमिकता दिने प्रवृत्ति हुन्छ ? (मत्ती ५ः४३-४८, रोमी १२ः२०, गलाती ६ः१०) ।

■ के यो ख्रीष्टियान प्रयासमा अनुरूप छ ?

धार्मिक, सामाजिक वा जातिय बन्धनहरूबाट बाहिर निस्केर थोरै श्रोतहरू पनि बाँडचुड गर्दा विभिन्न समूहहरू बीचको सम्बन्ध धेरै राम्रो हुनसक्छ । दयाको कामलाई बिरलै बिर्सिन्छन् ।

६ पूरा शिर्षकः अन्तर्राष्ट्रिय रेडक्रस र रेड क्रिसेन्ट मूभमेन्ट र विपद् राहतमा लागेका एनजीओका लागि आचार-संहिता

# २ जोखिम न्यूनीकरणको बुझाई - सिद्धान्त

समुदायमा आधारित प्रभावकारी विपद् व्यवस्थापन योजना विकसित गर्नुभन्दा पहिला हामीले यस पद्धतिको पछाडि रहेको शब्दावली र कल्पना गरिएको नमूना बुझ्न आवश्यक हुन्छ। यस किताबमा धेरै शब्दावलीहरू प्रयोग गरिएका छन् र हरेकको विपद् जोखिम न्यूनीकरणमा आफ्नै अर्थ छन। जोखिम न्यूनीकरणका व्यवहारिक तरिकाहरू तब मात्र विकास गर्न सकिन्छ जब यस्ता जोखिमहरूका कारणहरू बुझिन्छ। यस खण्डले निम्न विषयहरूको परिचय दिनेछ :

- शब्दहरू र परिभाषाहरू
- विपद्को क्रन्च मोडेल (Chrunch Model)
- रिलिज मोडेल (Release Model)
- हिगो फ्रेमवर्क (Hyogo Framework)
- विपद् र विकास
- विपद् जोखिम, जलवायु परिवर्तन र वातावरणीय ह्रास

## २.१ शब्दहरू र परिभाषाहरू

**क्षमताहरू** उलपब्ध श्रोतहरू (व्यक्तिहरू, घरहरू र समुदायहरूमा भएको) जसले प्रकोपका घटनाहरूप्रति पूर्व तयारी हुने, सामना गर्ने र पुर्नलाभ गर्ने क्षमतामा वृद्धि गराउँछ।

**जलवायु परिवर्तन अनुकूलनता (CCA)** जलवायु परिवर्तन अनुकूलनता विपद् जोखिम न्यूनीकरणसँग धेरै हदसम्म मिल्दोजुल्दो छ र मौसम सम्बन्धी प्रकोपहरू (जलवायु परिवर्तनले अझ खराब बनाउने) प्रति उत्थानशीलता वृद्धि गराउने कार्यहरू समेटिएको हुन्छ।

**विपद्** संकटासन्न समुदायमा प्रकोपको असरको परिणाम हो जसले जीवन, पूँजी र जीविकोपार्जनलाई क्षति पुऱ्याउँछ र समुदायको सामना गर्न सक्ने क्षमतालाई एक किसिमले उछिन्छ।

**विपद् जोखिम न्यूनीकरण** विपद्बाट हुने क्षतीलाई घटाउन अपनाइने विधीहरू जसले गर्दा प्रकोपप्रतिको अनावृत हुने सम्भावना र संकटासन्नता घटाउछ र क्षमता बढाउछ।

**आकस्मिक प्रतिकार्य** विपद् लगतै पछी कार्यान्वयन गरीने क्रियाकलाप जुन जीवन वचाउन दुःख घटाउन, पुर्नलाभमा तीव्र वृद्धि गराउन र समुदायमा अन्य क्षमता वृद्धि गराउने उद्देश्यले गरिन्छ।

**प्रकोप** चरम स्थिति अथवा घटना जसमा जीवनलाई वाधा पुऱ्याउने, पूँजी र वातावरणमा क्षति पुऱ्याउने सामर्थ्य हुन्छ।

**अल्पीकरण** मानिस, पूँजी र वातावरणमा प्रकोपको प्रतिकूल असर पार्ने प्रकोप घटाउने तर्फ लक्षित तरिकाहरू

**तयारी** समुदायका् प्रकोप सम्बन्धी पूर्वअनुमानको लागी तयार हुने, प्रतिकार्य गर्ने र प्रकोपबाट पुर्नलाभ गर्ने क्षमता बढाउने क्रियाकलापहरू

**पुर्नस्थापना** विपद्बाट क्षतिग्रस्त घरहरू, जीविकोपार्जन र सामाजिक संरचनाहरू त्यस तवरले पूर्ननिर्माण गर्ने जसले भविष्यमा उही प्रकारका प्रकोप आएमा थेग्न सकुन।

**जोखिम** भविष्यमा हुन सक्ने नकारात्मक घटनाको सम्भावना जसले मानिसमा दुःख, हानि र भौतीक संरचनामा क्षति पुऱ्याउन सक्छ।

**संकटासन्नता** परिस्थिति वा परिस्थितिहरूको समूह जसले मानिसहरूको प्रकोपको लागि पूर्व तयारी, सहन शक्ती वा प्रतिकार्यको क्षमतालाई घटाउँछ।

## २.२ विपद् चक्र

विपद् चक्र व्यापक रूपमा प्रयोग गरिएको नमूना हो जसले प्राकृतिक अथवा मानव-निर्मित प्रकोप पश्चात गरिएका क्रियाकलापहरूको क्रमवद्ध श्रेणीलाई दर्शाउँछ। यसले पहिचान गरेको छ कि विपद् एकै स्थानमा सम्भवतः केही हप्ता अथवा ५० देखि १०० वर्षको अवधीमा फेरी फर्कन सम्भावना हुन्छ जुन प्रकृतिमा निर्भर हुन्छ। जलवायु परिवर्तनको बढोत्तरीसँगै मौसमसँग सम्बन्धित निश्चित प्रकारका विपद्हरू विगतका दिनमा भन्दा बढी छिटो र तिब्र रूपमा हुने सम्भावना छ। ।

सर्वाधिक सहजरूपमा यो चक्रलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :




**आकस्मिक प्रतिकार्य चरण–** यसमा प्रभावितहरूको जीवन रक्षा गर्न र जोगाउन गरिने क्रियाकलापहरूको परिकल्पना गरिएको छ। उदाहरणको लागि : खोजी र उद्धार कार्य, स्वास्थ्य सेवा, अस्थायी आश्रयस्थल, आकस्मिक खाद्य वस्तु। द्रुत रूपमा आउने (Rapid-onset disaster)गामी विपद् पश्चात पहिलो ४८ घण्टाहरूमा आवश्यकताहरू विशेषगरी कम हुन्छन्। यस अवधिमा आवश्यक सहयोग गर्न नसकेका धेरै प्रभावित व्यक्तिहरू मर्न पनि सक्छन्।

**पुर्नस्थापना–** यस चरणलाई कहिलेकाही पहिला र पछि गरिने पुर्नस्थापनामा विभाजन गरिन्छ जसमा घर पुननिर्माण, जीविकोपार्जन, सामाजिक व्यवस्था र पूर्वाधारहरूको पुर्नस्थापना पर्छन्। पानी वितरण सुचारु गर्ने, विद्यालयहरू पुर्ननिर्माण अथवा स्वास्थ्य सेवा पुर्नस्थापित गर्ने जस्ता क्रियाकलापहरू सजिलै विकासमा समाहित हुन्छन्, किनभने सामान्यतया पुननिर्माणहरू, नष्ट भएका यी संरचनाहरू भन्दा राम्रै हुन्छन्।

**अल्पीकरण र पूर्व तयारीहरू–** यी विपद् पूर्व गरिने क्रियाकलापहरू हुन्। यिनले भविष्यमा प्रकोप दोहोरिएको अवस्थाको कल्पना गर्छन् र अर्को पटक विपद् पछि हुने असर घटाउने तर्फ पहल गर्छ। अल्पीकरणमा वैकल्पिक बाली लगाउने, बलिया घरहरू निर्माण गर्ने अथवा पानी वितरण सुधार्ने जस्ता क्रियाकलापहरू पर्छन्। तयारीमा सम्भवतः अनिश्चितताका योजना, पूर्वसूचना प्रणाली अथवा केही खाद्यान्न जगेडा राख्ने कार्यहरू समेटिन्छन्। थप उदाहरणहरूको लागि परिशिष्ट ख, पृष्ठ ९२ हेर्नुहोस्।

**जोखिम न्यूनीकरण र विपद् चक्र-** विपद् चक्रको मुख्य वेफाइदा यो हो कि यसले एक क्रमानुसार गर्नुपर्ने क्रियाकलापवारे सुझाव दिन्छ जसमा अल्पीकरण र तयारीहरू पुर्नस्थापना पश्चात आउँछ । तर व्यवहारमा आकस्मिक प्रतिकार्यबाट शुरु गरेर भविष्यको जोखिम न्यूनीकरणलाई चक्रका सबै भागहरूमा समायोजन गरिनु पर्छ। यदि जोखिम न्यूनीकरण (अल्पीकरण र पूर्वतयारी) पछिसम्मको लागि ढिलाइ गरियो भने, त्यसबेला भविष्यमा जोखिम घटाउने अवसरहरू गुम्न सक्छ र विपद् पूर्व अस्तित्वरत संकटासन्नताहरू पहिला नै पुर्ननिर्माण हुन सक्छन् । राम्रो विपद् जोखिम न्यूनीकरणले समुदायलाई भविष्यमा प्रकोपहरूसँग सामना गर्न सशक्तिकरण गर्दै चक्र तोड्न सक्छ ।

आकस्मिक प्रतिकार्यहरू र पुर्नस्थापनामा जोखिम न्यूनीकरणका उदाहरणहरू निम्नानुसारका छन् ः

*(* चिन्ह लगाईएका क्रियाकलापहरूलाई जलवायूपरिवर्तन अनुकूलनका (CCA) उपायहरूका रूपमा पनि व्याख्या गर्न सकिन्छ)*

- **राहत वितरण**ः समुदायका पुरुष र महिलाहरूले आवश्यकता र समाधानको साथै वाँच्नको लागी अपनाईने क्षमताहरू र सामाजिक संरचनाहरूको प्रयोग वारे पहिचान गर्छन् ।
- **कामका लागि नगद** (Cash for work –CFW) **अथवा कामका लागि खाना** (Food for work – FFW)ः परियोजनाहरू यस्ता क्रियाकलापहरू भग्नावशेष पन्छाउन मात्र नभई तटबन्ध पुननिर्माण* गर्न, बाढीको पानीलाई मोड्न अथवा सिंचाई कुलो खन्न* अथवा साना वारपार-बाँध निर्माण गर्न* पनि सकिन्छ । CFW/FFW को छनोट र सुपरिवेक्षण गर्न सामुदायिक सहभागीता अत्यावश्यक हुन्छ। नगद वितरण चरम अवस्थामा मात्र बढी आवृत्तिमा गरिन्छ र यस क्रममा लाभांवितलाई यो एक पटक मात्र गरी सकिने खालको परियोजना हो भनेर प्रष्ट पारिनु पर्छ तथापि यति गर्दा पनि यसले परनिर्भरतालाई प्रश्रय दिन सक्छ र थप जोखिम न्यूनीकरण गर्ने सृजनात्मक अवसर गुम्न सक्छ ।
- **घरहरू पुननिर्माण**ः जोखिमको लेखाजोखा पश्चात स्थानहरूको होशियारीपूर्वक सुरक्षित स्थानको छनोट गर्ने, घरहरूको प्रकोप-प्रतिरोधात्मक घरको नक्साकंन*, सामाग्रीहरू* र अभिमुखिकरण* अपनाउने ।
- **जीविकोपाजर्न पुर्नस्थापना**ः विपदोन्मुख प्रवृत्ति कम भएका नयाँ जीविकोपाजर्नहरू * र तिनलाई कसरी विपद्बाट क्षती नहुने बनाउने भन्ने सोच्ने, नयाँ बाली* अथवा पशुपालनका* प्रकारहरू भित्र्याउने ।
- **पानी वितरणको सुनिश्चितता**ः हाते पम्पहरूको प्रकार र स्थानको राम्रो छनौट गर्ने, ती बाढीको पानीको स्तरभन्दा माथि छन् भन्ने सुनिश्चित गर्ने, अवस्था अनुसार पानीका विन्दुहरू र पाइपहरूले अचानक आउने बाढी अथवा भूकम्पको प्रतिरोध गर्न सक्छन् भन्ने सुनिश्चित गर्ने ।
- **बालीको लागि खडेरी अथवा बाढी प्रतिरोधी बीउको प्रावधान**ः यिनीहरू प्रयोग भइरहेको बालीको विशेष प्रजातिहरू अथवा वैकल्पिक बाली हुन सक्छन् जसले पानी बढी अथवा कम भएको अवस्थाको पनि सामना गर्न सक्छ ।

PADR अर्थात विपद् जोखिमको सहभागीमूलक लेखाजोखा विधिलाई पुर्नलाभ प्रक्रियामा (Recovery process) पनि सामेल गर्न सकिन्छ, सामान्यतया आकस्मिक प्रतिकार्य चरणको अन्त्यतिर ताकि पुर्नस्थापना क्रियाकलापहरू PADR गरेर आएका खोजमा आधारित गर्न र कार्य योजनामा सामेल गर्न सकियोस् ।

PADR लाई विपद् पूर्वको योजनाको एक अंगको रूपमा पनि त्यस्ता क्षेत्रहरूमा प्रयोग गर्न सकिन्छ जहाँ केही समययता कुनै विपद् घटेको छैन (उदाहरण, भूकम्पीय क्षेत्रहरू) । कहिलेकाहीं यो कठिन हुन्छ किनभने यदि पछिल्लो ठूलो भूकम्प आएको ५० वर्ष अथवा बढी भइसकेको छ भने समुदायमा घटेका विपद्को समझना कम भइसकेको हुन सक्छ ।

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

## २.३ विपद् क्रन्च मोडेल (The Disaster Crunch Model)

विपद्हरू क्रमैसंग हुने अथवा अलग्गै हुने घटना होइन । यी खासगरी संकटासन्न समुदायलाई असर गर्ने प्राकृतिक अथवा मानव-निर्मित प्रकोपहरूका परिणाम हुन् ।

तलको चित्रले कसरी प्रकोप र संकटासन्नता मिलेर समुदायमा प्रकोप निम्त्याउँछन् भन्ने देखाउँछ ।




**प्रकोप** (पृष्ठ १५ मा परिभाषित) प्राकृतिक घटना, जस्तै भूकम्प, खडेरी, अथवा आँधी या द्वन्द अथवा औद्योगिक दुर्घटना जस्ता मानवीय क्रियाकलापहरूको परिणाम हुन सक्छ । प्राकृतिक प्रकोपको तिव्रतालाई अक्सर मानिसका क्रियाकलापहरूले प्रभावित गर्छन् । उदाहरणका लागि रुखहरूको कटानीले खडेरीको अवधि र असरलाई थप बदावा दिन सक्छ । जलवायु परिवर्तनले पनि चरम मौसमी प्रकोपहरूको आवृत्ति र प्रचण्डतामा वृद्धि गराइरहेको छ जसको असर क्षेत्र अहिले फराकिलो भएको छ ।

**संकटासन्नता** (पृष्ठ १६ मा परिभाषित) सामान्यतया सामुदायिक जीवनका केही पक्षहरूका दीर्घकालीन कमजोरी हो । उदाहरणको लागि घरहरू, कृषि अथवा पानी वितरण । कुनै संकटासन्न समुदायमा प्रकोपले असर पार्दा त्यहाँ विपद्को सम्भावना रहन्छ । कति ठूलो विपद् हुन्छ भन्ने कुरा प्रकोपको शक्ति र संकटासन्नताको मात्रामा निर्धारण गर्छ ।

एउटा भूकम्पको उदाहरण लिउँ, यदि घरहरू कमजोर, परम्परागत पाराका छन् भने त्यस्तो स्थानमा शक्तिशाली कम्पनले गर्ने विनाश र जीवनको क्षति ठूलो हुन्छ । कमजोर घरहरूले संकटासन्नता सिर्जना गर्छन् जसको फलस्वरूप बलियो प्रकोप (भूकम्प) ले विपद् निम्त्याउँछ ।

यसको विपरीत यदि त्यस्तै भूकम्प अर्को स्थानमा जान्छ जहाँ घरहरू भूकम्प प्रतिरोधी छन् भने त्यस अवस्थामा संकटासन्नता न्यून हुन्छ र विपद्का घटनाहरूबाट जोगिन सकिन्छ ।

जलवायु परिवर्तनले गरिब मानिसहरूको संकटासन्नता बढाइरहेको एवंम केही प्रकोपको तिव्रतामा वृद्धि ल्याइरहेका प्रमाणहरू छन् । उदाहरणको लागि समुद्री सतह बढेको कारणले जमिन गुमाएका ग्रामीण किसानहरू उच्च संकटासन्न शहरी सुकुम्बासी वस्तीमा बसाइँ सर्न सक्छन् । सुख्खा क्षेत्रहरूमा परम्परागत बालीनालीहरूको असफलता र परिणामतः खाद्यान्न अभाव बढ्दोरूपमा प्रचलित हुँदैछ ।

**चिंतन**

- तपाईको देशमा प्राकृतिक या मानवीय कारणवाट हुने प्रकोपहरू के के हुन् ?
- के यस्ता प्रकोपहरू केही क्षेत्रका मानिसहरूका लागि विपद् बन्न पुग्छन तर अन्यलाई कम मात्र असर मात्र हुन्छ ?
- उमेर, लिंङ्ग, जात, शिक्षा अथवा जीविकोपाजर्नका आधारमा समुदायमा सर्वाधिक संकटासन्न को छन् ?

**जोखिममा परेका तत्वहरू**

मानव जीवनका धेरै भिन्न भागहरू अथवा “तत्वहरू” हुन्छन्, जस्तै भवनहरू, पारिवारिक सञ्जाल, जीविकोपार्जन र उपलब्ध प्राकृतिक श्रोतहरू। यदि यस्ता तत्वहरू प्रकोपको खतरामा छन् या प्रकोपहरूबाट हानि बेहोरिरहेका छन् भने तिनलाई “जोखिममा परेका तत्वहरू” भनिन्छ। यी निम्न पाँच वर्गमा पर्छन् :

- व्यक्तिगत (पुरुष/महिला)
- सामाजिक (आध्यात्मिक सहित)
- प्राकृतिक
- भौतिक (निर्माण भएका सहित)
- आर्थिक

यीनको बारेमा खण्ड ६ मा विस्तृत व्याख्या गरिएको छ।

**क्षमताहरू**

एउटा समुदायका कमजोरीहरू हुन सक्छन् जसलाई संकटासन्नता भनिएको छ तर यसका सबल पक्षहरू पनि हुन्छन् जसलाई क्षमताहरू भनिन्छ। यस्ता क्षमताहरू समुदाय, परिवार र व्यक्तिगत स्तरमा पाइन्छन्। क्षमताले प्रकोपको असरको लागि तयार हुने, प्रतिकार्य गर्ने र त्यसबाट पुर्नलाभ गर्ने कुशलता सिर्जना गर्छ जसले क्षति र नोक्सानी कम गराउँछ।

हामीले विपद् क्रन्च नमूनाहरूमा क्षमता जोड्न सक्छौं, तलको चित्रमा विपरीत दिशामा फर्किएको बाण वा तीर राख्न सक्छौं किनभने, क्षमताले प्रभावित समुदाय माथि दवाब घटाउन मदत गर्छ।




संकटासन्नता जस्तै क्षमताहरू पनि देश, स्थान (एकै देश भित्र) र परिवार पिच्छे भिन्न हुन सक्छन्। कम क्षमता भएका मानिसहरू जस्तै विपन्न वर्ग, भूमिहीन, अल्पसंख्यक जाति अथवा धार्मिक समुदायका मानिसहरू र प्राय सबै अवस्थामा महिला र बालबालीकाहरूले बढी दुःख पाउने सम्भावना हुन्छ।

जोखिममा परेका तत्वहरू अन्तर्गत पहिचान गरिएका पाँच भिन्न वर्गहरूमा पनि क्षमताहरू पाउन सकिन्छ :

तालिकाः आम प्रकोपहरूसँग जोडिएका असरहरू, संकटासन्नताहरू र क्षमताहरू

| प्रकोपको प्रकार | असर | संकटासन्नता | क्षमता |
|---|---|---|---|
| बाढी | महिला, बालबालीकाहरूको मृत्यु, घरहरू नष्ट हुन्छन्<br>बालीनाली नष्ट<br>जनावरहरू डुब्छन् | पौडीन नजान्ने<br>कमजोर निर्माण<br>तल्लो भेगका खेतबारीहरू, तटबन्ध नभएको सुरक्षित उच्च स्थानको अभाव | पौडीन जान्ने<br>बलियो घरको निमार्ण<br>सुख्खा यामका बालीहरूको विकल्प<br>सुरक्षित शरण लिने स्थानहरू |
| खडेरी | स्वास्थ्य समस्या<br>बालीनाली गुम्ने<br>जनावरहरू मर्छन् | स्वच्छ पानीको अभाव<br>सिंचाइ प्रणाली नहुनु<br>चरन क्षेत्रहरू उपलब्ध नहुनु | वर्षैभरि चलाउन मिल्ने हाते पम्प<br>सुख्खा प्रतिरोधी प्रजातिहरू<br>जगेडा घाँसको जोहो |
| आँधी | मानव हताहती<br>घरहरू नष्ट<br>बालीनाली गुम्ने | पूर्वचेतावनीको अथवा तयारीको कमी<br>कमजोर भवन निर्माण<br>आँधी रोक्न अवरोधक नहुनु | स्थानीय तयारी योजना<br>बलियो घर निर्माण<br>राम्रो तटबन्ध |
| भूकम्प | मानव हताहती<br>घरहरू नष्ट<br>जीविकोपार्जन ठप्प | ज्ञानको कमी<br>कमजोर भवन निर्माण<br>एउटै जीविकोपार्जनमा निर्भरता | भूकम्प सम्बन्धी चेतना<br>भूकम्प प्रतिरोधी घर निर्माण<br>धेरै जीविकोपार्जनहरू |

**गतिशील दवाबहरू** (Dynamic Pressure) **– संरचना र प्रक्रियाहरू**

समुदायको संकटासन्नताहरू र क्षमताहरूलाई विस्तृत तत्वहरूले असर पार्छन । यस्ता तत्वहरूमा समुदायमा शक्तिशाली व्यक्तिहरू र सामाजिक संरचनाहरू, प्रक्रियाहरू पर्दछन् जसले समुदायलाई असर पार्छ ।



**संरचना अन्तर्गत निम्न कुराहरू पर्दछन् :**

- पारम्परिक नेतृत्वदायी अंगहरू (उदाहरण, गाउँका जेष्ठ नागरिकहरू)
- धार्मिक समूहहरू (उदाहरणः चर्च अथवा मस्जिद तथा अन्य धर्मका समिति)
- सरकारी विभागहरू (उदाहरणः स्वास्थ्य अथवा कृषि विभाग)
- व्यापार/व्यवसाय (उदाहरणः चिनी कारखाना अथवा ढुंङ्गा/वालुवा खानीको कम्पनी)
- शक्तिशाली व्यक्तिहरू (उदाहरणः धनीमानी जमिन्दार)

यी मध्ये हरेक संरचनाको नीति हुन्छ, अथवा समुदायमा रहेका व्यक्तिहरूलाई प्रभावित गर्ने क्रियाकलापहरू कार्यान्वयन गर्न सक्छन् जसले उनीहरूलाई बढी या कम संकटासन्न बनाउन सक्छन्। प्रक्रिया सकारात्मक अथवा नकारात्मक हुन सक्छ । यहाँ सामान्यतया पाइने गाउँका बुजुर्गहरूको परम्परागत नेतृत्व र व्यवसायिक पुष्प खेतीसँग सम्बन्धित सकारात्मक र नकारात्मक उदाहरणहरू दिइएको छ :

| संरचना | नकारात्मक प्रक्रिया – संकटासन्नता वृद्धि गराउने | सकारात्मक प्रक्रिया – संकटासन्नता कम गराउने |
|---|---|---|
| गाउँका जेष्ठ नागरिकहरू | पुरुष प्रधान समूहको निर्णयहरूले पुरुषको पक्षपात गर्न सक्छ र सम्भवतः महिलाहरूका प्राथमिकता/आवश्यकताहरूलाई वेवास्ता गर्न सक्छन् । जेष्ठ नागरिकहरूले पक्षपात गर्न सक्छन अथवा गाउँ बाहिर बसोबास गर्न सक्छन र संकटको समयमा नेतृत्व नदिन सक्छन् । | जेष्ठ नागरिकहरूले समुदायका सबै प्रतिनिधिहरू सामेल गराउन सक्छन् । उनीहरूले महिलाहरूका आवश्यकता र क्षमताहरू पहिचान गर्न, विवादहरू साम्य गर्न, सहकार्य प्रबर्द्धन गर्न र विपद्को समयमा स्पष्ट नेतृत्व प्रदान गर्न सक्छन् |
| पुष्प खेती | पानीको ठूलो मागका कारण नजिकका गरिब कृषकहरूलाई उपलब्ध पानी घट्न सक्छ । | समुदायका व्यक्तिलाई काम, ज्याला दिन सक्छ । विदेशी पैसा स्वदेशमा भित्र्याउन सकिन्छ । |

**चिंतन**

- हाम्रो स्थानीय क्षेत्रमा कस्ता संरचनाहरूले संकटासन्न अवस्थाहरू सिर्जना गर्न सक्छन् ?
- हाम्रो स्थानीय क्षेत्रमा कस्ता प्रक्रियाहरूले संकटासन्न अवस्थाहरू सिर्जना गर्न सक्छन् ?
- कस्ता संरचनाहरू र प्रक्रियाहरूले हाम्रो स्थानीय क्षेत्रमा क्षमताहरू सिर्जना गर्न सक्छन् ?

**अन्तरनिहित कारणहरू**

माथि उल्लेखित संरचना र प्रक्रियाहरूका जराहरू अक्सर तलसम्म गाडिएका हुन्छन् जसलाई “अन्तरनिहित कारणहरू” भनिन्छ। यस्ता कारणहरू संस्कृति, परम्परा अथवा विश्वासमा समाहित हुन्छन् अथवा कोशौं पर रहेका शक्तिहरूबाट संचालित हुन्छन् । यिनीहरूलाई ४ मुख्य वर्गहरूमा विभाजन गर्न सकिन्छ ।




**राजनीति–** अक्सर चुनावीको भोटको प्राथमिकताको आधारमा राष्ट्रिय सरकारले कुनै जिल्ला विशेषलाई श्रोतहरू उपलब्ध गराउन अथवा रोक्न सक्छ । उक्त जिल्लाको कामको लागि सरकार सामान्यतया आगामी चुनावमा शक्ति सुरक्षित राख्ने ईच्छाद्वारा प्रेरित हुन्छ ।

**आर्थिक–** राष्ट्रिय सरकारले खर्चका प्राथमिकताहरूको बारेमा निर्णय गर्न पर्छ, उदाहरणको लागि रक्षा अथवा ऋण चुक्ता गर्ने तर्फ धेरै बजेट विनियोजित गरिँदा स्वास्थ्य र कृषि सेवामा बजेट अपुग हुन सक्छ । साथै कफि, चिनी अथवा कपास जस्ता अन्तर्राष्ट्रिय स्तरमा व्यापार हुने वस्तुको भाउले कृषकहरूमा नगदे-बालीको निम्ति पाउने रकमलाई असर पार्छ ।

**सँस्कृति र मान्यताहरू–** विपद्लाई आत्माहरूको खेल मान्ने सँस्कृति विपद् जोखिम घटाउने तरिकाहरू अँगाल्न इच्छुक नहुन सक्छ । सँस्कृतिले खेतिपातीको अभ्यासलाई पनि प्रभावित गर्छ : परम्परागत रुपको काट्ने र जलाउने कृषि पद्धति अपनाएकाहरूले सुख्खा र बाढीप्रतिको संकटासन्नता बढाउने छन्, किनभने रुखहरूको कमीले स्थानीय जलवायुलाई असर गर्छ र वर्षातको पानीको बहावलाई बढाउँछ । पुरुष प्रधान सँस्कृतिले महिलालाई कम महत्व दिन्छ, फलस्वरुप, उनीहरूको संकटासन्नता बढ्न जान्छ । उदाहरणको लागि आकस्मिक स्थानान्तरणको समयमा महिलाहरू पुरुषको सहयोग विना ठाउँ छोड्न असमर्थ हुन सक्छन् ।

**प्राकृतिक वातावरण–** जलवायु, माटोको प्रकार र भूगोलका पक्षहरू हुन्छन् जसले संकटासन्नतालाई असर पार्छन् । उदाहरणको लागि भिरालो गराहरूले कस्तो खेतीपातीको अभ्यास गर्ने भनेर प्रभावित पार्छन जसले पहिरोको सम्भाव्यतामा वृद्धि गराउँछ । मानवका क्रियाकलापहरूले निरन्तर रूपमा वातावरणमा ह्रास पुर्‍याइरहेका छन् र वातावरण थप कमजोर र चरम मौसमलाई प्रतिरोध गर्न सक्ने क्षमता गुमाउँदै छ ।

## २.४ रिलिज मोडेल (The Release Model)

विपद् जोखिम घटाउन विपद् क्रन्च नमूनामा देखाइएका तीर वा बाणहरूको दिशा उल्ट्याउनु आवश्यक हुन्छ । त्यसले पहिला विपद्को कारण बनेको दवाब खुकुलो पारेको संकेत दिन्छ । परिणामस्वरुपः चित्र यस्तो देखिन सक्छ :




तीरहरूको दिशा परिवर्तन गर्नु सँधै सजिलो हुँदैन र स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा क्रियाकलापहरूको आवश्यकता पर्छ। तल केही उदाहरणहरू दिइएका छ :

**प्रकोप न्यूनीकरण** केही प्रकोपहरूको घटना, आवृत्ति अथवा शक्ति न्यून गर्ने तरिकाहरू छन्। उदाहरणको लागि, तटबन्धको निर्माण अथवा नहर/कुलो गहिरो पार्ने गरेमा बाढीलाई कम गराउन सकिन्छ। खडेरीलाई तह लगाउन अथवा क्षय भएर जाने माटोलाई अडिलो बनाउन रुखहरू रोप्न सकिन्छ। जलवायु परिवर्तन र मौसम सम्बन्धित प्रकोपहरूको विरुद्ध थप काम गर्न राजनीतिज्ञहरूलाई प्रभावित गर्न पैरवी गर्न सकिन्छ।

**प्रकोपको न्यूनीकृत असर** विपद् जोखिम घटाउन सायद "जोखिममा परेका तत्वहरू" मध्ये केहीलाई सशक्त बनाउन सकिन्छ। उदाहरणको लागि, हाते पम्प (कल) लाई बाढीको पानीबाट मुक्त राख्न ट्युब बेलको पाइपलाई केही उठाउन, अतिरिक्त खुल्ला रिंगहरू थपेर तिनलाई सिल गर्न, घरहरू बलियो पार्न अथवा जमिनको सतहभन्दा माथि उठाएर निर्माण गर्न सकिन्छ। (पृष्ठ ९२ को परिशिष्ट ख मा उपयुक्त हस्तक्षेपको विस्तृत सूची राखिएको छ)

**न्यूनीकृत संकटासन्नता** जोखिम लेखाजोखा प्रक्रियाले विशेष संकटासन्नताहरू पहिचान गर्छ र तिनलाई न्यून पार्ने उपायहरू अबलम्बन गर्न सकिन्छ। उदाहरणको लागि, अपर्याप्त चेतावनी प्रणालीहरूलाई सुधार्न सकिन्छ, खेतिपातीका कमसल अभ्यासहरू परिवर्तन गर्न सकिन्छ अथवा वैकल्पिक जीविकोपार्जनहरू प्रारम्भ गर्न सकिन्छ। सर्वाधिक संकटासन्न मानिसहरूको समूह पहिलो प्राथमिकता हुन पर्छ।

**थप बलिया क्षमताहरू** समुदायहरूसँग जहिले पनि केही क्षमताहरू हुन्छन् जुन उनीहरूले विपद्को समयमा प्रयोग गर्छन्। उदाहरणको लागि प्राकृतिक रूपमा उपलब्ध जंगली फलफुलहरूको बारेमा स्थानीय ज्ञान (खाद्य संकटको समयका लागि), केराका थामहरू (डुंगा बनाउनका लागि)। यदि पहिलेदेखि अस्तित्वरत क्षमताहरूलाई सशक्त बनाउन सकियो भने प्रकोपहरूको असर कम हुन्छ। नयाँ क्षमताहरूको विकास पनि गर्न सकिन्छ, उदाहरण स्वयंसेवकहरू छनोट गर्ने र उनीहरूलाई तालिम दिने, नयाँ सीपहरूको विकास गर्ने अथवा थप डुंगाहरू प्रदान गर्ने।

**सुधारिएका संरचनाहरू र सुदृढ प्रक्रियाहरू** गतिशील दवाबहरूले सकारात्मक या नकारात्मक दुबै हिसाबमा काम गर्न सक्छन् (खण्ड ७.१ हेर्नुहोस्)। PADR प्रक्रियाले नकारात्मक कुराहरू पत्ता लगाउनुपर्छ र कार्य योजनाले तिनलाई परिवर्तन गर्ने प्रयास गर्छ। उदाहरणको लागि, कृषकहरूको दवाबले सरकारी कार्यक्षत्र वढाउन सक्छ अथवा व्यवसायिक पुष्प खेती फारमको हानिकारक क्रियाकलापमा सुधार ल्याउन सक्छ। (खण्ड ८.७ हेर्नुहोस्)

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

**अन्तरनिहित कारणहरू** जरा अति गहिरोसँग गाडिएकोले अन्तरनिहित कारणहरूलाई बदल्न सम्भवतः सबभन्दा कठिन हुन्छ । स्थानीय र राष्ट्रिय सरकारी अधिकृतहरूसँगको पैरवीले कुनै क्षेत्रमा सरकारी श्रोतहरूको स्थितिमा वृद्धि ल्याउन सक्छ । स्थानीय पास्टरहरू अथवा अन्य धार्मिक नेताहरूको शिक्षणले हानिकारक अन्धविश्वासहरू बदल्न मदत गर्न सक्छ। अन्तराष्ट्रिय स्तरको पैरवीले ऋणको बोझ कम गराउन अथवा थप जलवायु परिवर्तन हुन बाट रोक्न केही योगदान दिन सक्छ।

## २.५ हिगो कार्य योजना (The Hyogo framework for Action)

हिगो कार्य योजना विपद् जोखिम न्यूनीकरण गर्न जापानमा जनवरी २००५ मा सम्पन्न UNISDR सम्मेलनबाट आएको एक महत्वपूर्ण दस्तावेज थियो । १६८ वटा देशहरूले यसलाई स्वीकार गरेका छन् र यसका निम्न पाँचवुँदाहरू पर्दछन् ः

(हिगो कार्य योजना २००५ - २०१५)

- विपद् जोखिम न्यूनीकरण कार्यावन्यनको लागि सशक्त संस्थागत आधार भएको एक राष्ट्रिय र स्थानीय प्राथमिकता हो भन्ने सुनिश्चित गर्ने ।
- विपद् जोखिम पहिचान, लेखाजोखा र अनुगमन गर्नुहोस् र पूर्व चेतावनी प्रणाली सुधार गर्ने ।
- सबै तह र तप्काहरूमा सुरक्षा र उत्थानशीलताको सँस्कृति विकास निर्माण गर्न ज्ञान, नविनता र शिक्षाको उपयोग गर्ने ।
- जोखिमका अन्तरनिहित त्तत्वहरू घटाउने ।
- सबै तहमा प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी सशक्त बनाउने ।

यस फ्रेमवर्कको उद्देश्य विपद्हरूसँग गाँसिएका क्षती घटाउने कार्यहरूका पाँचपत्रे प्रकृतिको व्याख्या गर्नु हो। चेतावनी प्रणालीहरू जस्ता विषयहरूमा अन्तराष्ट्रिय सहकार्यदेखि लिएर यस्ता चेतावनीहरूमा प्रतिकार्य गर्न सामुदायिक र पारिवारिक स्तरमा सक्षम बनाउने अनिश्चय योजनाहरू लगायतका सबै तहमा कार्य आवश्यक छ।

यसको ढाँचाको कार्यान्वयनको प्रगति ढिलाइ भईरहेको छ (२०११ सम्म) तर यो विपद् जोखिम न्यूनीकरणका परियोजनाहरू बनाउनका निम्ति उपयोगी भइरहेको छ र जोखिम न्यूनीकरण क्रियाकलापलाई उच्च प्राथमिकता दिन सरकारलाई आग्रह गर्न पैरवीकर्ताहरूका लागि अमुल्य सम्पत्ती भएको छ।

## २.६ विपद्हरू र विकास

विश्व जनसंख्याको ठूलो हिस्साको लागि प्रकोपहरू दैनिक जीवनका अंग हुन्। हरेक पटक एउटा व्यक्तिले खाना पकाउन आगो सल्काउँदा, बालबालीकाहरूलाई चोट लाग्ने अथवा घरमा आगलागी हुने जोखिम हुन्छ । जहाँ समुदायहरू मलिलो जग्गाबाट फाइदा उठाउन बाढीका समथर स्थलहरू अथवा ज्वालामुखीका भिरालाहरूमा बस्छन् त्यहाँ बाढी अथवा ज्वालामुखी विस्फोटसँग जोडिएका जोखिमहरू हुन्छन्। जोखिमहरू जीवनका भाग बन्न पुग्छन्।

विकासका नयाँ परियोजनाहरू परिकल्पना गर्दा हामीले यस्ता जोखिमहरूलाई ध्यानमा राख्न पर्छ। उदाहरणको लागि, बाढीहरूका असरहरूका बारेमा विचार नपुऱ्याई बाढीका समथर स्थलहरूमा कृषि कार्यक्रमका योजनाहरू बनाउनाले असफलता निम्त्याउँछ। त्यस्तै गरेर, भुकम्पीय क्षेत्रहरूमा विना भुकम्प प्रतिरोधी घरहरू र विद्यालय भवनहरू बनाउनु मुर्खता हो । सम्भावित प्रकोपहरू सहितका अवस्थाहरूलाई पूरा ध्यानमा राख्दै सुहाउँदो विकास गर्न पर्छ।

विपद्हरूले कहिलेकाहीं अनुपयुक्त विकासलाई नंग्याइ दिन्छन् किनभने यसले जानेबुझेको प्रकोपलाई ध्यानमा राखिएको थिएन भन्ने स्पष्ट पार्छ । पाठहरू सिक्न सकिन्छ । मानिसहरू किन संकटासन्न हुन्छन् ? उक्त संकटासन्नता घटाउन के गर्न सकिन्छ ? यस्ता बुँदाहरूले अक्सर पूँजी, शक्ति र समाजका अन्तरनिहित मूल्यहरूलाई दर्शाउँछन् - यस प्रकाशनमा उल्लेख गर्न खोजेको कुरा चाही विपद्का अन्तरनिहित कारणहरू छन् ।

खाद्य संकट प्रायजसो विकासका दीर्घकालीन असफलताहरू, निरन्तरको खाद्य असुरक्षा र सुस्त रूपमा आउने विपद्का (Slowe-onset disaster) परिणाम हुन् । यदि यस्ता संकटहरू भविष्यमा नआउन् भन्ने सोच राख्ने हो भने असल विकास र प्रभावकारी विपद् जोखिम न्यूनीकरण दुवै चाहिन्छ ।

एकै स्थानमा लामो समय देखि कुनै पनि समुदाय सफलतापूर्वक बसिरहेको छ भने त्यसले आम प्रचलित प्रकोपहरूको सामना गर्ने तरिकाहरू पहिले नै पत्ता लगाइसकेको हुन्छ । मानिसहरू आइपरिराख्ने प्रकोपहरूका लागि अक्सर तयार नै हुन्छन् तर कमै मात्र घट्ने प्रकोपहरूका लागि पनि तयार हुन सक्छन् । विपद्हरूप्रतिको विकासे शैलीले स्थानीय ज्ञानको अधिकतम प्रयोग गर्ने र पुस्तौं पुस्ता लगाएर हासिल गरिएका क्षमताहरूमाथि झन् थप गर्ने तर्फ सोच्न पर्छ ।

## २.७ विपद् जोखिम, जलवायु परिवर्तन र वातावरणीय ह्रास

वैज्ञानिकहरू जलवायु परिवर्तनले बढ्दो तापक्रम र समुद्री सतहका घटनाहरूसँगै बाढी, खडेरी र आँधी तुफानहरूको आवृत्ति र प्रचण्डतामा वृद्धि गराइरहेका छन् भन्नेमा सहमत छन् । जलवायु परिवर्तनले जीवनस्तरमा आइरहेको सुस्त तर खतरनाक परिवर्तनलाई पनि व्याख्या गर्छ (उदाहरण, तापक्रम, समुद्री सतह र मौसमको शैली) । यस्ता परिवर्तनहरू आकस्मिक तिव्र रूपमा आउने विपद्हरूभन्दा सम्भावित रूपमा बढी हानिकारक हुन्छन् किनभने तिनीहरूले परम्परागत जीविकोपार्जनहरू असंतुलित बनाइदिन्छन्, खाद्य संकटलाई झन् खराब बनाउँछ र पानीको अभावको सिर्जना गर्छ ।

जलवायु परिवर्तनलाई केही वर्ष पहिले भन्दा आजभोली बढी राम्रोसँग बुझिएको छ र धेरै देशहरूकालागि प्रक्षेपणहरू उपलब्ध छन् (www.climateonestop.net मा हेर्नुहोस्) । वर्तमान अनुभव र भविष्यको प्रक्षेपणहरूका आधारमा कम विकसित देशहरूले राष्ट्रिय अनुकूलन कार्यक्रम योजना तयार गरेका छन् र अन्य धेरै मुलुकहरूले जलवायु परिवर्तनमा राष्ट्रिय संचार विकास गरेका छन् । केही स्थानहरूमा स्थानीय अनुकूलन परियोजनाहरू संचालनरत छ । तर यसको बढी आवश्यकता छ । जलवायु परिवर्तनले अहिले नै पानी वितरणहरू, स्वास्थ्य, भूमिको उपयोग र जीवनका धेरै पक्षहरूमा महत्वपूर्ण रूपमा असर गरिरहेको छ । विशेषगरी कृषिमा आधारित जीविकोपार्जन प्रभावित भएका छन् ।

संयुक्त राष्ट्रसंघले दश विपद्हरू मध्ये नौ मौसमसँग सम्बन्धित हुन्छन् भनेको छ । तसर्थ थप चरम जलवायु घटनाहरूले अझ बढी विपद्हरू निम्त्याउँछ भनेर यसले थपेको छ । विपद् जोखिम न्यूनीकरणका उपायहरूले संकटासन्नताको स्तर घटाउने र बढी उत्थानशील समुदायहरूको निर्माण गरेर प्रकोपहरूवाट हुने असरहरू कम गराउने तर्फ सोच्छन् । जलवायु चरम स्तरमा बढ्दा प्रभावकारी र लचकदार विपद् जोखिम न्यूनीकरणको ठूलो आवश्यकता हुन पुग्छ ।

जलवायु परिवर्तन अनुकलता र विपद् जोखिम न्यूनीकरणमा धेरै समानताहरू छन् । कुनै समयमा विपद् जोखिम न्यूनीकरणको नाम दिइएका क्रियाकलापहरूलाई अहिले जलवायु परिवर्तन अनुकलता भनिदैं छ । बंगलादेशका तैरिरहेका तरकारीका करेसाबारीहरू र धानका व्याडहरू एक उदाहरण मात्र हुन् । Water hyacinths नामक विरूवाहरूलाई बाँसका फ्रेमहरूबाट बन्द गरि विरुवाहरू कुहिन र खाँदिन दिइन्छ । त्यस्ता उर्वर व्याडहरूमा बीउहरू रोपिन्छन् जुन त्यस स्थान बाढीले भरिएमा फ्रेमहरूमा माथितिर फर्किएर तैरन्छन् । यो युगौं पुरानो समस्याको सामना गर्ने संयन्त्र हो तर यस्ता बाढीहरू दोहोरिरहने र झन् प्रचण्ड हुने अवस्थामा झन् आवश्यक हुन जान्छ ।

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४ 

जलवायु परिवर्तन र बढ्दो विपद् जोखिम सँगै वातावरणीय ह्रास पनि हुँदै छ। खनिजहरूको दोहन हुँदै छ र डरलाग्दो गतिमा रुखहरू ढालिदैं छन्, जनावर र वनस्पतिका प्रजातिहरू नष्ट हुँदै छन्, हावा प्रदुषित हुँदै छ र जमिन मुनिको पानी थेग्नै नसकिने दरमा सोसिँदै छ। वातावरणको यो ह्रास सामान्यतया मानिसका क्रियाकलापले हुँदैछ तर जलवायु परिवर्तनले यसलाई अझ खराब बनाउन सक्छ। उदाहरणको लागि, रुख कटानीले भुक्षय बढाउन सक्छ जसलाई अतिबृष्टि अथवा कम समयमा धेरै वर्षाले झनै विगार्छ।

यस्ता परिवर्तनहरूप्रति अनुकूलनता पनि हुँदै छ र यसलाई पारिस्थितिक प्रणालीमा आधारित अनुकूलनता Ecosystem based action (EBA) अथवा वातावरणीय ह्रास अनुकूलनता EDA भनिन्छ। उदाहरण रुखहरू काटिएका पर्वतमालाका भिरहरूमा पानी घुमाएर लैजाने नालाहरूको निर्माण हुन सक्छ।

टियरफण्डको श्रोत "वातावरणीय लेखाजोखामा" एकआपसमा खप्टिएका तिनवटा घेराहरूका चित्र (पृष्ठ ५७-५९) मा प्राकृतिक प्रकोपहरू, जलवायु परिवर्तन र वातावरणीय ह्रासका अन्तरसम्बन्धित असरहरू देखाइएको छ। यसमा सुझाइएका अनुकूलन तरिकाहरू देखाइएका छन् र ती मध्ये धेरै तिन वटै विषयका लागी सान्दर्भिक छन्।

संकटासन्न परिवारका धेरै मानिसहरूले DRR, CCA र EDA मा भिन्नता छुट्ट्याउँदैनन्। तिनीहरू सबै मानिसहरू, पूँजी, जीविकोपार्जन, जैविक विविधता र प्राकृतिक श्रोतहरूमा जोखिम पुऱ्याउने वातावरणीय प्रकोपहरूको सामना गर्ने रणनीतिहरू हुन्। जलवायु परिवर्तन, वातावरणीय ह्रास अथवा अन्य प्रकोपहरूबाट हुने संघातहरूबीचको भिन्नता छुट्याउनु सँधै उपयोगी र आवश्यक हुँदैन। आजका प्रकोपहरूका साथै भविष्यका लागि प्रक्षेपित खतरालाई बुझ्नु, यसका कारणहरू जान्नु र समुचित प्रतिकार्यको योजना बनाउनु अत्यन्त महत्वपूर्ण हुन्छ। सबैभन्दा उत्तम शैली समुदायहरूमा कुनै पनि श्रोतहरूबाट भविष्यमा हुन सक्ने चरम घटनाहरूको सामना गर्न सक्ने चरित्रहरूको निर्माण गर्नु हो।

टियरफण्डका थप प्रकाशनहरू

- सेड्रा (जलवायु परिवर्तन र वातावरणीय ह्रास र अनुकुलनता लेखाजोखा) २००९
- Roots 13 - Environment sustainability २००९
- Environmental assessment २००९

सेड्राले विशेषगरि कुनै निश्चित क्षेत्रमा जलवायु परिवर्तन र प्रक्षेपित परिवर्तनहरूले कसरी उक्त क्षेत्रमा संचालनरत सबै प्रकारका परियोजनाहरूलाई असर गर्छन भन्ने हेर्छ। यसले विभिन्न अनुकुलनताका विकल्पहरूसम्म कसरी पहुँच पुर्‍याउने र ति मध्येबाट कसरी रोज्ने भन्ने पनि व्याख्या गर्छ। वातावरणीय लेखाजोखा औजारले कुनै एक परियोजनाका वातावरण उपर पार्न सक्ने सम्भावित प्रभावहरू र ति प्रभावहरूलाई न्यून गर्ने तर्फ ध्यान दिन्छ।

CCA / DRR मा अर्को उपयोगि प्रकाशन :

Linking climate change adaptation with disaster risk reduction (Tearfund / IDS, २००९)

सामुदायिक उत्थानशीलतामा :

Characteristics of a disaster-resilient community, John Twigg (दोश्रो संस्करण, २०१०)

**चिंतन**

- तपाईको देशमा जलवायु परिवर्तनले कसरी विपद्का प्रकारहरूलाई र विपद्को आवृत्ति र प्रचण्डतालाई कसरी असर पारिरहेको छ ?
- तपाईको देशमा वातावरणीय ह्रास भइरहेको छ भन्ने कस्ता प्रमाणहरू देख्नु भएको छ ?
- ह्रास कम गराउन कुनै कदमहरू चालिएका छन् कि?

# ३ विपद् जोखिमको सहभागीमूलक लेखाजोखा PADR प्रक्रियाको सिंहावलोकन

PADR (Participatory Assessment of Disaster Risk - विपद् जोखिमको सहभागीतामूलक लेखाजोखा) सामुदायिक स्तरमा प्रयोग हुने एक विधि हो । यसमा समुदायले सामना गर्ने जोखिमहरूको र त्यस्ता जोखिमहरूमा योगदान पुऱ्याउने त्तत्वहरू अन्वेषण गर्ने प्रक्रियामा समुदायसँगको सक्रिय आवद्धताको आवश्यकता रहन्छ । समुदायले संकटासन्नताहरू र विपद्का लागि तयार हुने तथा प्रतिकार्य गर्न सक्ने आफूमा निहित क्षमताहरू दुवै बुझ्न शुरु गर्ने हुँदा अन्वेषणको प्रक्रिया महत्वपूर्ण हुन्छ ।

PADR को अन्तिम प्रतिफल समुदायसँग रहेर विकसित गरिएको र समुदायमा स्वामित्व रहेको जोखिम न्यूनीकरण योजना हो । योजना कार्यान्वयनार्थ गैसस अथवा स्थानीय र केन्द्रिय सरकारको श्रोतहरूको आवश्यकता पर्न सक्छ तर यसको जग भने समुदाय आफै र यस अन्तर्गतका परिवारहरूमा पाइएको क्षमताहरूमा हुनुपर्छ ।

PADR समुदायको लागि कुनै तालिम नभएता पनि यस विधिको प्रयोग गर्न गैससका कर्मचारीहरूलाई तालिम दिनु पर्ने हुनसक्छ । PADR आवश्यकताको लेखाजोखा गर्ने अभ्यास होइन किनभने "आवश्यकता" भन्नाले वर्तमान परिप्रेक्षमा जीवन र स्वास्थ्यको सुरक्षा गर्न चाहिने वस्तुहरू बुझिन्छ। PADR ले गहिरीएर विभिन्न तत्व संग सम्वन्ध राख्छ जसले संकटासन्नता उत्पन्न गराई मानिसहरू र पूँजीलाई प्रकोपको थप जोखिममा लैजाने गर्छ । यसले समुदायहरूमा पाइने क्षमताहरूमा जोड दिन्छ जसले प्रकोपहरू विरुद्ध उत्थानशीलतमा वृद्धि गराउँछ ।

## ३.१ विधिको व्याख्या

PADR खण्ड २.३ मा व्याख्या गरिए अनुरुप क्रन्च मोडल वा तत्वहरूमा आधारित हुन्छ । क्रन्च मोडलले प्रकोप र संकटासन्नताहरू विपद् निम्त्याउन कसरी सँगै आउँछन भन्ने व्याख्या गर्छ । समुदायको काममा संकटासन्नताहरू गतिशील दवाबहरू (सामाजिक संरचना र प्रक्रियाहरू) बाट बढ्ने या घट्ने गर्छन् । (खण्ड ७.१)

यस्ता दवाबहरू, राजनीतिक, आर्थिक, साँस्कृतिक धार्मिक र वातावरणीय त्तत्वहरूको मिश्रण जस्ता अन्तरनिहित कारणहरूवाट प्रभावित हुन्छन् ।

क्रन्च मोडलले एउटा समुदायमा भएका क्षमताहरूबाट कसरी प्रकोपको असर कम हुन्छ भन्ने पनि देखाउँछ । क्षमताले व्यक्तिहरू र परिवारहरूलाई प्रकोपको असरको निम्ति तयार हुन सहन र पुनरुत्थान गर्न सक्षम बनाउँछ ।

तसर्थ, PADR विधिले निम्न कुराहरू पत्ता लगाउन पर्छ ।

- एउटा समुदायले सामना गरिरहेका प्रकोपका प्रकारहरू र ती प्रकोप सम्बन्धी जानकारीहरू
- सामुदायिक जीवनका विभिन्न पक्षहरूमा यस्ता प्रकोपहरूको असर
- त्यस्ता असर पर्न दिने संकटाभिमुखताका त्तत्वहरू र समुदायमा को सवार्धिक संकटासन्न हुन्छ
- समुदाय (परिवारहरू र व्यक्तिहरू) को प्रकोपको प्रतिकार गर्न सक्ने क्षमताहरू
- संकटासन्नताहरू घटाउन अथवा बढाउन सक्ने तथा स्थानीय क्षमताहरूमा असर पार्न सक्ने गतिशील दवाबहरू

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

यस्ता तत्वहरू अन्वेषण गरेर बुझिसकेपछि समुदायसँग बसेर प्रकोपको असर घटाउने, क्षति न्यूनीकरण गर्ने, संकटासन्नता घटाउने र स्थानीय क्षमताहरू वृद्धि गर्ने समुचित क्रियाकलापहरू विकास गर्न सकिन्छ।

PADR प्रक्रिया लक्षित समूहहरूसँग अन्तरक्रिया गरेर र मूल व्यक्तिहरूसँग अन्तरवार्ता लिएर संचालन गरिन्छ।

सहभागीमूलक औजारहरूसँग सम्बन्धित प्रश्नावलीहरू प्रयोग गरिन्छ। (खण्ड ४.२)

## ३.२ विश्लेषणका वर्गहरू

PADR ले पाँच वर्गमा विश्लेषण गर्दछ। समग्रमा यसमा समुदायमा उपस्थित सबै भिन्न पूँजीहरू संलग्न हुन्छन्। पूँजी भनेको नै शक्ति हो अथवा जुन दैनिक जीवनमा उपयोगमा आइरहन्छ। पूँजीको पहुँचले परिवार अथवा समुदायलाई प्रकोपको सामना गर्ने सामर्थ्य दिन्छ। पूँजी नभएमा वा यसको पहुँचमा बन्देज हुनाले त्यस्तो जोखिमप्रतिको संकटासन्नता उत्पन्न गराउन सक्छ।

यस विधिले जीवनका सबै पक्षहरूको संलग्नता सुनिश्चित गराउँछ र सहजकर्ता अथवा समुदायका शक्तिशाली सदस्यहरूको विशेष रुचिको वर्चस्व हटाउँछ। उदाहरणको लागि सामाजिक कार्यको अनुभव भएको कुनै सहजकर्ता प्रकोपको असरको सामाजिक पक्षहरूतिर केन्द्रित हुन सक्छन् तर उनले आर्थिक गतिविधिहरू अथवा प्राकृतिक श्रोतहरूलाई वेवास्ता गर्न सक्छन्। त्यस्तै गरेर, इन्जिनियरले सडक, पुल अथवा बाढी प्रतिरक्षाका बहसमा ध्यान दिन चाहने तर प्रकोपका सामाजिक असरहरू अथवा आदिवासी सीपहरूमा यथेष्ट ध्यान नदिन सक्छन्।

यहाँ वर्णन गरिएका पाँच वर्गहरू दिगो जीविकोपार्जन फ्रेमवर्कमा व्याख्या गरिए अनुसार पुँजी (अथवा पूँजी) का पाँच प्रकारहरूमा आधारित छन्।[७] यी वर्गहरू भित्र कुनै निश्चित पूँजी कहाँ पर्छ भन्नेमा लामो विवाद गर्नेतिर नलाग्नु राम्रो हुन्छ। एउटा पूँजी एकभन्दा बढी वर्गमा पर्ने सम्भावना हुन्छ। स्थानीय विद्यालयको उदाहरण लिउँ जुन ३ स्थानमा पर्नसक्छ।

- विद्यालयको भवन छ जुन भौतिक पूँजी अन्तर्गत पर्छ।
- बालबालीकाहरू, अभिभावकहरू र शिक्षकहरू एकै स्थानमा अटाउने थलो विद्यालयले दिन्छ - सामाजिक कार्यको काम गर्ने भएकोले सामाजिक पूँजी अन्तर्गत पर्न आउछ।
- विद्यालय सिक्ने स्थान हो जहाँ नयाँ नयाँ सीपहरू र ज्ञान आर्जन गरिन्छ - यसर्थ यसले मानवीय क्षमता पनि निर्माण गर्छ।

सबैभन्दा महत्वपूर्ण कुरा भनेको जीवनका कुनै पनि पक्षहरू छुटेका छैनन् भन्ने सुनिश्चित गर्नु हो किनभने प्रकोपले भिन्न रूपमा सबै क्षेत्रहरूमा असर पार्छ।

**व्यक्तिगत (पुरुष/महिला) पूँजी**

व्यक्तिगत पूँजी अन्तर्गत मानिसहरूका सीप, ज्ञान, साक्षरता, अनुभव, तालिम, काम गर्ने क्षमता र शारीरिक स्वास्थ्य पर्छन्। विश्लेषणको अवधिभर लैङ्गिक पहिचान गर्नु अत्यावश्यक छ किनभने संकटासन्नता र क्षमताहरू महिला र पुरुषका लागि भिन्नाभिन्नै हुन्छन्।

**सामाजिक पूँजी**

सामाजिक पूँजी अन्तर्गत समुदायभित्र रहेका र बाहिर रहेका मानिसहरूका सम्बन्ध र सञ्जालहरू पर्छन्। यसमा विस्तारित परिवार, विशेषत प्रकोपको असरदेखि बाहिर रहेका सदस्यहरू र समुदाय भित्र रहेका विविध समूह, क्लबहरू र सहकारीहरू हुन्छन्। सञ्जालहरूको सदस्यताले जानकारीको विस्तृत श्रोतहरूसम्म एक व्यक्तिको पहुँच पुऱ्याउन र थप श्रोतहरू उपलब्ध गराउन सक्छ। अरुहरूसँगको सहकार्यले हरेक व्यक्तिको प्रकोपको मार सहन सक्ने क्षमतामा वृद्धि गराउँछ।

७ DFID Sustainable Livelihoods Guidance Sheets




(भौतिक पूँजी : माथिको जस्तो पुलहरूले, ब्रम्हपुत्र उपत्यका, आसाम, भारतमा, बाढीको समयमा आवत जावत गर्न ठूलो मद्दत गर्छ।)

**प्राकृतिक पूँजीहरू** वन-जंगल, नदीनाला, चरन क्षेत्रहरू, जंगली फलफूलहरू तथा खनिजहरू जस्ता समुदायमा उपलब्ध प्राकृतिक श्रोतहरूलाई प्राकृतिक पूँजी भनिन्छ। यदाकदा यस्ता पूँजीहरू उपलब्ध भए जस्तो देखिएता पनि वास्तविकतामा यी सम्म पहुँच हुन दिंइदैन - यसको कारण द्वन्द, जमिनउपरको हक, सामाजिक श्रेणी विभाजन अथवा साँस्कृतिक चलनहरू हुन सक्छन्। प्राकृतिक श्रोतहरूले धेरै जीविकोपार्जलाई कच्चा पदार्थहरू प्रदान गर्छ।

PADR ले प्राकृतिक पूँजीहरूको उपलब्धता र गुणस्तरको जाँच गर्छ विशेषगरी त्यस्ता परिवर्तनहरू जसलाई वातावरणीय क्षयीकरण (भू-क्षय, वन विनाश) अथवा जलवायु परिवर्तन (उदाहरणः कम वर्षा र जलस्तर घट्नु) सँग जोडेर हेर्न सकिन्छ।

**भौतिक पूँजीहरू** मानव निर्मित सबै संरचनाहरू भौतिक पूँजीहरू हुन्। यस वर्गमा आधारभूत पूर्वाधारहरू जस्तै घरहरू, सडकहरू, पुलहरू, विद्यालयहरू, अस्पतालहरू, विजुलीका तारहरू, बाँधहरू र इनारहरू पर्छन्। यातायात र संचारसँगै जीविकोपार्जनका औजारहरू र कृषि उपकरणहरू पनि यसमै आउँछन्।

प्राकृतिक पूँजीको तहमा जस्तै भौतिक पूँजीमा पहुँचको विषय पनि नाजुक छ। सिद्धान्ततः चक्रवात को लागी बनाईको आश्रयस्थल शक्तिशाली पूँजी हो तर यो चाँडै भरिन सक्छ अथवा कुनै समुदाय विशेषका व्यक्तिले मात्र यसमा प्रवेश पाउन सक्छन्।

**आर्थिक पूँजी** घरायसी आम्दानी, जीविकोपार्जन र नगदमा बदल्न सकिने जिन्सीहरू आर्थिक पूँजीसँग सम्बन्धित छन्। उदाहरणको लागि, पशु चौपाया र गहनाहरू आर्थिक पूँजीहरू हुन् जसलाई प्रकोपको समयमा घरमा पैसाको आवश्यकता परेको बखतमा किनबेच गर्न सकिन्छ। जागीरको तलब तथा फाट्टफुट्ट हुने कमाइका साथसाथै विदेशबाट आउने रकमलाई पनि यही वर्गमा राख्न सकिन्छ। वचत र ऋणको उपलब्धता पनि महत्वपूर्ण हुन्छ।

पहुँच र नियन्त्रणको प्रश्न यस वर्गमा पनि लागु हुन्छ। अक्सर पुरुषहरूले पैसामा नियन्त्रण राख्छन् तर धेरैजसो अवस्थामा उनीहरू यसको सदुपयोग गर्दैनन्। परिणामस्वरुप, पैसामाथि नियन्त्रण नभएका महिलाहरू विशेषगरी संकटासन्न हुन्छन्।

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

## ३.३ PADR को क्षेत्र

PADR को परिकल्पना प्राथमिक रूपमा बाढी, खडेरी, भूकम्प अथवा वन डढेलो जस्ता प्राकृतिक प्रकोपहरूसँग जोडिएका जोखिमहरूको लेखाजोखा गर्न गरिएको हो । यसले त्यस्ता क्षेत्रहरूमा उत्कृष्ट काम गर्छ जहाँ प्रकोपहरू एकदमै परिचित कुरा हुन् र बारम्बार दोहोरिरहन्छन् जस्तै बंगलादेशको नदीमा आउने बाढी र उत्तरी केन्याको खडेरी ।

साथै जलवायु परिवर्तनका कारण मौसम संग सम्बन्धीत प्रकोपहरूको जोखिम बढिरहेका स्थानमा प्रयोग गर्न पनि यो राम्रो औजार हो । PADR ले विगतका दिनमा प्रकोपको प्रकृति र असर हेर्छ र तिनको शैली (आवृत्ति र तिव्रता) अध्ययन गर्छ जसले भविष्यमा आउन सक्ने प्रकोपको पूर्वानुमान गर्न सघाउँछ । तत्पश्चात सामुदायिक कार्य योजनाले प्रकोपको बदलिँदो परिदृष्यलाई ध्यानमा राख्छ ।

PADR को प्रयोग त्यस्ता क्षेत्रमा पनि गर्न सकिन्छ जहाँ मुख्य प्रकोपहरू "मानव निर्मित" हुन्छन् । उदाहरणको लागि सुकुम्बासी बस्तीका समुदायहरूमा आगजनी र निष्कासन, अथवा रासायनिक कारखाना या तेल प्रशोधन केन्द्रका नजिक बसेका बस्तीहरू ।

तर जहाँ द्वन्द ठूलो प्रकोपको रूपमा विद्यमान छ र शारीरिक सुरक्षा सर्वसाधारणको मूल चिन्ताको विषय रहेको हुन्छ त्यस्ता स्थानहरूमा PADR का केही सिमितताहरू हुन्छन् । यदाकदा यसको प्रयोग द्वन्दग्रस्त क्षेत्र (उदाहरण श्रीलंका) मा गरिएको थियो तर प्रकोप शब्दलाई "बमबारी" अथवा "बारुदी सुरुङ्ग" जस्ता शब्दावलीको हिसाबमा व्याख्या गरिनु पर्थ्यो र त्यसका साथै औजारका अन्य पक्षहरूमा पनि सुधार गरिएको थियो । खुल्ला द्वन्दका अवस्थाहरूमा प्रयोग गर्न अन्य औजारहरू उपलब्ध छन् । (खण्ड ९.३ हेर्नुहोस्)

कमै मात्र हुने न्यून स्तरका, स्थानीय द्वन्दका क्षेत्रहरूमा समेत PADR सफलतापूर्वक प्रयोग गर्न सकिन्छ । यस्ता अवस्थाहरूमा द्वन्दले थप संकटासन्न तत्वहरू प्रस्तुत गर्न सक्छ जसले मानिसहरूको पानी, दाउरा अथवा अनिकालका खानेकुराहरूसम्म पहुँच रोक्न सक्छ । यस्ता समुदायहरूको प्राकृतिक प्रकोपको सामना गर्न सक्ने क्षमतामा ह्रास आउँछ ।

एच.आइ.भी. संक्रमण दर उच्च रहेको स्थानहरूमा PADR संकटासन्नता उजागर गर्ने उपयोगी औजार हुनसक्छ । एच.आइ.भी. लिएर बाँचिरहेका व्यक्तिहरू र उनीहरूका परिवारहरू प्राकृतिक प्रकोपकोहरूप्रति धेरै हदसम्म संकटासन्न हुन्छन् । एच.आइ.भी. लिएर बाँचेको व्यक्तिहरूको हिँडडुल कम हुने वा कृषिमा काम गर्ने क्षमता कम हुन सक्ने हुन्छ । औषधि उपचारमा श्रोतहरू खर्च हुने हुँदा परिवारमाथि ठूलै आर्थिक दवाब हुन सक्छ । परिणामतः परिवारसँग थोरै मात्र क्षमताहरू हुन्छन् र बाढी, खडेरी र अन्य प्रकोपको थप बोझ झेल्न असमर्थ हुन सक्छन् ।

## ३.४ PADR का कदमहरू

PADR बहुचारणिक प्रक्रिया हो जुन टोली र समुदायको तयारीबाट प्रारम्भ हुन्छ र जोखिम न्यूनीकरण योजना कार्यान्वयनसँगै समाप्त हुन्छ ।

यसका पाँच कदमहरूमाः

कदम १ पूर्वतयारी

कदम २ प्रकोपको लेखाजोखा

कदम ३ संकटासन्नता र क्षमताको लेखाजोखा

कदम ४ गतिशील दवाबहरू र अन्तरनिहित कारणहरू

कदम ५ जोखिम न्यूनीकरण योजना

## कदम १   पुर्वतयारी

यस अन्तरगत सहजीकण टोलिको तालिम र उपकरणले उनीहरूलाई सुसज्जित गर्न पर्ने कामहरू पर्छन् र साथै लेखाजोखाको लागि तयारी गर्न समुदायमा गरिएका कामहरू पनि पर्छन् ।

टोलीलाई पद्धतिको प्रयोग कसरी गर्ने र सामुदायिक लक्षित समूहहरूलाई छलफलका लागि कसरी सहजीकरण गर्ने भन्ने थाहा हुनु आवश्यक हुन्छ । उनीहरूमा सामुदायिक विकासमा अक्सर प्रयोग हुने औजारहरूको ज्ञान हुन आवश्यक छ । त्यससँगै उक्त क्षेत्रको प्रकोपहरूसँग सम्बन्धित जोखिमहरू न्यून गर्न समुदायले गर्न सक्ने सम्भावित कामहरूको बुझाइ हुनु पनि आवश्यक छ ।

समुदायमा विविध बन्दोबस्तीको व्यवस्था गरिनु पर्छ जसमा कर्मचारी र समुदायका अगुवाहरू बीचको सम्पर्कले प्रक्रियामा सहभागी हुने समुदायका सदस्यहरूको पहिचान गर्ने लगाएतका कामहरू पर्छन् । विस्तृत विवरण खण्ड ४ मा छ ।

## कदम २   प्रकोपको लेखाजोखा

यो कदम प्रायजसो समुदायमा संचालन गरिन्छ र यसमा मुख्य प्रकोपहरू र तिनको तिव्रताको पहिचान गर्ने कार्यहरू पर्छन् । विपद्का केही प्रकोपहरूको आवृत्ति र प्रचण्डतामा वृद्धि भइरहेको हुँदा, तिनको शैली अथवा प्रवृत्तिको लेखाजोखा पनि महत्वपूर्ण हुन्छ । मौसमी लगत अथवा वैज्ञानिक तथ्याङ्कहरू जस्ता सहायक श्रोतहरूले मूल्यवान थप जानकारी प्रदान गर्न सक्छन् ।

प्रकोप लेखाजोखाले प्रकोपद्वारा प्रभावित भएका भौगोलिक क्षेत्रहरू, प्रकोप देखा पर्न सक्ने उच्च सम्भाव्य मौसम र प्रकोपपूर्व देख्न सकिने कुनै चेतावनीका संकेतहरू पनि निर्धारण गर्छ । थप विवरणहरू खण्ड ५ मा पाउन सकिन्छ ।




Bob Hansford / Tearfund

(चित्र : PADR कार्यशालाको दौरान अफगनिस्तानमा तयार पारिएको सामुदायिक नक्शा । PADR को २, ३ र ५ कदमहरूमा सहयोग गर्न समुदायमा यस्तै नक्शाहरू तयार गरिएका थिए ।) पृष्ठ ३५ हेर्नुहोस्

## कदम ३ संकटासन्नता र क्षमता लेखाजोखा (VCA)

सामुदायिक लक्षित समूहहरूसँगको अन्तरक्रिया र मुख्य जानकारहरूसँगको अर्ध-सांरचनिक अन्तरवार्ता मार्फत संकटासन्नताहरू र क्षमताहरूलाई संगसँगै लेखाजोखा गरिन्छ। सामुदायिक जीवनका पाँच क्षेत्रहरू - व्यक्तिगत, सामाजिक, प्राकृतिक, भौतिक र आर्थिकलाई जाँच्न सहायक प्रश्नहरूको समूह पहिल्यै तयार गरिएका हुनुपर्छ। यी पाँचवटा क्षेत्रहरूमा प्रकोपको असरको पनि लेखाजोखा गरिन्छ।

प्रश्नहरू जस्तै सहभागीमूलक औजारहरू पनि पहिल्यै अभ्यास गरिन्छ र लक्षित समूहहरूको रुचि र सहभागीता वृद्धि गराउन प्रयोग गरिन्छ। समुदायलाई विभिन्न तरीकाले कल्पना गर्नाले संकटासन्नताहरू र क्षमताहरू दुवैमा समुदायको बुझाइमा ठूलो मात्रामा वृद्धि गराउन सक्छ। यस्ता औजारहरूले आकस्मिक अवस्थाहरूको उपयुक्त कार्यहरू विकास गर्न पनि मदत गर्न सक्छ, उदाहरणको लागि, नक्शाहरूले सुरक्षित क्षेत्रहरू र उपलब्ध सुविधाहरू देखाउँछन्। संकटासन्नता र क्षमता लेखाजोखालाई खण्ड ६ मा समेटिएको छ।

## कदम ४ गतिशील दवाबहरू र अन्तरनिहित कारणहरू

समुदायमा रहेका विशेष गतिशील दवाबहर र अन्तरनिहित कारणहरू निर्धारण गर्न धेरै नै कठिन हुनसक्छ : समुदायमा बस्ने मानिसहरूले सँधै यसभित्र रहेका विश्वास, मूल्य र प्रक्रियाहरू देख्दैनन् जबकि सामाजिक संरचनाहरू, र सरकारी नीति तथा कार्यक्रमहरू सायद पत्ता लगाउन सजिलो हुन्छ।

यस कदममा धेरैजसो जानकारीहरू मुख्य जानकारहरूबाट प्राप्त हुन्छन्। धेरै जसो सोधपुछ गरेर अथवा लक्षित समूहमा आएका टिप्पणीहरू स्पष्ट पारेर। पादरीहरू, विद्यालयका शिक्षकहरू र सरकारी अधिकृतहरू आँकडाका धेरै उपयोगी श्रोतहरू हुन्।

## कदम ५ जोखिम न्यूनीकरण योजना

PADR प्रक्रियाको अन्तिम परिणाम कदम २ देखि ४ कदमहरूमा छर्लङ्ग पारिएका जोखिमहरूमा आधारित सामुदायिक स्वामित्वको जोखिम न्यूनीकरण योजना हो। समयसिमाभित्र रहेर विशेष कार्यहरू पहिचान गरिन्छ जसले प्रकोपहरू कम गराउन, संकटासन्नताहरूलाई तल झार्न अथवा क्षमताहरू अभिवृद्धि गराउन सक्छन्।

योजनामा तीन महत्वपूर्ण क्रियाकलापका प्रकारहरू हुन्छन् :

- समुदायले यसका आफ्नै श्रोतहरू प्रयोग गरेर गर्न सकिने क्रियाकलापहरू
- ज्ञान तथा श्रोतहरूको लागि कुनै एक गैससको हस्तक्षेप आवश्यक पर्ने क्रियाकलापहरू
- परिवर्तन ल्याउनका लागि शक्तिधारकहरू उपर दवाबहरू दिने कुराहरू समेटिएका क्रियाकलापहरू (जस्तै पैरवी)

जोखिम न्यूनीकरण योजनालाई नेतृत्व र समुदायका व्यक्तिहरूमाझ विशेष कार्यविभाजनको आवश्यकता हुन्छ। यसलाई अनुगमन, पुनरावलोकन र नियमित अद्यावधिक गर्नपर्छ। विस्तृत विवरणका लागि, खण्ड ८ हेर्नुहोस्।

# कदम १ तयारी

पूर्ण तयारीले सामुदायिक स्तरको विपद् जोखिमको लेखाजोखा (PADR) हुन सक्ने जति राम्रो छ भन्ने सुनिश्चित गराउँछ। यस्तो तयारी लेखाजोखा टोली र लक्षित समुदायसँग गर्नुपर्छ।

## ४.१ टोली तयार गर्नु

टोलीका सम्पूर्ण सदस्यहरूले उनीहरूले के गर्दैछन् भन्ने कुराको र समुदायसँग बैठकहरूको उदेश्य राम्ररी बुझेका छन् भन्ने सुनिश्चित गर्नुहोस्। साथै समुदायलाई भेट्न जानु अगाडि टोलीसँग लेखाजोखाका सबै पक्षहरूको बारेमा योजना बनाउन यथेष्ट समय छ भन्ने निश्चित गर्नुहोस् । सदस्यहरूले यस प्रक्रियामा समुदायको सहभागीता वृद्धि गराउने उदेश्य सहितको सामूहिक सहजीकरण सीपको विकास र राम्रो अभ्यास गर्नुपर्छ।

**सहजीकरण सम्वन्धी सीपः**

PADR प्रक्रियाको उदेश्य मानिसहरूमा प्रकोपहरू, संकटासन्नताहरू र क्षमताहरू बारेका बुझाइहरूमा वृद्धि ल्याउनु हो र उनीहरूलाई आफ्ना अवस्थामा सुधार्न उचित समाधानहरू विकास गर्न सक्षम बनाउनु हो। सहजकर्ताले स्थानीय बासिन्दाहरूबाट आएका जानकारी लिएर उनीहरूका लागि आफूले निर्णय गर्ने प्रवृत्तिवाट टाढा हुनुपर्छ। बरु सहजकर्ताले समुदायलाई उनीहरूको आफ्नै जोखिम न्यूनीकरण योजना तयार गर्न सबलीकरण गराउने तर्फ केन्द्रित हुनु पर्छ। उनीहरूका लिङ्ग, धन, उमेर, शिक्षा, जीविकोपार्जन र समाजमा स्थान जस्ता कुराको आधारमा जोखिम प्रति मानिसहरूको धेरै बेग्लै धारणाहरू हुनसक्छ । समुदायका यस्ता भिन्न दृष्टिकोणहरू स्वीकार गर्न सहजकर्ता खुला सोचको हुनुपर्छ। सहजकर्ताको आफ्नै विचार हुँदाहुँदै पनि उनले समुदायका सबै भिन्न विचारहरू सुनिएको छ भनी सुनिश्चित गर्नुपर्छ। एउटा समूहमा सबैलाई स्वीकार हुने, साझा धारणामा पुग्न कठिन हुन सक्छ तर त्यो यस प्रक्रियाको मुख्य भाग हो।

प्रक्रिया र उत्पादनको स्थानीय स्वामित्व प्रोत्साहित गरिनुपर्छ। निम्न मूल सिद्धान्तहरू पालना गर्नुहोस् जसले प्रक्रिया निर्वाध रूपमा संचालन हुनेमा निश्चित हुन मदत गर्छ :

- PADR को उद्देश्य स्पष्टसँग व्याख्या गरिनु पर्छ र आरम्भमा समुदायको सहमति लिनुपर्छ।
- गैससको उदार सहयोग र धारणाहरूद्वारा PADR को परिणाम हुन आउँछ भन्ने अपेक्षालाई कम गराउन कोशिश गर्नुहोस, कहिलेकाहीं यस्ता कुराहरूको आवश्यकता भएता पनि यो प्रक्रिया भौतिक उपहारहरू भन्दा पनि समुदायको स्व-सहयोगसँग सम्बन्धित हुन्छ।
- यो प्रक्रिया सम्मानका साथ समूहका सदस्यहरूको कुरा सुनेर र हरेकका योगदानको कदर गरेर संचालन गरिनु पर्छ।
- लेखाजोखाको प्रक्रिया प्रतिफल अथवा उपलब्धी जत्तिकै महत्वपूर्ण हुन्छ । समुदायका सबै खण्डहरूबाट अधिकतम सहभागीतालाई प्रोत्साहित गर्नका लागि समय दिनुहोस्।
- लक्षित समूह बैठकहरूका शुरुमा जोश जगाउने अथवा संकोच हटाउने खालका क्रियाकलापहरूले सहभागीहरूलाई सहजकर्ता र समुदायका अन्यहरूसँग सहज महसुस गर्न सघाउँछ।
- छलफललाई प्रोत्साहन गर्न प्रश्नहरू खुला प्रकारका हुनुपर्छ तर यसो गर्दा छलफल आफ्नो उद्देश्यबाट बाहिर गइरहेको छैन भन्ने सुनिश्चित गर्नुहोस्।
- साक्षरताको अनुमान लगाउनु हुँदैन। सहभागीमूलक औजारहरूले निरक्षर व्यक्तिहरूलाई जानकारी संकलन र विश्लेषणमा सहभागी हुन सक्षम गराउँछ। हातले कोरिएका चित्रहरू अथवा स्थानीय रूपमा खिचिएका तस्वीरहरू पनि धेरै उपयोगी हुन सक्छन्।

- संवेदनशील विषयहरू होशियारीपूर्वक र समुचित ढंगले हल गरिनुपर्छ । मानिसहरूले विगतका दिनका पीडादायी अनुभवहरू सुनाइरहेका छन भने सहानुभूति र करुणा देखाउनुहोस् ।
- हालैका दिनमा विशेषगरी प्राकृतिक श्रोतहरूलाई लिएर समुदायमा केही विवादहरू भएका छन् कि भन्ने कुरा पहिला नै पत्ता लगाउनुहोस् । विगतको द्वन्दलाई नब्युँताउने कुराको सुनिश्चिता गर्न प्रश्नहरूका शब्दहरू पुनः जाँच गर्नुहोस् । विवादित मुद्दाहरू समूहमा नउठाउन राम्रो हुन्छ, त्यस्ता विषय मुख्य जानकारहरूलाई सोध्न सकिन्छ ।

असल सहजीकरणका थप उपायहरू तल उल्लेख गरिएका छन् ः

समूह सहजीकरणका निम्ति सल्लाहहरू

| गर्न हुने | गर्न नहुने |
|---|---|
| परिचय र व्याख्याको लागि समय दिने | पढाउने |
| सबै विचार/तर्कहरूलाई सम्मान प्रकट गर्ने | हतारका साथ प्रक्रिया पुरा गर्ने तिर लाग्ने |
| हेर्ने, सुन्ने, सिक्ने र रुचि देखाउने | भाषण दिने |
| भावना र सँस्कृति प्रति संवेदनशील हुने | योगदानहरूको आलोचना |
| तयार रहने तर लचकदार हुने | वक्ताहरूलाई रोक्ने |
| रचनात्मक हुने | छलफलमा हावी हुने |
| हाँसो ठट्टा गर्ने | अल्छिलाग्दो देखिने |
| समुदायका सदस्यहरूलाई अगुवाइ गर्न दिन तत्पर हुने | साँस्कृतिक मान्यताको वेवास्ता गर्ने |
| सबैलाई धन्यवाद दिँदै र प्रक्रियाको अर्को चरणमा सहमतिसहित राम्रोसँग टुङ्ग्याउने | मानिसहरूका विचारहरूमा हाँस्ने |
| | मोबाइल फोनको प्रयोग गर्ने |

**सहभागीता**

PADR समुदायका सबै आवाजहरू सुनिनेछ भन्ने निश्चित गर्नका लागि सहभागीमूलक शैलीमा आधारित छ । समुदायका बोल्न सक्ने सदस्यहरू अथवा नेताहरू सामान्यतया समूहमा गरिने कार्यमा हावी हुन खोज्छन् । तसर्थ टोलीले विविध समूहका हरेक सदस्यलाई उनीहरूको अमूल्य विचार राख्ने अवसर दिइन्छ भन्ने सुनिश्चित गर्नुपर्छ, जसलाई सामुदायको जोखिम व्यवस्थापन योजनामा समेटिन्छ । यसलाई हासिल गर्ने केही सरल तरिकाहरू छन्- उदाहरणको लागि, यदि केही सदस्यहरू छलफलमा हावी भइरहेका छन भने उनीहरूलाई योगदानको लागि धन्यवाद दिनुहोस् र नबोलेको सदस्यहरूलाई विशेष गरेर प्रश्न सोध्दै उनीहरूको योगदान माग्नुहोस् । यदि सबैजना एकैपटक बोल्छन भने छलफलमा लठ्ठी (अथवा कुनै सुहाउँदो वस्तु) को प्रयोग गर्नुहोस् । उक्त वस्तु वक्तालाई दिइन्छ जसले आफु पछिको वक्तालाई त्यो वस्तु दिन्छन्, हातमा उक्त वस्तु भएको व्यक्तिले मात्र बोल्न पाउँछन् । समुदायको नेताको उपस्थितिले अन्य सदस्यहरूलाई खुलेर बोल्न निरुत्साहित गर्न सक्छ । यो समस्यालाई पार लगाउन नेता वा नेताहरूसँग बेग्लै स्थानमा छुट्टै अन्तरवार्ताको प्रबन्ध मिलाउन सकिन्छ ।

## ४.२ सहभागीमूलक औजारहरू

विपद् जोखिमका बारेमा सामूदायिक छलफलमा उपयोग गर्नका निम्ति धेरै सहभागीतमुलक औजारहरू उपलब्ध छन् । यस्ता औजारहरूले धेरै मानिसहरूलाई संलग्न हुने अवसर दिन्छ जसले धेरैजसो समय समस्याहरू र समाधानहरूका बारेमा सहयोगी कुराकानी तर्फ अगाडि बढाउँछ । जोखिम र प्राथमिकताहरूका सन्दर्भमा फरक धारणा हुन सक्ने भएकोले महिला र पुरुषहरूका बेग्ला बेग्लै समूहहरूसँग नक्शाङ्कन, स्तरिकरण र मौसमी पात्रोहरू जस्ता औजारहरूको प्रयोग गर्नु राम्रो उपाय हुन्छ ।

## सहभागीतमुलक औजारहरू कसरी प्रयोग गर्ने

तलका दुइ पृष्ठहरूले हरेक औजारलाई अझ बढी विस्तृत रूपमा व्याख्या गरेको छ र साथै उपयोगी हुन सक्ने थप औजारहरू समावेश गरेको छ

| औजार | PADR को कुन कदम | उद्देश्य |
|---|---|---|
| **सामुदायिक नक्शाकंन** | कदम २ : प्रकोप लेखाजोखा<br>कदम ३ : संकटासन्नता र क्षमता लेखाजोखा<br>कदम ५ : जोखिम व्यवस्थापन योजनाहरू | भवनहरू, संरचनाहरू र प्राकृतिक श्रोतहरू देखाउन<br>प्रकोपद्वारा प्रभावित क्षेत्रहरू र श्रोतहरू देखाउन<br>क्षमताहरू देखाउन -प्रकोपको असर नपरेका वस्तुहरू<br>सुरक्षित क्षेत्र पहिचान गर्न र आकस्मिक योजनाहरूका लागि सुरक्षित स्थानान्तरण गर्ने बाटोहरू बताउन |
| **स्तरिकरण** | कदम २ : प्रकोप लेखाजोखा<br>कदम ३ : संकटासन्नता र क्षमता लेखाजोखा<br>कदम ५ : जोखिम व्यवस्थापन योजनाहरू | कुन प्रकोप अथवा प्रकोपको कुन असर समुदायको निम्ति सबभन्दा महत्वपूर्ण हुन्छ भन्ने निर्धारण गर्न<br>कुन प्राकृतिक श्रोतहरू सबभन्दा महत्वका छन् भन्ने देखाउन<br>मानिसहरूलाई कुन संकटासन्नता बढी प्राथमिकतामा पर्छ र जसलाई योजनामा पहिला सम्बोधन गरिनुपर्छ भन्नेमा सहमत गराउन सहयोग गर्न |
| **समय रेखा** | कदम २ : प्रकोप लेखाजोखा | स्थानीय विपद्का घटनाहरूको इतिहास देखाउन<br>प्रकोपका प्रकार र प्रवृत्तिहरूमा हुने परिवर्तनहरू, आवृत्ति अथवा तिव्रताको पहिचान गर्न जसले गर्दा भविषयमा हुने प्रकोपको संकेत मिलोस् |
| **मौसमी पात्रो** | कदम २ : प्रकोप लेखाजोखा<br>कदम ३ : संकटासन्नता र क्षमता लेखाजोखा<br>कदम ५ : जोखिम व्यवस्थापन योजनाहरू | वर्षका ती विशेष समयहरू देखाउन जब प्रकोपहरू र जीविकोपार्जनका क्रियाकलापहरू हुन्छन्, र कुन क्रियाकलापहरू बढी जोखिममा छन भन्ने देखाउन<br>वर्षका सुरक्षित मौसमहरू देखाउन जुन कृषि र अन्य जीविकोपार्जनका लागि सम्पूर्ण रूपमा सदुपयोग गर्नुपर्छ |
| **भेन डायग्राम** (Vein diagram) | कदम ३ : संकटासन्नता र क्षमता लेखाजोखा<br>कदम ५ : जोखिम व्यवस्थापन योजनाहरू | उनीहरूको तुलनात्मक महत्व र आपसी सम्बन्ध प्रदशित गर्दै विभिन्न सामाजिक समूहहरूको देखिने प्रतिनिधित्व प्रदान गर्न<br>क्षमता भएका तर कम चिनिएका समूहहरूको पहिचान गर्न<br>समुदायलाई असर पार्ने संरचना अथवा प्रक्रियामा परिवर्तन ल्याउन प्रभावित गरिनु पर्ने समूहहरूको पहिचान गर्न (एउटा गतिशील दवाब) |
| **धरातलीय हिंडाई** | कदम ३ : संकटासन्नता र क्षमता लेखाजोखा | समुदायका संकटासन्नताहरू र क्षमताहरूबारे थप जानकारी संकलन गर्न |

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

**समयरेखा**

विगतमा घटेका विपद्हरूको जानकारी संकलन गर्न र देखिएका प्रवृत्तिहरू उपयोग गर्दै भविष यका लागि सम्भाव्य विपदहरूको पूर्वानुमान गर्न यसको प्रयोग गरिन्छ। थोप्ले रेखाको अग्लाइले प्रकोपको तिव्रताता दर्शाउँछ।




**धरातलीय हिंडाइ**

यो विभिन्न जमिनको उपयोग, भवनहरू, आर्थिक क्रियाकलापहरू र प्राकृतिक श्रोतहरू अवलोकन गर्न गरिने योजनावद्ध हिंडाइ हो। प्रश्नहरू सोध्नुहोस र टिप्पणी लेख्नुहोस्। फोटोहरू खिच्न अगाडि अनुमति लिनुहोस्।



**लोक गीतहरू, कथाहरू, कविताहरू**

समुदायसँग विपद्हरू बारे कुनै परम्परागत गीतहरू, कथाहरू, कविताहरू अथवा भनाइहरू छन् कि भनेर सोध्नुहोस्। यस्ता कुराहरूले आदिवासी ज्ञान, विश्वासहरू र अभ्यासहरू उजागर पार्न सक्छ।

**स्तरिकरण**

स्तरिकरण मानिसहरूको समूहलाई कुन प्रकोप, असर अथवा इच्छित क्रियाकलाप उच्चतम प्राथमिकताको भन्ने रोज्न प्रयोग गरिने एक औजार हो। स्तरिकरणले समूहका हरेक सदस्यलाई उनीहरूको आफ्नै विचार राख्न दिन्छ। हरेक व्यक्तिको मत उत्तिकै महत्वपूर्ण हुन्छ।

यो अलग अलग कागजमा रोजाईहरू लेखेर अथवा जमिनमा चित्र कोरेर गर्न सकिन्छ। हरेक व्यक्तिलाई ६ वटा ढुंगाहरू (अथवा बीउहरू अथवा बोतलका बिर्कोहरू) दिइन्छ र तीनलाई प्राथमिकता अनुसार भाग लगाउनु पर्छ। उनीहरूले आफ्नो पहिलो रोजाइमा तीन वटा ढुंगाहरू राख्नुपर्छ भने दोश्रोमा दुइवटा र तेश्रोमा एउटा मात्र ढुंगा राख्न पर्छ। तलको चित्रमा समूहका सदस्यहरूले कुन प्रकोपले उनीहरूलाई सबभन्दा ठूलो असर पार्छ भन्ने तय गर्न मत दिएका छन्।

अन्य विधि अर्न्तगत रोजाइहरू चारवटा कागजी झोलाहरूमा लेख्न अथवा चित्र कोर्न सकिन्छ। मत पहिलेको झैं शुरु हुन्छ। आफ्नो रोजाइको झोलाहरूमा ढुंगाहरू राखिन्छ। गोप्य मतदान गर्न आवश्यकता भएमा यो उपयोगी हुन्छ। अर्को तरिका भनेको कार्डहरूमा लेख्ने वा चित्र बनाउने अनि कार्डहरूलाई भुँइमा राख्ने र समूहलाई कार्डहरूलाई चलाएर त्यसको प्राथमिकीकरण गर्न लगाउने। यसो गर्दा उच्च प्राथमिकताको कार्डलाई सबैभन्दा माथि राखिन्छ।



**भेन डायग्राम**

यसले समुदाय भित्र रहेका सामाजिक समूहहरू र संघसंस्थाहरू, तिनको आकार र असर र आपसी सम्बन्ध दर्शाउँछ ।




नाटक

समुदायका सदस्यहरू विपद्मा के हुन्छ भन्ने कुरा अभिनय गरेर नाटक मार्फत देखाउन सक्षम हुन सक्छन् । सहभागीहरूलाई बल दिन उपयोगी सामान्य रुपरेखा अन्य टियरफण्ड श्रोतहरूमा र tilz (उदाहरणको लागि PILLARS Guide mobilising community को 'Crossing the river' र 'Lightening the fire') मा पाउन सकिन्छ ।




Paul Venton / Tearfund

बन्द अच्छेमा महिलाहरूले बनाएको नक्शा

**नक्शांकन**

यसमा समुदायका मुख्य विशेषताहरू र ऐतिहासिक स्थानहरू नक्शामा राखिन्छ । नक्शामा घरहरू, समुदायका भवनहरू, सडकहरू, पुलहरू र प्राकृतिक श्रोतहरू समेटिन्छ । प्रकोपले असर पारेको क्षेत्र र आकस्मिक अवस्थामा मुख्य श्रोतहरूमा चिन्ह लगाउनुहोस् । नक्शा जमिनमा लौरो, ढुंगाहरू, पातहरू आदिले अथवा कालोपाटीमा चकले, अथवा ठूला कागजहरूमा मार्कर कलमहरूले बनाउन सकिन्छ ।

**मौसमी पात्रो**

यसले प्रकोप कहिले आउँछन र कहिले जीविकोपार्जनका क्रियाकलापहरू र अन्य महत्वपूर्ण गतिविधिहरू गरिन्छ भन्ने कुरा पैष्ट पार्छ । यसले सर्वाधिक जोखिममा रहेका क्रियाकलापहरू र "सुरक्षित" मौसम देखाउँछ । सम्भव भएसम्म स्थानीय पात्रोका महिनाहरूको प्रयोग गर्नुहोस् ।

| | | जनवरी | फ्रेबुअरी | मार्च | अप्रिल | मे | जुन | जुलाई | अगष्ट | सेप्टेम्बर | अक्टुबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकोप | बाढी | | | | | | | ■ | ■ | | | | |
| | पहिरो | | | | | | | | ■ | ■ | | | |
| | मलेरिया | | | | | | | ■ | ■ | ■ | | | |
| क्रियाकलाप | धान रोपाइँ | | | | ■ | ■ | | | | | | | |
| | झार उखेल्ने | | | | | ■ | ■ | | | | | | |
| | धान काटने | | | | | ■ | ■ | ■ | | | | | |
| | तरकारी | | | | | | | | | ■ | ■ | | |
| | बसाइँसराइँ | ■ | ■ | ■ | ■ | | | | | | | | |
| | हस्तकला | ■ | ■ | ■ | | | | | | | | | |
| | | | | | | | | | | | | ■ | ■ |

## ४.३ लक्षित समूह सँग छलफल र अन्तरक्रियाको तयारी

लक्षित समूह अन्तरक्रिया PADR अभ्यासको सबैभन्दा महत्वपूर्ण पाटो हो जसले टोलीलाई स्थानीय प्रकोप, संकटासन्नताहरू र क्षमताहरूमाथि विस्तृत छलफलमा प्रवेश गराउँछ । यो प्रक्रिया प्रश्नावलीहरू र सहभागीमूलक औजारहरूमा संयुक्त रूपमा निर्भर रहन्छ -माथि हेर्नुहोस । लक्षित समूह अन्तरक्रियाको व्यवस्था पहिल्यै गर्नुपर्छ र १२ देखि १५ जनाको समूह तयार गर्नुपर्छ । कम्तिमा दुई समूहरू (एक पुरुष, एक महिला) को आवश्यकता पर्छ तर ठूलो र विविधता भएको समुदायमा अन्य समूहलाई पनि तयार गर्न सकिन्छ ताकि अल्पसंख्यक र सीमान्तकृत समूहहरूको आवाज स्पष्ट सुनियोस् ।

सम्भावित सहभागीहरूमा :

- जेष्ठ नागरिकहरू
- युवा तथा बालबालीकाहरू
- जीविकोपार्जन समूहहरू
- महिला ऋण तथा वचत समूह र पुरुष कृषकहरूको समूह जस्ता समुदायमा कार्यरत समितिहरू अथवा सामाजिक समूहहरू
- अल्पसंख्यक जातीय अथवा धार्मिक समूहहरू

यी भिन्न समूहहरू हरेकको समुदायमा भिन्दाभिन्दै दृष्टिकोण हुन्छ र प्रकोपहरू, संकटासन्नताहरू र क्षमताहरूमा उनीहरूको बुझाइ पनि भिन्दाभिन्दै हुन्छ । बढी बरिष्ठ र शक्तिशाली ठानिएकाहरूले छलफलमा हावी हुन खोज्ने हुँदा मिश्रित समूहमा छलफल गर्नु त्यति राम्रो उपाय होइन ।

सहजकर्ता र उनको टोली तयार र समूहहरूमा उनीहरूले सोध्ने प्रश्नहरू राम्रोसँग बुझेको हुनुपर्छ । अनुवादको आवश्यकता पनि पर्न सक्छ । साथै स्थानीय भाषामा प्रश्नहरू सोध्ने सही ढंगका बारेमा पनि सोच्न पर्ने हुनसक्छ । सहजकर्ताले पहिला नै तयार गरिएका प्रश्नहरू साथमा राख्नुपर्छ तर समुदायले के भनिरहेका छन् भन्ने सुन्न र प्रतिक्रिया दिन लचिलो पनि हुनुपर्छ । प्रश्नहरू अवस्था अनुसार ढालिनु आवश्यक हुन्छ ताकि ती स्थानीय अवस्था र त्यहाँका प्रधान विपद्का प्रकारहरूसँग सान्दर्भिक छन् भन्ने सुनिश्चित गर्न सकियोस् । लक्षित समूह अन्तर क्रियामा सोध्न सकने प्रश्नहरूका उदाहरणहरू परिशिष्ट क (पृष्ठ ८७) मा छन् ।

सहभागीमूलक औजारहरूको पनि राम्रो तयारी हुन आवश्यक छ । समुदायमा जान भन्दा अगावै टोलीले कुन औजारहरू प्रयोग गर्ने र कतिबेला प्रयोग गर्ने भन्ने निर्णय गर्नुपर्छ । कागज, मार्करहरू र स-साना ढुंगाहरू जस्ता अत्यावश्यक सामाग्रीहरू जम्मा गरेर टोलीले साथमा बोक्नुपर्छ ।

हरेक लक्षित समूह अन्तरक्रियाले कम्तिमा एक घण्टाको समय लिनुपर्ने सुझाव दिइन्छ तर दुई घण्टा भन्दा लामो भने हुनु हुँदैन किनभने त्यस अवस्थामा मानिसहरूको रुचि हराउन थाल्छ । PADR प्रक्रियाको भागको रूपमा छलफल गरिनुपर्ने सबै विषयहरू समेट्न हरेक समूहलाई कम्तिमा तीन पटक भेट्नुपर्छ । खाजा र चियाको लागि पनि समय छुट्याएर खानेकुरा बन्दोवस्त गर्नुपर्छ र लक्षित समूहका सदस्यहरूसँग बाँड्नु पर्छ । उदाहरणको लागि स्थानीय लोकप्रिय खाजा, मिठाइ अथवा पेय पदार्थ ।



Bob Hansford / Tearfund

भारतको असममा पुरुषहरूको लक्षित समूह जमीनमा लठ्ठी, ढुंगा र बीउहरूको प्रयोग गरेर नक्शा बनाउँदै

लक्षित समूह अन्तरक्रिया सँगसँगै PADR मा नेतृत्व लिएका अथवा समाजका असरशाली व्यक्तिहरूसँगको अन्तरवार्ता पनि समावेश गर्नुपर्छ। त्यस्ता व्यक्तिहरूलाई मुख्य जानकार भनिन्छ र त्यसमा निम्न व्यक्तीहरू पर्दछन्ः

- सरकारी अधिकृतहरू
- सामुदायिक अगुवाहरू
- विद्यालयका शिक्षक/प्रधानाध्यापक
- स्वास्थ्यकर्मी
- महिला समूहका अगुवाहरू
- धार्मिक नेताहरू
- संयुक्त राष्ट्रसंघका कर्मचारीहरू
- अन्य गैसस कर्मचारीहरू

तयारीको अन्य भागमा समुदायका सुहाउँदा व्यक्तिहरू पहिचान गर्ने र उपयुक्त स्थान र समयमा बैठकको व्यवस्था गर्ने काम पनि पर्न आउँछ।

स्मरण रहोस, मुख्य जानकारहरूको पनि आफ्नै दृटिकोण र अनुभव हुन्छ र व्यक्तिगत रुचि तथा स्वार्थ पनि हुन सक्छन्। यस्ता व्यक्तिहरूबाट प्राप्त जानकारी जहिले पनि लक्षित समूहहरूको भनाइसँग तुलना गरेर हेर्नुपर्छ जसले गर्दा सहजीकरण टोलीले समुदायभित्रका मुद्दाहरू सकेसम्म पूर्ण रूपमा बुझ्न सक्छन्।

मुख्य जानकारहरू लक्षित समूहबाट हुनु हुँदैन किनभने उनीहरूले समूहलाई निर्देशित गर्ने अथवा त्यहाँ हैकम कायम गर्न सक्छन। टोलीमा प्रशस्त सदस्यहरू भएको खण्डमा एकातिर लक्षित समूह अन्तरक्रिया संचालन हुँदै गर्दा अर्कोतिर अन्तरवार्ता पनि लिन सकिन्छ। मुख्य जानकारहरूका लागि सुहाउने प्रश्नहरूको उदाहरण खण्ड ७.३ मा दिइएको छ।

## ४.४ टोलीका भूमिका र जिम्मेवारीहरू

टोलीका सदस्यहरूलाई भिन्न भूमिकाहरूको भाग लगाउनुहोस् ताकि सबैजना आफुले गर्ने कामहरू बारे स्पष्ट होउन् । स्थानीय कर्मचारी अथवा समुदायका प्रतिनिधि (उदाहरण, शिक्षक) लाई टोलीको सदस्य बन्न निमन्त्रणा गर्ने बारेमा सोच्नुहोस् । उनीहरूका लागि निम्न भूमिकाहरू दिन सुझाव दिइन्छः

**मुख्य सहजकर्ता** प्रश्नहरू सोधेर छलफललाई निर्देशित गर्ने र कुराकानीलाई आवश्यकता अनुसार नयाँ विषयतर्फ लैजान जिम्मेवार हुन्छ । सहजकर्ता सबै प्रक्रिया अनि निर्देशन र गति कायम राख्नेवारेमा स्पष्ट हुनुपर्छ । उक्त व्यक्ति सहजीकरणमा अनुभवी हुनुपर्छ ।

**सहायक सहजकर्ता** (अथवा अनुवादक, आवश्यकता परेमा) मुख्य सहजकर्तालाई आवश्यकता अनुसार सहयोग गर्ने । उदाहरणको लागि प्रश्नहरू अस्पष्ट भएमा बुझाइदिने अथवा सहभागीमूलक औजार व्यवस्थित गर्न सघाउने ।

**टिप्पणी लिने** (अथवा रेकर्ड गर्ने) प्रश्नहरूको उत्तर लेख्न र कुनै पनि नक्शाहरू, मौसमी पात्रोहरू, भेन डायग्रामहरू अथवा श्रेणीवद्ध गर्ने अभ्यासहरूको प्रतिलिपी राख्न जिम्मेवार ।

**संभार संयोजकः** समुदायसँग स्थान र समय, उपकरण, कुर्सीहरू अथवा सुकुलहरू र पेय पदार्थ लगायतका व्यवहारिक तयारी मिलाउन जिम्मेवार । उनले बैठकहरूमा समय पनि हेर्नपर्छ ।

## ४.५ जानकारीका अन्य श्रोतहरू

क्षेत्रको बारेमा जानकारीका अन्य श्रोतहरू उपलब्ध हुन सक्छन् । उदाहरणको लागि, स्थानीय सरकारको तथ्याङ्क, नापतौलको डाटा, स्थानीय समुदायमा आधारित संस्थाहरू अथवा गैससका अभिलेखहरू, प्रतिवेदन र मूल्याङ्कनहरू सबै उपयोगी हुन सक्छ । स्थानीय विश्वविद्यालय अथवा वेभठेगानाहरूबाट वैज्ञानिक आँकडाहरू उपलब्ध हुन सक्छन् । यस्ता श्रोतहरूबाट सान्दर्भिक जानकारी हासिल गर्न समय लागेता पनि त्यो अत्यन्त उपयुक्त हुन्छ । यसले समुदाय र त्यहाँ भएका जोखिमको वारेमा राम्रो ज्ञान हासिल गर्न मदत गर्छ । स्थानीय सरकारी अधिकृतहरूलाई प्रक्रियामा शुरुवातदेखि सामेल गराउनु राम्रो हुन्छ । उनीहरूले जनसंख्या र पहिलेका विपद्हरूका आधिकारिक तथ्याङ्क उपलब्ध गराउन सक्छन् । उदाहरणको लागि उनीहरू सरकारी नीति तथा कार्यक्रमहरू बारे मुख्य जानकार हुन्छन् ।

## ४.६ समुदायलाई तयार गर्नु

PADR कार्यान्वयन गर्ने योजना बिशेषगरी समुदायको अगुवाको  परामर्शमा तयार गरिनु पर्छ । जोखिम व्यवस्थापन योजनाको सफल लेखाजोखा र कार्यान्वयनको लागि प्रक्रियाबारे उनीहरूको बुझाइ र स्वामित्व अत्यन्त आवश्यक हुन्छ । साथै सरकारबाट सक्दो सहयोग र आवश्यक सान्दर्भिक अनुमति पाउन पनि महत्वपूर्ण हुन्छ ।

**अपेक्षाहरू**

PADR को उद्देश्य वारे समुदायलाई स्पष्ट पारिनु पर्छ ताकि समुदायले PADR प्रक्रियाको वास्तविक अपेक्षाहरू विकास गरुन् । केही समुदायहरूको राहतमा निर्भर रहने प्रवृत्ति हुन्छ, विशेषगरी विपद्-पश्चातको अवस्थामा जब धेरै मात्रामा खाद्य सहयोग वितरण हुन्छ । सहजकर्ताले PADR समुदायका संकटासन्नताहरू जत्तिकै यसका क्षमताहरू पहिचान गर्ने प्रक्रिया हो भन्नेमा जोड दिनुपर्छ । प्रक्रियाको स्वामित्व र विविध नक्शाहरू, औजारहरू र कार्य योजनाहरू समुदायसँग रहनु पर्छ । यो प्रक्रिया समुदायको लागि सामग्रीहरू अथवा श्रोतहरू प्रदान गर्न गैससहरूले गर्ने आवश्यकता लेखाजोखा अभ्यास जस्तो होइन ।

**लक्षित समूहको समय र स्थान**

खेतबारीको काम अथवा खाना बनाउने समयसँग नजुध्ने गरी हरेक लक्षित समूहको लागि सुहाउँदो समय मिलाउनुपर्छ। समूहका सदस्यहरूको दैनिक तालिकामा मिल्ने गरी सजिलो समय पत्ता लगाउन हरसम्भव कोशिश गर्नुहोस् । बजारका दिनहरू, चाडपर्वहरू अथवा विवाहका दिनहरूसँग नजुध्ने गरी उचित दिन छानिन्छ भन्ने निश्चित गर्नुहोस ।

मानिसहरूलाई सहज महसुस हुने, तलनात्मक रूपमा शान्त र प्रशस्त ठाउँ भएको स्थान पाउनु राम्रो हुन्छ। बैठक बाहिर शीतल छहारीमा गर्दा राम्रो हुन्छ तर केही हदको गोप्यता पनि चाहिन्छ। महिलाहरूको समूहमा बच्चाहरू हुने अपेक्षा राख्दै आमाहरूलाई बच्चाहरूका आवश्यकता पूरा गर्न सहज हुने वातावरण मिलाइदिनुहोस् ।

**जाँचसूची**

समुदायमा जानु अगाडि के तपाईंले तलको जाँचसूचीमा उल्लेखित सबै चरणहरू पुरा गर्नुभएको छ ?

| | |
|---|---|
| लक्षित समूह बैठकहरू र मुख्य जानकारहरूका लागि समुदायमा आवश्यक तयारीहरू (समय, स्थान, आमन्त्रित मानिसहरू आदि) | ✓ |
| यातायात र चमेनाको व्यवस्था भएको | ✓ |
| सामूहिक सहजीकरण र सहभागीमूलक औजारमा टोली तालिम प्राप्त र सक्षम | ✓ |
| टोलीको भूमिका बाँडफाँड भएको र सदस्य बैठकको उद्देश्यबारे स्पष्ट भएको | ✓ |
| टोलीसँग प्रश्नपत्र तयार र स्थानीय भाषा अथवा लवजमा कसरी प्रश्न सोध्ने भन्नेमा जानकार भएको | ✓ |
| आवश्यकता परेको खण्डमा अनुवादको व्यवस्था मिलाइएको | ✓ |
| सहभागीमूलक औजारका सरसामग्रीहरू संकलित (फ्लिप चार्ट, मार्कर, ढुंगाहरू) | ✓ |
| सहायक श्रोतहरूबाट जानकारीहरू संकलन गरेको | ✓ |

## ४.७ PADR र लिंङ्ग

जोखिम लेखाजोखाको समस्त प्रक्रिया भरि नै लैङ्गिकताको विषय संवेदनशील र विस्तृत रूपमा सम्बोधन हुनु महत्वपूर्ण हुन्छ। महिलाहरूका संकटासन्नताहरू र क्षमताहरू पर्याप्त रूपमा निर्धारण होउन भन्ने सुनिश्चित गर्नका लागि मात्र नभइ परिणाम स्वरुप निस्केका कुनै पनि जोखिम न्यूनीकरण क्रियाकलापहरूले समान रूपमा पुरुषहरू, महिलाहरू र बालबालीकाहरूको सुरक्षा वृद्धि गर्न योगदान गरुन भन्ने निश्चित गर्नका लागि पनि यो आवश्यक छ।

सन् २००४ को हिन्द महासागरको सुनामी र १९९१ को बंगलादेशको तूफानको दौरान पुरुषहरू भन्दा धेरै महिलाहरूको मृत्यु भएको थियो किनभने कुनै पनि सँस्कृतिमा महिलाहरूलाई पौडी खेल्न हौसला दिँइदैन। एउटा असल जोखिम लेखाजोखा प्रक्रियाले यस प्रकारको विषयलाई पहिचान गर्नेछ । तयारीको चरणका लागि, तल दिइएको सूचीले यस प्रक्रियालाई पूरा रूपमा “लैङ्गिक समावेशी” बनाउन सहयोग गर्न सक्छ :

- महिलाहरू सहभागी हुन मिल्ने गरी बैठकको समय र स्थान चयन गरौं, व्यस्त समयमा नपारौं, उदाहरणको लागि महिलाहरू खाना बनाउन अथवा पानी भिक्न व्यस्त भएको समयमा बैठक नराखौं ।
- महिला र पुरुषको लागि बेग्लाबेग्लै लक्षित समूह व्यवस्था गर्नुहोस् जसले गर्दा दुइ समूह विच गोप्यता कायम होस् ।
- महिला समूहको लागि महिला सहजकर्ताको व्यवस्था गर्नुहोस् किनभने उनी समूहका सदस्यहरूलाई राम्रोसँग बुझ्न र घुलमि हुन सक्छिन् र उनी साँस्कृतिक रूपमा पनि स्वीकार हुन्छिन् । यदि तपाईंसँग यो भूमिका निर्वाह गर्न सक्ने महिला कर्मचारी नभएको खण्डमा, समुदायका महिलाहरूलाई समूह सहजीकरण गर्न तालिम दिने वारेमा सोच्नुहोस् ।
- टिप्पणी लिने व्यक्तिले PADR का परिणामहरूको त्यसरी अभिलेख राख्नुपर्छ जसले, महिला र पुरुषका बेग्लाबेग्लै जोखिमहरू, संकटासन्नताहरू र क्षमताहरूलाई समेटोस भन्ने सुनिश्चित गर्नुहोस् ।
- लेखाजोखामा महिलाहरूका परम्परागत ज्ञान र धारणाहरू समाविष्ट हुन्छ भन्ने सुनिश्चित गर्नुहोस् ।
- पहिलाका विपद्हरूका तथ्याङ्क संकलन गर्दा, घाइते र मृत्यु भएका महिला र पुरुषका छुट्टा छुट्टै आँकडा हासिल गर्ने प्रयास गर्नुहोस् ।
- मुख्य जानकारहरूको छनोट गर्दा, पुरुषका साथ साथै महिलाहरूको पनि अन्तरवार्ता लिने तर्फ ध्यान दिनुहोस् । उदाहरणको लागि, महिला समूहकी नेतृ अथवा महिला शिक्षिकाहरू ।
- सामुदायिक स्तरमा लिंङ्गहरूका बीच हुने असमानताहरू पहिचान गर्नका लागि प्रक्रियाको कुनै चरणमा लैंङ्गिक विश्लेषण गर्नेतर्फ ध्यान दिनुहोस् (लैंङ्गिक विश्लेषण संचालनमा थप जानकारीका लागि तलको असल अभ्यास निर्देशिका हेर्नुहोस्) । यसले संकटासन्नता र क्षमता लेखाजोखामा मदत गर्छ ।

यस विषयमा थप जानकारीका लागि, यी प्रकाशनहरू सीफारिश गरिन्छ

UNISDR 2009: Making disaster risk reduction gender sensitive: policy and practical guidelines.

UNISDR 2008: Gender perspectives: integrating disaster risk reduction into climate change adaptation.

Tearfund Good Practice Guide: Gender Sensitivity, especially the framework on page 16.
tilz.tearfund.org/Topics/Disasters/Disaster+management+good+practice



Peter Grant / Tearfund

कम्बोडियाका युवाहरूको लक्षित समूह

# कदम २ : प्रकोप लेखाजोखा

PADR को दोश्रो कदम मानिसहरूले स्थानीय क्षेत्रमा सामना गर्ने प्रकोपहरूको छानविन गर्नु हो । प्रकोप एक विषम घटना हो जसले जीवनलाई चोट दिने तथा पूँजी र वातावरणलाई क्षति गर्न सक्छ । वर्तमान र भविष्यमा समुदायलाई असर गर्न सक्ने मुख्य प्रकोप र अन्यको बारेमा पूर्ण बुझाई सुनिश्चित गर्न हामीले प्रकोपहरूको विस्तृत अध्ययन गर्न जरुरी हुन्छ । धेरै देशहरूमा महत्वपूर्ण रूपमा जलवायु परिवर्तन भइरहेको छ तसर्थ मौसम सम्बन्धी प्रकोपहरूको शैली पनि परिवर्तन भइरहेको छ ।

## ५.१ प्रकोपका प्रकारहरू

बारम्बार घटिरहने विश्वव्यापी केही प्रचलित प्रकोपहरू :




प्रकोपलाई अक्सर विशुद्ध प्राकृतिक घटनाको रूपमा मात्र लिनु सम्भव हुँदैन । राम्रो विश्लेषणमा उल्लेख्य मानवीय कार्यहरूलाई पनि ध्यानमा राख्नु पर्छ । प्राकृतिक घटनाहरूको रूपमा व्याख्या गरिने प्रकोपहरू प्राय मानवका क्रियाकलापहरूसँग जोडिएका हुन्छन् र त्यस्ता क्रियाकलापका कारण ती झन् डरलाग्दा बन्न पुगेका हुन्छन् । उदाहरणको लागि, वनविनाश जस्तो वातावरणीय क्षतिले बाढी र पहिरो बढाउन भूमिका खेल्दछ ।

प्रकोपहरूलाई तिव्र र सुस्त रूपमा आउने घटनाहरूमा भाग लगाउन सकिन्छ । तिव्र रूपमा आउने प्रकोपहरूका उदाहरणहरूमा भूकम्पहरू अथवा थोरै चेतावनीमा नै किनारा भत्काएर आउने बाढीहरू हुन् । सुस्त रूपमा आउने प्रकोपहरू विकसित हुन समय लिने हुँदा तिनको लागि तयारी गर्न सजिलो हुन्छ । उदाहरणहमा खडेरी जुन केही हप्ताहरू अथवा महिनाहरूको अवधिमा भएको वर्षा अनुसार विकास हुन्छ । साथै समुद्री सतहको अथवा माटोमा लवणको सुस्त वृद्धि पनि यसका उदाहरणहरूमा पर्छन् ।

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

## ५.२ प्रकोपहरूको लेखाजोखा गर्नु

स्थानीय प्रकोपहरूको सामुदायिक छलफलमा सहजीकरण गर्न लक्षित समूहहरू उपयोग गरिन्छ। स्वाभाविक रूपमा प्रकोपहरू एक भन्दा बढी हुन्छन् तर समुदायले बृहत्त क्षति र नोक्सानी पुऱ्याउन सक्ने भनि छनोट गरेका बढीमा तीन वटा सम्मको बारेमा छलफल गर्नु उचित हुन्छ।

तल दिइएका प्रश्नहरूलाई तिन मुख्य प्रकोपहरू मध्ये हरेकका प्रकृति र ढंग निर्धारण गर्न प्रयोग गरिनु पर्छ। तीन स्तम्भहरूमा उत्तरहरू लेखिनु पर्छ। "तिव्रता" बारे छलफल गर्दा समुदायले यसलाई असरको रूपमा लिन सक्छन् (उदाहरण, ८० प्रतिशत गाइहरू मरे), यद्यपि मानिसहरूलाई प्रकोपको बारेमा जानकारी दिन प्रोत्साहित गर्नुहोस्, जस्तै कि बाढीको पानीको गहिराई अथवा पानी नपरेका हप्ताहरू।

प्रकोपको इतिहास जाँच गर्न विगतका २० देखि ३० वर्षहरूको समयरेखा राम्रो औजार हुन्छ, तर स्पष्ट विवरणको छलफलमा धेरै समय खर्च गर्न नलगाउनुहोस्। यस कदमको लागि ३० देखि ४५ मिनेट भन्दा बढी समय लिइनु हुँदैन। समूहले अन्य उत्तरहरू जम्मा गरिसकेपछि प्रश्न नं २ को जवाफ दिने इच्छा गर्न सक्छन्।

प्रकोप लेखाजोखा तालिका[८]

| प्रश्न | प्रकोप १ | प्रकोप २ | प्रकोप ३ |
|---|---|---|---|
| १ **प्रकार** तपाईंको समुदायलाई सामान्यतया कस्ता प्रकोप/विपद्ले प्रभावित पार्छन् ? | | | |
| २ **महत्व** समुदायमा पार्ने असरको आधारमा कुन प्रकोपलाई तपाईं बढी गम्भीर मान्नुहुन्छ ? (श्रेणीवद्ध गर्ने अभ्यास गर्नुहोस् ) | | | |
| ३ **इतिहास** यस समुदायलाई असर पारेको पछिल्लो महत्वपूर्ण प्रकोप कुन थियो ? र त्यो कहिले घटेको थियो ? | | | |
| ४ **आवृत्ति** यो प्रकोप कत्तिको घटिहरन्छ (उदाहरण, हरेक वर्ष, तीन वर्षमा एकपटक) ? | | | |
| ५ **तिव्रता** प्रकोपको प्रचण्डता तपाईं कसरी मापन गर्नुहुन्छ (उदाहरण, पानीको गहिराइ, हवाको गति, वर्षाको कमी, क्षति) ? राम्रो वर्ष र खराब वर्षमा तपाईं के अवलोकन गर्नुहुन्छ ? | | | |
| ६ **समयावधि** यो प्रकोप कति समय सम्म रहिरहन्छ (घण्टा, दिन, हप्ता) ? | | | |
| ७ **क्षेत्र/स्थान** समुदायका कुन भागहरू सबभन्दा नराम्ररी प्रभावित भएका छन् ? (नक्सामा देखाउन सकिन्छ) | | | |
| ८ **संकेत** परम्परागत या सरकारी स्तरबाट कुनै पूर्व चेतावनी ? कति छिटो (अथवा ढिलो) प्रकोप देखा पर्छ ? | | | |
| ९ **प्रवृत्ति** प्रकोपको आवृत्ति, समयावधि अथवा प्रचण्डतामा कस्ता परिवर्तनहरू आइरहेका छन् ? कुनै नयाँ प्रकोपहरू ? | | | |

८ नापेर नराख्ने - हरेक स्तम्भहरुमा थप ठाउँहरुको आवश्यकता पर्छ

समुदायले विगतमा घटेका प्रकोपहरूको मात्र व्याख्या गर्न सक्छन्। यद्यपि प्रवृत्ति (प्रश्न नं ९) अन्तर्गत देखापरिरहेका कुनै नयाँ परिवर्तनहको परिणाम हुन सक्छन्। आउँदा वर्षहरूमा यस्ता नयाँ प्रकोपहरू अन्यन्त महत्वपूर्ण समस्याहरू बनेर आउने सम्भावना हुन्छ। टोलीका सदस्यहरूले वैज्ञानिक श्रोतहरूबाट केही निकाल्न

सक्नेछन् । उदाहरणको लागि इन्टरनेट मार्फत सरकारी तथ्याङ्क, विश्वविद्यालयका शोधहरू र वैज्ञानिक तथ्याङ्क/प्रतिवेदनहरू हेर्न सकिन्छ (अर्को पृष्ठ हेर्नुहोस्) । कार्य योजनाले यसलाई ध्यानमा राख्नु पर्छ ।

**इथियोपियाको उदाहरण**

| प्रकोपका प्रकार | खडेरी, कहिले काही शत्रुजीवको आक्रमण |
|---|---|
| बढी असर पार्ने प्रकोप | खडेरी |
| इतिहास | अति गम्भीर खडेरी १९८० को दशकको मध्यतिर, त्यसपछि कम खडेरी |
| आवृत्ति | हरेक पाँच वर्षमा (अनुमानित) |
| तिव्रता | १९८० को खडेरीका असरहरूसँग तुलना गरिन्छ। असरहरूमा मानिसहरूको मृत्यु र विस्थापन, पशुचौपाया र बालीनालीको क्षति पर्दछ। जीविकोपार्जन नराम्ररी प्रभावित भएको। |
| समयावधि | एक देखि तीन वर्ष |
| स्थान | स्थानीय सबै क्षेत्र प्रभावित |
| चेतावनीका संकेतहरू र प्रकोपको गति | कम वर्षा हुने संकेतहरू एक महिना अगि देखि देखिन्छन (उदाहरण रुखहरूमा फुल लाग्ने शैली, किराहरूको क्रियाकलाप, हावा) |
| प्रवृत्ति | कृषकहरूका अनुसार खडेरीहरू पहिलाभन्दा बढी आवृत्तिमा हुन थालेका छन र वर्षा अस्थिर र अनुमान गर्न नसकिने भएको छ। |

तपाईंको प्रकोप लेखाजोखामा सहायक श्रोतहरू (खण्ड ४.५) बाट प्राप्त जानकारीहरू थप्नुहोस् । तपाईंको अनुसन्धान समुदायसँग बाँड्ने र यसले मानिसहरूको अनुभव समेट्छ कि समेट्दैन भनेर जाँच्ने समय यही हो । यही क्षेत्रमा केही समय विताएका अन्य व्यक्तिहरू अथवा संस्थाहरूबाट समेत कहिलेकाहीं जानकारी संकलन गर्न सकिन्छ । उनीहरूले विपद् सम्बन्धित परियोजनाहरूमा गरेको कामहरूको आधारमा मूल्यवान जानकारीहरू दिन सक्छन् । त्यसपछि टोलीले राम्रो जानकारी प्रस्तुत गर्न उनीहरूको अनुसन्धानबाट वैज्ञानिक तथ्याङ्कहरू (उपलब्ध भएको खण्डमा), समुदायको टिप्पणी र अन्यबाट प्राप्त सूचनाहरू जम्मा गर्न सक्छन् । एक श्रोतबाट लिइएका जानकारीहरू अन्य श्रोतहरूसँग दाँज्न त्रिभुजीकरण जाँच एउटा महत्वपूर्ण सिद्धान्त हो ।

समुदायमा मौसम सम्बन्धी तथ्याङ्कहरू संकलन गर्ने कम खर्चिला तरिकाहरू पनि छन् जसले समुदायको आफ्नै अभिलेखका लागि प्रकोप सम्बन्धित जानकारी निर्माण गर्न सक्छ । यसका उदाहरणको रूपमा स्थानीय विद्यालयद्वारा तापक्रम र वर्षा मापन गरिने काम पर्छन् ।

प्रकोपहरू मापन गर्ने केही परिचित वैज्ञानिक तरिकाहरू निम्नानुसारका छन् :

| प्रकोपको प्रकार | मापन गरिने माध्यम/तरिका |
|---|---|
| बाढी | पानीको गहिराइ (अधिकतम), पानीको बहाव, पानी रहेका दिनहरू, वर्षा |
| खडेरी | पानी नपरेका दिन/हप्ताहरू, वर्षाको तथ्याङ्क |
| तुफान | हवाको गति (अधिकतम), वर्षाको तथ्याङ्क, गति/दिशा अथवा |
| भूकम्प | रेक्टर स्केल |

# ५.३ जलवायु परिवर्तन

जलवायु परिवर्तनको मौसमी प्रकोपहरू माथिको असर उल्लेख्य रूपमा बढ्दो क्रममा छ, विशेषगरी बाढी, तुफान र खडेरीहरूमा। मौसमको शैलीमा सुस्त परिवर्तनहरूले दैनिक जीवनमा बाढी, तुफान र खडेरीका चरम घटनाहरूले भन्दा ठूल्ठूला समस्या सिर्जना गर्न सक्छन्।

केही अवस्थाहरूमा स्थानीयहरू मौसमको बदलिंदो शैली, समुद्री सतहमा वृद्धिहरूका बारेमा जानकार हुन सक्छन्। अन्य अवस्थाहरूमा समुदायले पहिले नभोगेका प्रकोपहरू देखा पर्न थाल्न सक्छन्। प्रकोपहरू नियमित रूपमा देखा पर्न थाल्न सक्छन्। प्रकोप लेखाजोखा विधि (माथि) मुख्यतः विगतमा घटेका प्रकोपहरूमा आधारित छ र यसले भविष्यमा आउन सक्ने प्रकोपहरूलाई नसमेट्न सक्छ।

तसर्थ, प्रकोप लेखाजोखा प्रक्रियाको लागि टोली नेताले टोलीद्वारा स्थानीय स्तरमा संकलित तथ्याङ्कका साथै अन्य वैज्ञानिक तथ्याङ्कका श्रोतहरू जाँच गर्नु आवश्यक हुन्छ। यस्ता जानकारीहरू प्रकोप लेखाजोखा नमूनाको "प्रवृत्ति" समूहमा राखिनु पर्छ। संकटासन्नता र क्षमता लेखाजोखाको प्रतिपुष्टि दिने समयमा समुदायसँग जलवायु परिवर्तनको असरको व्याख्या गरिनुपर्छ (हेर्नुहोस् खण्ड ८.१, कदम १ - तथ्याङ्क पुष्टि)। यसरी यस्ता परिवर्तित अवस्थाहरू अथवा उदयीमान प्रकोपहरूको सामना गर्न भविष्यका क्रियाकलापहरूको परिकल्पना गर्न सकिन्छ।

विभिन्न देशहरूमा जलवायु परिवर्तनको थप विशेष जानकारी खोजी गर्ने धेरै तरिकाहरू छन्। जलवायुमा अपेक्षित परिवर्तनहरू र मौसमी विपद् जोखिमहरूको विवरण सहित धेरै देशहरूका लागि "देशीय प्रोफाइल" तयार पारिएको छ।

| श्रोत | विवरण | वेब ठेगाना |
|---|---|---|
| Tearfund Country Climate Profiles | टियरफण्डका सहकर्मीहरूले काम गरिरहेका देशहरूमा संकलन गरिएको प्रोफाइल | tilz.tearfund.org/Topics/Environmental+Sustainability |
| Adaptation Learning Mechanism | देश प्रोफाइलहरू, तापक्रम, वर्षा र जलवायु सम्बन्धित विपद् जोखिमका प्रक्षेपित परिवर्तनहरू र असरहरू | www.adaptationlearning.net |
| UNDP Climate Change Country Profiles | ५२ देशका प्रोफाइलहरू | country-profiles.geog.ox.ac.uk<br>Click on reports next to the relevant country. |
| World Bank Climate Change Data Portal | जलवायु परिवर्तनको वैज्ञानिक प्रक्षेपण प्रस्तुत गर्छ, साथै विशेष परियोजनाका प्रकारहरू र अनुकूलनताहरूका सम्भाव्य असरहरूको व्याख्या पनि गरिएको छ | sdwebx.worldbank.org/climateportal |
| Climate 1-stop | यो औजार डिसेम्बर २००९ मा कोपन्हेगनमा आरम्भ गरिएको थियो। यो सबै देशहरूको प्रोफाइल, घटना अध्ययनहरू र जलवायु परिवर्तन अनुकूलन औजारहरू प्रदान गर्ने तर्फ लक्षित छ। | www.climateonestop.net |
| जानकारीका राष्ट्रिय सरकारी श्रोतहरू सेड्राको पृष्ठ १७ मा सुचिकृत गरिएका छन्। | | |

# ६ कदम ३ : संकटासन्नता र क्षमता लेखाजोखा

कुनै संकटासन्न समुदायमा प्रकोप आइपर्दा त्यसले विपद्को रुप लिन्छ । जीवन, जीविकोपार्जन, पूँजी र वातावरणका विभिन्न पक्षहरूमा क्षति पुग्छ । यिनीहरूलाई “जोखिममा परेका तत्वहरू भनिन्छ” ।

PADR मा हामीले जोखिममा परेका तत्वहरूमा प्रकोपको असरको अभिलेख राख्नु आवश्यक पर्छ । यसका साथै केही गहन प्रश्नहरू पनि सोध्नु पर्छ : यो प्रकोपले यति क्षति के कारणले पुऱ्याउन सक्यो-हावा, जमिनको कम्पन अथवा बाढी आदि ? यस प्रश्नको जवाफले समुदायका संकटासन्नताहरू बारे जानकारी प्रदान गर्छ ।

संकटासन्नताहरूका अलावा, विपद् प्रभावित समुदायसँग सामुदायिक, पारिवारिक अथवा व्यक्तिगत स्तरमा क्षमताहरू सँधै हुन्छ । तसर्थ यो पाठले समुदायका सबल पक्षहरू र सामना गर्ने संयन्त्रहरू निर्धारण गर्दै संकटासन्नताहरूको लेखाजोखाको साथै क्षमता लेखाजोखासँग पनि सरोकार राख्छ ।

## ६.१ असर र संकटासन्नता

असर र संकटासन्नता बीचको सम्बन्धलाई निम्न उदाहरणहरू मार्फत दर्शाउन सकिन्छ । पहिलो उदाहरण अचानक आउने बाढीको लागि र दोश्रो खडेरीका लागि ।

उदाहरण १
**प्रकोप–बाढी**

| जोखिममा परेका तत्वहरू | जोखिममा परेका तत्वहरूमा असर | यस्तो असर पर्न दिने सम्भाव्य संकटासन्नताहरू |
|---|---|---|
| घरहरू | घरहरूमा क्षति | नदीका नजिकका घरहरू<br>कमजोर घर निर्माण अथवा कमजोर जग<br>पर्खाल, तटबन्ध अथवा रुखहरू नहुनु |
| पानी वितरण | इनारहरूमा संक्रमण | नदी नजिकका इनारहरू<br>इनारमा ढक्कन नहुनु अथवा संक्रमणबाट सुरक्षित नहुनु |
| जीविकोपार्जनहरू | बालीनालीमा नष्ट | तल्लो भूभाग अथवा नदी नजिक रहेका खेतबारीहरू<br>बाढीको मौसम र बालीनालीको मौसम एकसाथ हुनु<br>पर्खाल, तटबन्ध अथवा रुखहरू नहुनु |
| प्राकृतिक श्रोतहरू | प्राकृतिक श्रोतहरू नष्ट | जलवायु र वातावरण परिवर्तनले अब पहिलेका उत्थानशील पूँजीहरूमा क्षति पार्ने प्रकारका प्रचण्ड मौसम ल्याएको छ |

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

**उदाहरण २**

**प्रकोप –खडेरी**

| जोखिममा परेका तत्वहरू | जोखिममा परेका तत्वहरूमा असर | यस्तो असर पर्न दिने सम्भाव्य संकटासन्नताहरू |
|---|---|---|
| स्वास्थ्य | स्वास्थ्य समस्याहरू | स्वास्थ्य सम्बन्धि ज्ञानको अभाव<br>शुद्ध पिउने पानीका श्रोतहरूको अभाव |
| जीविकोपार्जनहरू | खेतबारीबाट न्यून अथवा शुन्य उत्पादन | बालीनाली खडेरी प्रतिरोधी नहुनु<br>सिंचाइ प्रणालीको अभाव<br>अपर्याप्त कृषि प्रसार सेवाहरू |
| जीविकोपार्जनहरू | पशुचौपायको मृत्यु | केही पशुहरू खडेरीको राम्रो संग सामना गर्न नसक्नु<br>केही जनावहरूहरूको स्वास्थ्य ठीक नहुनु<br>बथान धेरै ठूलो हुनु<br>पशुचिकित्सा सेवाहरू उपलब्ध नहुनु |
| प्राकृतिक श्रोतहरू | जंगली जनावर हरू/वनस्पतिहरूको न्यून संख्या | अहिले देखा पर्ने खडेरीको सामना जंगली जनाव हरू / वनस्पतिहरूले समेत गर्न सक्दैनन |

क्षति (असर) लाई सामान्यतया व्याख्या गर्न सजिलो हुन्छ, किनभने समुदायमा प्रकोपको असर झट्टै देखिन्छ। संकटासन्नता देख्न गाह्रो हुन सक्छ तर यसलाई अक्सर अनुपस्थित रहेका कुराहरूसँग जोडेर हेरिन्छ या समुदायका केही सदस्यहरूको पहुँच बाहिर हुन्छ।

**संकटासन्नतामा विविधताहरू**

संकटासन्नता एक देशबाट अर्कोमा उल्लेख्य रूपमा फरक हुन सक्छ। उदाहरणको लागि, क्यारेबियन द्वीप क्युबा तूफानहरूको सामना गर्न राम्रोसँग तयार छ : संकटासन्नता न्यून छ र थोरै जनधनको मात्र क्षति हुन्छ। छिमेकी मुलुक हैटी निकै कम तयार छ र परिणामतः संकटासन्नता उच्च छ। समान बेगको तूफानले हैटीमा बढी क्षति हुन्छ र धेरै जीवन गुम्न सक्छ।

एकै गाउँमा पनि कुनै परिवार विपद्को उच्च जोखिममा हुन सक्छन् –गरिबी, अवस्थिति अथवा घरको प्रकार का कारण अथवा परिवारमा बिरामी भएका कारण आदि। जबकि अन्य परिवारहरू निकै कम संकटासन्न हुन सक्छन्। कुनै सामाजिक, जातिय अथवा धार्मिक समूहहरू अन्य भन्दा बढी संकटासन्न हुन सक्छन् किनभने उनीहरू प्रकोपबाट प्रभावित क्षेत्रहरूमा बसेका हुन्छन्।

संकटासन्नता घर-परिवार भित्र पनि भिन्न हुन सक्छ। पुरुषहरू भन्दा महिलाहरू साधारणतया धेरै संकटासन्न हुन्छन। बालबालीकाहरू, वृद्धजेष्ठ नागरिक र दीर्घरोगी मानिसहरू (एच.आइ.भी भएका व्यक्तिहरू समेत) पनि उच्च संकटासन्न हुन सक्छन् किनभने उनीहरू खराब स्थितिहरूको सामना गर्न अथवा उम्केर जान कम सक्षम हुन्छन्।

## ६.२ क्षमताहरू

संकटासन्नताहरूको साथै एउटा समुदायसँग क्षमताहरू अथवा सबल पक्षहरू हुन्छ जसले प्रकोपको असर घटाउन मद्दत गर्छ। क्षमताहरूमा प्रकोपहरूको सामना गर्ने परम्परागत तरिकाहरू सहित ज्ञान अथवा सीपहरू पर्छन्। यसमा बैकल्पिक बालीनाली अथवा जीविकोपाजर्न अथवा विस्तारित पारिवारिक सहायता संयन्त्र पनि पर्न सक्छन्।

धेरै क्षमताहरू प्रकोपसँग सम्बन्धित हुन्छन् जबकि अन्य कुनै पनि प्रकोप विरुद्ध उपयोगी हुन्छन्। उदाहरणको लागि केराका रुखहरू बाढी आउने क्षेत्रमा हुन सक्छन् किनभने केराका थामहरू सँगै बाँधेर साधारण डुंगा अथवा प्लेटफर्म

बनाउन सकिन्छ यद्यपि केराका रुखहरू भूकम्प विरुद्ध क्षमताको रूपमा खासै उपयोग हुँदैनन् । अन्य त्तत्वहरू जस्तै बचत, बेच्न सकिने रेडियो अथवा गहना, कुनै पनि विपद्का घटनाबाट पुर्नलाभ गर्न सघाउन उपयोगी सिद्ध हुन्छन् ।

कुनै एक पूँजी संकटासन्नता र क्षमता दुवै हुन पनि सम्भव छ । उदाहरणको लागि, खडेरीको समयमा कामको खोजीमा महिला अथवा पुरुष घर छोडेर हिंड्नु सामना गर्ने प्रचलित रणनीति अथवा आर्थिक क्षमता हो । दुर्भाग्यवश, परिवार छुट्टिनुका नकारात्मक परिणामहरू पनि हुन सक्छन् । एक्लो कमाउने मान्छे भएको परिवारमा बालबालीकामाथि घर को काम सघाउन काम गर्न अथवा विद्यालय छोड्न पर्ने दवाब बढ्न सक्छ ।

थप उदाहरणको रूपमा, धेरै समुदायहरूमा गाईहरूको ठूलो बथान हुनु सम्पन्नताको प्रतिक मानिन्छ अथवा एक आर्थिक क्षमताको रूपमा लिइन्छ । दुर्भाग्यवश, खडेरीको समयमा अथवा घाँसपातको अभावमा धेरै जनावरहरू हुनु, उनीहरूले खडेरीको प्रतिरोध गर्न नसक्नु र मानिसहरू एकल जीविकोपार्जनमा निर्भर हुनु जस्ता त्तत्वहरू सबै मिलेर मानिसहरूलाई खडेरीप्रति थप संकटासन्न बनाउन सक्छन् ।

## ६.3 संकटासन्नता र क्षमताको लेखाजोखा

संकटासन्नता र क्षमता लेखाजोखाको पहिलो कदम पाँच वर्गहरूका त्तत्वहरूमा यस्ता प्रकोपहरूको वास्तविक असरहको अभिलेख राख्नु हो (पृष्ठ २८-९ हेर्नुहोस) । भिन्न प्रकोपहरूले यस्ता वर्गहरूलाई भिन्न रूपमा असर पार्छन् । उदाहरणको लागि, बाढीको घरहरू (भौतिक) र जीविकोपार्जन (आर्थिक) मा निकै ठूलो असर हुन सक्छ । तर सायद जंगल र माछाहरू (प्राकृतिक श्रोतहरू) माथि धेरै सानो असर पर्न सक्छ । अर्को पक्षमा हेर्दा, खडेरीले प्राकृतिक श्रोतहरूमा ठूलो असर पार्न सक्छ जबकि भौतिक पूर्वाधारमा खासै असर पार्दैन ।

प्रश्नहरूको समूह (परिशिष्ट क हेर्नुहोस) मा हरेक वर्गको पहिलो प्रश्न सँधै प्रकोपको असर सम्बन्धि हुन्छ । सहभागीतामूलक औजारले (उदाहरण, नक्शा, मौसमी पात्रो अथवा समयरेखा) असरलाई थप प्रष्टसँग परिभाषित गर्न र संकटासन्नताहरू र क्षमताहरू पहिचान गर्न मदत गर्छ । स्मरण रहोस्, व्यक्तिगत वर्गमा, महिला र पुरुषहरू माथिको असर उस्तै नहुन सक्छ ।

जब कुनै त्तत्व विशेषमा उच्च असर हुन्छ, यस्तो असर हुन दिने संकटासन्नताहरूको पहिचान गर्नै पर्छ । धेरैको संख्यामा "किन" प्रश्नहरू सोधेर यो काम गरिन्छ ।

कुनै त्तत्व विशेषमा असर न्यून छ भने यस्ता त्तत्वहरू, क्षमताहरू बन्ने सम्भावाना रहन्छ जसले परिवार अथवा समुदायलाई प्रकोप सहन र पुर्नलाभ गर्न सक्षम बनाउँछ ।

**व्यक्तिगत (पुरुष/महिला) संकटासन्नताहरू र क्षमताहरू**

यस कदमको विश्लेषणले समुदायका सर्वाधिक संकटासन्न व्यक्तिहरूको पहिचान गर्न पर्छ । यसमा अक्सर महिला र बालबालीकाहरू पर्छन् र बयोवृद्ध, विरामी र शारीरिक र मानसिक रूपमा कम सक्षमहरू पनि यसमा पर्न सक्छन् । यस्ता समूहहरूको संकटासन्नता स्थान विशेषका चालचलनहरू अथवा सँस्कृतिहरूका कारण हुन सक्छ । उदाहरणको लागि, महिलाहरू कम शिक्षित हुन सक्छन, घर बाहिर हिंडडुल गर्ने स्वतन्त्रता कम हुन सक्छ अथवा उनीहरूका पति र छोराछोरीलाई आफूभन्दा पहिला खुवाउन पर्ने अपेक्षा राखिएको हुन सक्छ । महिलाहरूलाई अक्सर निर्णय गर्ने र योजना बनाउने प्रक्रियाहरूमा सहभागी गराइँदैन तैपनि धेरैजसो काम उनीहरूले नै गर्छन् । यस वर्गमा जानकारी संकलन गर्दा पुरुष र महिलाका तथ्याङ्क बेग्लाबेग्लै राख्नु पर्छ ।



एच.आइ.भी सँग सम्बन्धित दीर्घ रोगहरूबाट पीडित मानिसहरू विशेष संकटासन्न हुन सक्छन् (उदाहरण, छिटो हिंड्न असमर्थ), तर यसका साथै उनीहरूका परिवारहरूका लागि पनि संकटासन्नता सिर्जना गर्छन् (उदाहरण, खेतीपातीमा लगाउन सकिने समय र पैसा हेरचाहमा खर्च हुने)।

प्रकोपहरू बारे ज्ञानको कमी अथवा ती बाट बच्ने तरिकाहरू नजान्नाले पनि संकटासन्नता हुन सक्छ। सबै भन्दा कम पढेलेखेकाहरू अथवा राष्ट्रभाषा बुझ्न कम सक्षमहरू लिखित सामाग्रीहरूको पहुँचबाट पर रहन्छन् (पोष्टर, पत्रपत्रिका आदि) अथवा रेडियो मार्फत प्रसारण गरिने जानकारीबाट समेत लाभान्वित नहुन सक्छन्।

मानिसहरू अक्सर आफ्नै व्यक्तिगत पूँजीहरूलाई आधार बनाएर अन्य वर्गहरूका पूँजीहरूको सर्बोत्तम उपयोग गर्छन्। उदाहरणको लागि, मानिसहरूसँग प्रतिरोधी बाली अथवा खानयोग्य जंगली वनस्पतिहरूको परम्परागत ज्ञान हुन सक्छ जसले गर्दा उनीहरू उपलब्ध प्राकृतिक श्रोतहरूको राम्रो प्रयोग गर्न सक्षम हुन्छन। अर्को महत्वपूर्ण खूबी प्रकृतिका संकेतहरू व्याख्या गर्न सक्ने क्षमता हो जुन अक्सर विपद्का घटनाहरू भन्दा पहिला देखिन्छन्, जस्तै सुनामी आउनु अगाडि भैंसी उकालोतिर दौडने आदी।

तलको तालिकाले केही आम व्यक्तिगत संकटासन्नताहरू र क्षमताहरू देखाउँछन्। यस वर्गमा जानकारी संकलन गर्दा महिला र पुरुषको तथ्याङ्क बेग्लाबेग्लै राख्न वारेमा सम्झनुपर्छ।

व्यक्तिगत संकटासन्नताहरू र क्षमताहरू

| संकटासन्नता | क्षमता |
|---|---|
| न्यून साक्षरता दर | उच्च साक्षरता दर |
| प्रकोपहरू र तिनको सामना कसरी गर्ने भन्ने बारेमा थोरै मात्र जानकारी, विगतका ज्ञान नहुनु | प्रकोपहरू र तिनको सामना कसरी गर्ने भन्ने बारेमा राम्रो जानकारी, सायद पुर्खाहरूबाट हासिल |
| शैक्षिक अथवा सीपमुलक तालिमका अवसरहरूको कमी | शैक्षिक र नयाँ सीपहरू सिकाइको राम्रा अवसरहरू |
| एच.आइ.भी अथवा मलेरिया जस्ता रोगहरूको उच्च दर | जनसमुदायको राम्रो स्वास्थ्य स्थिति |
| महिलाहरूको हिंडडुल अथवा पोशाकमा सँस्कृतिद्वारा बन्देज | महिलाहरू सशक्तिकृत, उनीहरूका ज्ञान र श्रोतहरूको सम्मान |
| शारीरिक रूपमा खेतीपाती अथवा जीविकोपार्जनका अन्य क्रियाकलापहरू गर्न सक्षम महिला अथवा पुरुषहरूको कमी | सहि शारीरिक अवस्थाका महिला र पुरुषहरूको उपस्थिति, विशेषगरी युवाहरू |

**सामाजिक संकटासन्नताहरू र क्षमताहरू**



व्यक्तिहरू र परिवार बीचका सम्बन्धहरू र सञ्जालहरू कमजोर हुन पुग्दा समुदायमा सामाजिक संकटासन्नता देखा पर्छ। परिवारका सदस्यहरू प्रकोपका कारण अथवा बसाईं सराईं गरेर अलग हुँदा एक सदस्यले अर्कोलाई दिने सहयोग हुँदैन। प्रकोपको थप गम्भीर असर पर्छ। एवंम प्रकारले समुदायमा खराब सम्बन्ध भएको खण्डमा सदस्यहरूले संकटका समयमा एक अर्कालाई सहयोग गर्ने क्षमतामा व्यवधान पुग्छ र वादविवाद अथवा सानातिना अपराधका घटनाहरूको वृद्धि हुन्छ।

यसको विपरीत, पारिवारिक बन्धनहरू बलियो र सम्बन्धहरू सुमधुर भएको समुदायसँग सामना गर्न सक्ने क्षमता ठूलो हुन्छ। कुशल नेतृत्व अर्को महत्वपूर्ण त्तत्व हो -असल अगुवा पाएको समुदाय विपद् सहन र यसबाट पुर्नलाभ गर्न धेरै सक्षम हुन्छ र संकटका समयमा स्पष्ट निर्देशनहरूले बाँच्ने सम्भावनाहरूमा वृद्धि गराउँछ।

गाउँमा अन्य सामाजिक समूहहरूको उपस्थिति अथवा अनुपस्थितिले पनि प्रकोपको समयमा यसको उत्थानशीलतालाई असर पार्छ। उदाहरणको लागि, महिलाहरूको स्वयं-सहयोग समूह त्यस्तो स्थान हो जहाँ अनुभवहरू बाँड्न सकिन्छ र

सदस्यहरूले संकटका समयमा एक अर्कालाई मदत गर्न सक्छन् । त्यहाँ बचत तथा ऋण कोष समेत हुन सक्छ जसले पुर्नलाभमा सहयोग गर्छ (जुन आर्थिक क्षमता बन्न पुग्छ) । यस्ता समूहहरूको, अथवा पुरुषको हकमा कृषक समूहको, अनुपस्थितिले समुदायलाई प्रकोपहरूप्रति बढी संकटासन्न बनाउँछ ।

सामाजिक आयामहरू र परिवारभित्रका लैगिंक भूमिकाहरूले महिलाहरूलाई पूँजीहरूको उपयोग र विसर्जन अथवा विपद्को समयमा स्थानान्तर गर्ने सही समय रोज्न सन्दर्भमा उल्लेख्य आवाज उठाउन नदिन सक्छ । यस्तो आवाजको कमी र जानकारी आदानप्रदान गर्न असमर्थताले महिलाहरूको संकटासन्नता वृहत रूपमा बढाउँछ ।

तलको तालिकाले आम सामाजिक संकटासन्नता र क्षमताहरू देखाउँछ ।

सामाजिक संकटासन्नता र क्षमताहरू

| संकटासन्नता | क्षमता |
|---|---|
| सम्भवत महिलाहरू अथवा पुरुषहरू कामको लागि घर छोडेर हिंड्ने कारणले पारिवारिक सम्बन्धहरू कमजोर भएको | विपद्को क्षेत्र बाहिर रहेका सदस्यहरूसँगको सम्पर्क सहित पारिवारिक सम्बन्धहरू बलिया छन् |
| गाउँका विभिन्न जातिय, धार्मिक, वर्ग अथवा जीविकोपार्जन समूहहरू बीचको सम्बन्ध दयनीय, एक अर्कालाई सघाउने बानी नभएको | धेरै पारस्परिक साथ र सहयोग सहित, गाउँका विभिन्न उप-समूहहरू बीच राम्रो सम्बन्ध |
| संकटको समयमा समुदायको कसैले पनि स्पष्ट र निर्णायक नेतृत्व प्रदान गर्दैन, बादविवादहरू छिटै र/अथवा सही हिसाबमा साम्य हुँदैनन् | समुदायसँग राम्रो र सम्मानित नेतृत्व छ जुन बुद्धिमत्तापूर्ण सुझाव दिन र प्रमुख बादविवाद सल्टाउन सक्षम छ |
| समुदायमा अन्य सामाजिक समूहहरू थोरै मात्र छन् अथवा छँदै छैनन्, जस्तै सहकारीहरू, क्लबहरू अथवा स्वयं-सहयोग समूहरूको अनुपस्थिति | महिला र पुरुषका लागि समुदायमा राम्रोसँग स्थापित समूहहरू छन् जसका सदस्यहरू संकटमा एक अर्कालाई मदत गर्छन् |
| धार्मिक समूहहरू अनुपस्थित अथवा अप्रभावकारी | धार्मिक समूहहरू सबल र आफ्ना सदस्यहरू र अन्य लाई सहयोग गर्न सक्रिए |
| सरकारी सेवाहरू समुदायका सदस्यहरूसम्म पुग्दैनन् | आकस्मिक अवस्थाको लागि राम्ररी विकास गरिएका र प्रतिक्रियाशिल सरकारी सेवाहरू |
| अक्सर महिलाहरू बिरुद्ध सामाजिक रुढिबाद, उनीहरूका उपहारहरू, सीपहरू, दक्षताहरू र अनुभवलाई अन्यले मान्यता नदिने | महिला र पुरुषहरू दुवैका क्षमताहरूलाई उचित मान्यता र उपयोग -उपहारहरू, सीपहरू, दक्षताहरू र अनुभव |



**प्राकृतिक संकटासन्नताहरू र क्षमताहरू**

पानी, माछा, रुखहरू अथवा माटो जस्ता समुदायको वरिपरिका वातावरणको अंगको रूपमा पाइने श्रोतहरू प्राकृतिक वर्गमा पर्दछ । यस्ता श्रोतहरू अक्सर जीविकोपार्जन अथवा बासस्थानका आधारहरू हुन् र सामान्यता जीवनयापनका निम्ति अपरिहार्य हुन्छन् । विपद्को दौरान अथवा विपद् पश्चातको समयमा सकुशल रहेका यस्ता प्राकृतिक श्रोतहरूले प्रभावितहरूलाई सामना गर्ने महत्वपूर्ण क्षमताहरू प्रदान गर्छन् (उदाहरण, अस्थायी छानोका लागि नर्कट र घाँसपातहरू, निर्माणकार्यका लागि बाँसहरू ) ।

अर्को पृष्ठको तालिकाले प्राकृतिक संकटासन्नताहरू र क्षमताहरूका केही उदाहरणहरू पेश गर्छन् ।

प्राकृतिक संकटासन्नताहरू र क्षमताहरू

| संकटासन्नता | क्षमता |
|---|---|
| मानवका क्रियाकलापहरू अथवा जलवायु त्तत्वहरूका कारण रुखहरूको कमी | आश्रय निर्माणार्थ र इन्धनको लागि बाँसको उपस्थिति |
| वर्षैभरि सतही (जमिन) पानी उपलब्ध नहुने | वर्षैभरि सतहि पानीको उपलब्धता |
| माछाहरूको घट्दो संख्या- बढी माछा मार्नाले, माटो थुप्रिनु अथवा प्रदुषणको कारण | निषेध नगरिएका पानीमा समात्न र बेच्न माछा उपलब्ध |
| माटो क्षिण हुन, उदाहरण एक बाली र/अथवा कटान मार्फत | उब्जाउ र उत्पादनशील माटो |
| सिमित चरन क्षेत्र मात्र उपलब्ध | पशुहरूका निम्ति प्रशस्त चरन क्षेत्र |
| आकस्मिक तैरने साधानको अभाव | आकस्मिक तैरने साधनहरू, जस्तै नरिवल, केराका थामहरू उपलब्ध |
| घाँस अथवा नर्कटहरूको कमी | आकस्मिक छत निर्माण गर्न यथेष्ट घाँसपात र नर्कटहरू |
| झाडीभित्र उम्रीने “अकालका खानेकुरा” को अभाव वा पहुँच नहुनु | कन्दमुल, ऐंसेलु जस्ता “अकालका खानेकुरा” को उपलब्धता |



यस तालिका सम्पूर्ण सूची होइन, हरेक स्थानमा प्राकृतिक श्रोतहरूको आफ्नै मिश्रण हुन्छ। जलवायु परिवर्तन र वातावरण ह्रासले प्राकृतिक श्रोतहरूको उपलब्धता र गुणस्तरमा नकारात्मक असर परिरहेका छन्।

द्वन्दले अक्सर अमूल्य प्राकृतिक श्रोतहरू नष्ट गरिदिएर अथवा ती सम्मको पहुँच रोकेर संकटासन्नता बढाउँछ। उदाहरणको लागि हिंसा अथवा असुरक्षाका कारण निकै सानो क्षेत्रमा खुम्चिएको एउटा समुदायको काठ-दाउरा, चरन क्षेत्र, सतही पानीका श्रोतहरू अथवा सामान्य खानेकुरा उपलब्ध नभएको बेला खडेरीताका जम्मा गरिने जंगली फलफुल, कन्दमुल र पातपतिंगरहरू सम्म पहुँच नहुन सक्छ। जब समुदायका सदस्यहरू (सामान्यतया महिलाहरू) यस्ता निषेधित श्रोतहरूसम्म पुग्ने प्रयास गर्छन्, उनीहरू बलात्कार र हिंसाका घटनाप्रति बढी संकटासन्न हुन्छन्।

**भौतिक संकटासन्नताहरू र क्षमताहरू**

मानिसहरूद्वारा निर्मित पूँजीहरू भौतिक पूँजीहरू हुन्। त्यस अन्तर्गत, सडक र पुलहरू, घरहरू र सार्वजनिक भवनहरू, विद्युत आपूर्ति र टेलिफोन (दुरसञ्चार), हाते पम्प या पानी जम्मा गर्ने ट्याङ्कीहरू पर्छन्। औजार र उपकरणहरू पनि भौतिक पूँजी मानिन्छन्।

यस्ता वस्तुहरूको अनुपस्थिति, तिनको बनोटमा कमजोरी अथवा अवस्थितिमा समस्याका कारण भौतिक संकटासन्नता उत्पन्न हुन्छ। ईंटको भवन ठोस पूँजी अथवा क्षमता जस्तो प्रतित हुन्छ तर यदि यसको निर्माण खराब तरिकाले गरिएको छ अथवा यो संकटासन्न स्थानमा अवस्थित छ भने यसले यसमा आश्रय लिइरहेकाहरूको जोखिममा वृद्धि गराउन सक्छ, विशेषगरी बाढी अथवा भूकम्पका दौरानमा।

तलको तालिकाले भौतिक संकटासन्नताहरू र क्षमताहरूका केही उदाहरणहरू दर्शाएको छ।

### भौतिक संकटासन्नताहरू र क्षमताहरू

| संकटासन्नता | क्षमता |
|---|---|
| समुदायको बलियो सार्वजनिक भवन छैन | समुदायमा एक वा सो भन्दा बढी बलियोसँग निर्मित विद्यालय, चर्च अथवा अन्य सामुदायिक संरचना छन् |
| समुदायसँग तुफानको समयमा आश्रय लिने उद्देश्यले निर्मित आश्रयस्थल छैन | समुदायसँग तुफानको समयमा आश्रय लिने उद्देश्यले निर्मित र निरन्तर मर्मत-संहार गरिएको आश्रयस्थल छ जहाँ सफा पानी र सरसफाइका सुविधाहरूको पहुँच छ |
| घरको वनावट र निर्माण सामान्य प्रकोपहरूको प्रतिरोध गर्न सक्ने स्तरको छैन | धेरै घरहरूमा तूफान अथवा भूकम्प प्रतिरोधात्मक विशेषताहरू छन् |
| सडक र पुल वर्षका केही महिनाहरूमा सवारी साधनहरूले उपयोग गर्न नसक्ने प्रकारका छन् | सडक र पुल वर्षैभरि विपद्को समय सहित सवारी गुड्न सक्ने हालतमा छन् |
| तार सहितका फोनहरू छैनन् र/अथवा ताररहित मोबाइल फोनको कमजोर सिग्नल | तार सहितका फोनहरू र ताररहित मोबाइल फोनहरूको अवस्था सबै मौसमहरूमा राम्रो |
| सुरक्षित इनार अथवा हाते पम्पहरू नहुनु | हाते पम्पहरू बाढीको सम्भावित स्तरभन्दा माथि उठाइएको, कुवा र इनारहरूमा सुरक्षित ढकनी |
| सिंचाइ प्रणाली क्षतविक्षत अथवा नहुनु | काम गरिरहेका अवस्थाको सिंचाइ प्रणाली |
| जीविकोपार्जन कायम राख्न आवश्यक औजारहरूको अभाव अथवा तिनको सुरक्षामा कमी | यथेष्ट जीविकोपार्जनका औजार र उपकरणहरू र प्रकोपहरूबाट राम्ररी सुरक्षित |




भौतिक संकटासन्नताहरू र क्षमताहरू प्रकोप-विशेष हुन सक्छन । उदाहरणको लागि, तूफानबाट प्रभावित क्षेत्रहरूमा भवनहरूमा सुरक्षित छतलाई क्षमता मानिन्छ तर यदि छत सुरक्षित छैन भने त्यसले संकटासन्नता सिर्जना गर्छ। जबकि, छतको सन्दर्भ खडेरी पीडित समुदायहरूका लागि कुनै महत्वको हुँदैन । खडेरी प्रभावित क्षेत्रहरूका हकमा भौतिक क्षमताहरू भन्नाले बाँधहरू, पानी संकलन गर्ने ट्याङ्कीहरू अथवा सिंचाइ कुलोहरू पर्छन्।

द्वन्दका अवस्थाहरूमा एक पक्षले अर्कोको क्षमताहरू नष्ट गर्ने अथवा विफल पार्ने प्रयत्न गर्न सक्छन्। उदाहरण, पानीका पूर्वाधारहरू, पुलहरू र संचारमा आक्रमण गरेर।

**आर्थिक संकटासन्नताहरू र क्षमताहरू**

“आर्थिक” लाई यहाँ जोखिममा रहेको समुदायको जीविकोपार्जन, वित्तीय अथवा खरिद-बिक्रीसँग सम्बन्धित जुनसुकै स्वरूपमा परिभाषित गरिएको छ। आर्थिक वर्गका संकटासन्नताहरू प्रकोप-विशेष हुँदैनन्, प्रकोप जुनै प्रकारको भएतापनि एक गरीब परिवारले आर्थिक तनाव बेहोर्नुपर्ने हुन सक्छ।

आर्थिक क्षमताहरूलाई यदाकदा “सुरक्षित जालहरू” भनिन्छ। उदाहरणहरूमा कुनै प्रकारका बचत योजना अथवा हानि वा नाशको क्षतिपूर्तिका लागि सरकारी राहत अथवा अनुदानहरूलाई लिन सकिन्छ। अन्य क्षमताहरूमा बिक्री गर्न सकिने पूँजीहरूको स्वामित्व पर्छ, जस्तै साइकल, रेडियो, भाले जनावरहरू अथवा गरगहना अथवा

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

सम्भवत पानी अथवा दाउराको विक्रि जस्ता जीविकोपार्जनका अन्य विकल्पहरू पनि। धेरै अवस्थाहरूमा सम्पन्न नातेदारहरू र उनीहरूले शहर अथवा विदेशबाट पठाउने रेमिटेन्श शक्तिशाली क्षमता हुन र तिनले छिटो पुर्नलाभ गर्न सघाउन सक्छन्।

एक या सो भन्दा बढी यस्ता आर्थिक क्षमताहरूको अनुपस्थितिमा, व्यक्तिहरू र समुदायहरू विपद्तर्फ थप संकटासन्न हुन्छन्। परिवारहरूको वचत र पूँजी नहुनुको साथै, ऋण सम्म पहुँच नहुन सक्छ। साथै जीविकोपार्जनका कम विकल्पहरू र धनी इष्टमित्र नहुन सक्छन्। सरकारी सहायता निकै सानो हुन सक्छ अथवा अति गरिब परिवारको लागि सायद त्यो पहुँचबाहिरको कुरा हुन सक्छ।

आर्थिक संकटासन्नताहरू र क्षमताहरू यस तालिकामा देखाइएको छ।

आर्थिक संकटासन्नताहरू र क्षमताहरू

| संकटासन्नता | क्षमता |
|---|---|
| सजिलै बेच्न सकिने पूँजीहरू (उदाहरण साइकल, भाले जनावारहरू, गहना) र बचत नहुनु | परिवारको बेच्न सकिने पूँजी अथवा बचत छ |
| स्थानीय साहूहरूबाट ऋण निकै चर्को व्याजदरमा मात्र उपलब्ध | सामूहि बचत तथा ऋण योजना, न्यून व्याजमा ऋण उपलब्ध |
| रोजगारीका निकै कम अवसरहरू उपलब्ध | सीप भएका र सामान्य श्रमिकहरूका लागि काम पाउने अवसरहरू |
| संकटका दौरान सरकारी श्रोतहरूबाट कुनै क्षतिपूर्ति, र कम अथवा अनुदान उपलब्ध नहुने | विपद्को समयमा गरिबहरूका लागि सरकारको आर्थिक सुरक्षा संजाल योजन |
| समुदायका सदस्यहरूका धनी आफन्तहरू अथवा १ हीर वाट पैसा पठाउने व्यक्ति छैन | परिवारहरूका आफन्तहरू जागीरे अथवा विदेशमा छन् |
| बाढीको समयमा बजारहरू बन्द | बजारहरू वर्षैभरि खुल्ला |
| खाना, औषधि र बासका सामानहरू किन्न साधन अभाव | बैकल्पिक जीविकोपार्जनका कारण आयश्रोत सिर्जना, उदाहरण बजारका बगैंचाहरू अथवा हस्तकला |
| एक मात्र नगदे बालीमा निर्भर | कृषकहरूले रोप्ने र काट्ने समयमा धेरै किसिमका बालीहरू उब्जाउने |

द्वन्दले व्यापारका सामान्य शैलीहरू छिन्नभिन्न पारेर अथवा मानिसहरूलाई बैकल्पिक जीविकोपार्जन सम्म पहुँच नदिएर आर्थिक संकटासन्न वृद्धि गराउने सम्भावना राख्छ। बजारहरू अक्सर बन्द रहन्छन अथवा कम मानिस मात्र बजार जान्छन, तसर्थ किनबेच कम हुन्छ।

## ६.४ सामुदायिक विधि-प्रश्नहरू, औजारहरू र ग्रिडको प्रयोग

सहभागीमूलक औजारहरू र प्रश्नहरूको समूहको प्रयोग गर्दै संकटासन्नता र क्षमताहरूको लेखाजोखा सामुदायिक लक्षित समूहहरूसँग गरिन्छ।

**लक्षित समूह प्रक्रिया**

समूहलाई स्वागत गर्दै, उनीहरूको उपस्थितिको लागि धन्यवाद दिंदै, आफ्नो टोलीको परिचय दिंदै र बैठकको उद्देश्य व्याख्या गर्दै सहजकर्ताले शुरु गर्छन्। छलफलमा सहभागी हुन सबैलाई उत्साह दिइन्छ। वातावरण हल्का बनाउन र समूहसँग सम्बन्ध बनाउन सानो हाँसो-ठट्टाले सहयोग गर्छ।

प्रकोप लेखाजोखा नमूना (खण्ड ५.२ हेर्नुहोस) र सुझाइएका मध्ये एक सहभागीमूलक औजारको प्रयोग गरेर प्रक्रिया शुरु गरिन्छ। यसले समूहका सदस्यहरूलाई विगतका प्रकोप/विपदहरूका आफ्ना अनुभव सुनाउन सक्षम बनाउँछ। तोकिएको टिप्पणी लेख्ने व्यक्तिले सबै जवाफहरूको अभिलेख राख्छन र प्रयोग गरिएका औजारहरूको कागजी प्रतिलिपी बनाउँछन ताकि वास्तविक औजार समुदायमा रहोस्।

छलफल पछि संकटासन्नताहरू र क्षमताहरूवारे कुरा गरिन्छ। यो पाँच वर्गहरू मार्फत काम गरिन्छ : व्यक्तिगत (पुरुष/महिला), सामाजिक, प्राकृतिक, भौतिक र आर्थिक अभिलेख राख्ने ग्रिड तल देखाइएको छ। पूँजीका पाँच वर्गका हरेकको निम्ति बेग्लै कागजको पत्र हुन पर्छ र प्रश्नहरूका उत्तरहरू सिधै ती पत्रहरूमा भर्न पर्छ। हरेक वर्गको लागि प्रश्नहरूको पुरा सूची परिशिष्ट क मा पाउन सकिन्छ (पृष्ठ ८७-९१)।

रिक्त अभिलेख ग्रिड

| असर, संकटासन्नता र क्षमता लेखाजोखा | |
|---|---|
| वर्ग | |
| प्रयोग गरिएको सहभागीमूलक औजार | |
| असर प्रश्न | उत्तर |
| पूँजीको यस वर्गमा प्रकोपको मुख्य असर | |

| प्रश्न | संकटासन्नता | क्षमता |
|---|---|---|
| प्रश्न १ | | |
| प्रश्न २ | | |
| प्रश्न ३ | | |
| प्रश्न ४ | | |
| प्रश्न ५ | | |

अभिलेख राख्ने ग्रिडका शब्दावलीहरूको व्याख्या

**वर्ग** सान्दर्भिक वर्ग बक्सभित्र लेखिएको छ -व्यक्तिगत, सामाजिक, भौतिक आदि

**सहभागीमूलक औजार** सहजकर्ताले उपयुक्त सहभागीमूलक औजार चयन गर्छन् (सामान्यतया, बैठक भन्दा पहिले), र लक्षित समूहले उक्त औजारको उपयोग प्रश्नहरूको उत्तर दिने तयारीमा गर्छ। पाँच वर्गका लागि निम्नानुसारका औजारहरू सुझाइएको छ। यद्यपि, कुनै औजारहरू एक भन्दा बढी वर्गका लागि प्रयोग गर्न सकिन्छ, तसर्थ सहजकर्ताले प्रयोग गरिने औजार छान्न पर्छ।

- व्यक्तिगत — मौसमी पात्रो (क्रियाकलापहरू, बसाइँसराइँ, चाडपर्वहरू आदि देखाउने)
- सामाजिक — भेन डायग्राम (सामाजिक समूहहरू र असरहरू देखाउने)
- प्राकृतिक — सामुदायिक नक्शा (नदीनाला, पोखरी, जंगल, चरन आदि देखाउने)
- भौतिक — सामुदायिक नक्शा (भवनहरू, पुलहरू, सडकहरू, बाँधहरू आदि देखाउने)
- आर्थिक/वित्तीय — मौसमी पात्रो (जीविकोपार्जन र प्रकोपका मौसमहरू देखाउने)

पूँजीको यस वर्गमा प्रकोपको मुख्य असर यस बक्सलाई यस वर्गमा पुगेको क्षतिको अभिलेख राख्न उपयोग गरिन्छ। सहभागीमूलक औजार प्रयोग गरेर अथवा सहायक श्रोतहरूबाट संकलित जानकारी समेट्न सम्झनुहोस्।

प्रश्नहरू ( प्रश्न १, प्रश्न २, प्रश्न ३, प्रश्न ४ आदि) हरेक प्रकारका पूँजीमा संकटासन्नताहरू र क्षमताहरू खोजि गर्न सोधिने प्रश्नहरू स्थानीय भाषामा सोधिनु पर्छ र उत्तरहरू सिधै पत्रमा भर्नु पर्छ।

प्रश्नहरूको उत्तर दिन सहभागीमूलक औजारको प्रयोग गरिनु पर्छ। उदाहरणको लागि, नक्शामा भवनहरू र प्राकृतिक श्रोतहरू पहिचान गर्नुहोस् जुन प्रकोपद्वारा बढी या कम प्रभावित हुन्छन्।

यदि प्रश्नको उत्तरले समुदायमा कमजोरी (अथवा संकटासन्नता) को संकेत गर्छ भने, टिप्पणी लेख्नेले यसलाई "संकटासन्न" स्तम्भमा लेख्न पर्छ। यदि उत्तरले बल अथवा क्षमता देखाउँछ भने, टिप्पणी लेख्नेले यसलाई "क्षमता" स्तम्भमा लेख्न पर्छ।

उदाहरणको रूपमा, तलको तालिकाले भौतिक वर्गमा सामान्य रूपमा प्रयोग गरिने प्रश्नहरू र केही सम्भावित उत्तरहरू दिएको छ।

**ग्रिडमा उत्तरहरूको अभिलेख राख्ने उदाहरण**

| असर, संकटासन्नता र क्षमता लेखाजोखा | |
|---|---|
| वर्ग | भौतिक |
| सहभागीमूलक औजार | सामुदायिक नक्शा बनाउन पर्ने |

| असर प्रश्न | उत्तर |
|---|---|
| पूँजीको यस वर्गमा प्रकोपको मुख्य असर | बाढीले घरहरू, सडकहरू, पुलहरू, विद्युत आपुर्तिहरू नष्ट गर्छ र क्षति पुऱ्याउँछ, संचार विच्छेद हुन्छ |

| प्रश्न | संकटासन्नता | क्षमता |
|---|---|---|
| प्रश्न १ कुन भवनहरू प्रकापले सबभन्दा बढी प्रभावित हुन्छन र किन ? | होचो जमिनमा नदीको नजिक रहेका घरहरू। अवस्थिति र निर्माण सामाग्रीका (माटो र बाँसले मात्र बनेका घरहरू) कारण प्रभावित | |
| प्रश्न २ कुन भवनहरू प्रकापले सबभन्दा कम प्रभावित हुन्छन र किन ? | | विद्यालय र अग्लो जमिनमा रहेका केही घरहरू, ईंटले बनेको घरहरू जसले बाढीको पानी सहन सक्छन् |
| प्रश्न ३ संकटको समयमा कस्ता संचारका व्यवस्थाहरू उपलब्ध भइरहेका हुन्छन ? उदाहरणको लागि मोबाइल फोन अथवा रेडियोहरू | तारसहितका टेलिफोन अनुपलब्ध, पुल र सडकहरू सामान्यता क्षतिग्रस्त | गाउँलेहरूसँग केही मोबाइल फोन छन, करिब ५० घरसँग व्याट्रीले चल्ने रेडियोहरू छन् |
| प्रश्न ४ विपद्को समयमा यातायातका कस्ता साधनहरू उपलब्ध र प्रयोग गर्न सकिने भइरहेका हुन्छन ? उदाहरणको लागि, डुंगा, साइकल अथवा अन्य सवारी | सडकमा कुनै यातायातका साधन नचल्ने | माछा मार्ने डुंगाहरू, सम्भवतः रिक्साहरू, एक कृषको ट्र्याक्टर छ |
| प्रश्न ५ बाढीको समयमा मानिसहरूले कसरी उनीहरूका औजारहरू र घरायसी सामानहरू सुरक्षित राख्छन ? | धेरै मानिसहरूसँग कुनै निश्चित विधि छैन, घरायसी सामानहरूको ठूलो नोक्सानी | केही व्यक्तिहरूले सामानहरू छतमा झुण्डयाउँछन अथवा तिनलाई सुख्खा राख्न अग्लो खोपाहरूमा राख्छन् |
| प्रश्न ६ खुल्ला इनारहरू र हाते पम्पहरू प्रकोपबाट कसरी प्रभावित हुन्छन् ?<br>किन ? | खुल्ला इनारहरू बाढीको पानीले नियमित रूपमा दूषित हुन्छन किनभने तिनिहरू होचा जमिनमा हुन्छन र कुनै सुरक्षित ढकनी हुँदैन | एउटा हाते पम्पले सँधै राम्रो पानी दिन्छ किनभने यो अग्लो जमिनमा रहेको छ |

पूँजीका अन्य प्रकारका लागि थप प्रश्नहरू परिशिष्ट क मा छन्। प्रश्नहरूलाई सानो व्याख्या अथवा, समूहको बुझाइको स्तर र कुनै क्षेत्रको निश्चित प्रकोपहरू अनुसार केही परिवर्तन गर्न पर्ने आवश्यकता हुन सक्छ। प्रश्नहरू सोध्दा जहिले पनि सामान्य बोलिचालिको भाषमा सोध्नुहोस्।

कतिपय प्रश्नहरू “संकटासन्नता” का उत्तरहरूमात्र पाउने हिसाबका छन्, जबकि अन्य कुनै “क्षमता” मात्र खोजीने प्रकारका । यस्ता अवस्थाहरूमा, उत्तर लेखिने बक्ससहरूमध्ये एउटा बक्सलाई छोपिएको हुन्छ जसले उक्त बक्सको लागि उत्तर आउने सम्भावना छैन भन्ने संकेत गर्छ । कतिपय अवस्थामा सहजकर्ताले सोध्नै नपरिकन औजार (यस अवस्थामा नक्शा) ले प्रश्नहरूको उत्तर दिन्छ अथवा तपाईंले नक्शातर्फ संकेत गर्दै प्रश्नहरू सोध्न सकिन्छ ।

## ६.५ संकलित जानकारीको संक्षेपिकरण

अन्तिम चरण तथ्याङ्कहरू एक अथवा बढी फ्लिप चार्टमा संक्षेपिकरण गरिन्छ । यिनलाई पत्रमा सिधै लेखिन्छ अथवा चलाउन मिल्ने नोटहरू अथवा कार्डहरूमा लेखिन्छ । सामान्यतया यो काम कार्यालयमा सम्पन्न गरिन्छ । यसको प्रारुप तल दिइएको छ । प्रश्न पत्रको “असर” बक्सको उत्तरहरू दोश्रो स्तम्भमा लेखिन्छ, संकटासन्नताहरू र क्षमताहरू अन्य प्रश्नहरूका उत्तरहरूबाट झिकिन्छ र स्तम्भ ३ र ४ मा थपिन्छ । याद राख्नुहोस, व्यक्तिगत वर्गमा परिणामहरू महिला र पुरुषका लाइनमा बेग्लाबेग्लै लेखिन्छ । अन्य वर्गहरूमा पनि भिन्नता स्पष्ट देखिन सक्छ र यसलाई पुरुष लक्षित समूहबाट आएका जवाफहरू एउटा रंगमा लेखेर र महिला समूहहरूबाट आएका उत्तरहरू अर्को रंगमा लेखेर दर्शाउन सकिन्छ, अथवा भिन्न रंगका मार्कर कलमहरूले लेखेर ।

| स्तम्भ १ | स्तम्भ २ | स्तम्भ ३ | स्तम्भ ४ | स्तम्भ ५ |
|---|---|---|---|---|
| वर्ग | प्रकोपको असर | संकटासन्नताहरू | क्षमताहरू | जोखिम न्यूनीकरण गर्न सुझाइएका क्रियाकलापहरू |
| व्यक्तिगत (पुरुष) | | | | |
| व्यक्तिगत (महिला) | | | | |
| सामाजिक | | | | |
| प्राकृतिक | | | | |
| भौतिक | | | | |
| आर्थिक | | | | |

अन्तिम स्तम्भ टोलीलाई त्यस्ता क्रियाकलापहरूबारे सोंच्न उपलब्ध गराइएको हुन्छ जसले समुदायको संकटासन्नता घटाउने र क्षमता बढाउने काम गरोस् । यस्ता उपायहरूलाई जोखिम न्यूनीकरण योजनाको छलफलका क्रममा भन्न सकिन्छ -खण्ड ८ हेर्नुहोस्।

कहिलेकाहीं मुख्य जानकारहरूसँगको अन्तरवार्ता (खण्ड ७.३ हेर्नुहोस) ले पनि संकटासन्नताहरू र क्षमताहरूको आँकडा निकाल्छ । उक्त तथ्याङ्कलाई यस तालिकाको उपयुक्त बक्समा थप्न सकिन्छ ।

तलको तालिकाले बाढीको अवस्थाको लागि पूर्ण गरिएको संकटासन्नता र क्षमता लेखाजोखाको सम्भावित परिणाम देखाउन सक्छ । जोखिम न्यूनीकरणका केही सुझाइएका क्रियाकलापहरू स्तम्भ ५ मा छन्, जसले असर घटाउन र क्षमताहरूको उपयोग गर्दै संकटासन्नताहरूलाई सम्बोधन गर्न सहयोग गर्छ । याद गर्नुहोस्, क्षमता यी पाँच वर्ग मध्ये कुनैबाट पनि आउन सक्छ ।

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

| वर्ग | प्रकोपको असर | संकटासन्नताहरु | क्षमताहरु | जोखिम न्यूनीकरण गर्न सुझाइएका क्रियाकलापहरु |
|---|---|---|---|---|
| व्यक्तिगत (पुरुष) | जीवनको सानो क्षति, स्वास्थ्य समस्यामा बृद्धि | चेतावनी प्रणालीको अनुपस्थिति, स्वास्थ्य सम्बन्धि ज्ञानको अभाव | सक्षम शरिर भएका युवाहरू, सिकर्मिहरू | युवाहरूलाई चेतावनी दिन र स्थानान्तरणमा सघाउन तालिम प्रदान गर्नुहोस् |
| व्यक्तिगत (महिला) | जीवनको ठूलो क्षति, स्वास्थ्य समस्यामा बृद्धि | चेतावनी प्रणालीको अनुपस्थिति, स्वास्थ्य सम्बन्धि ज्ञानको अभाव, न्यून साक्षरता दर, पौडने सक्ने क्षमता कम | संकटको समयमा श्रोतसम्पन्न | स्वास्थ्य शिक्षा, केटीहरूलाई विद्यालयमा पौडि कक्षाहरू, महिला स्वयंसेवकहरूलाई तालिम |
| सामाजिक | परिवार अलग्गिनु, पढाइ छुट्नु | स्थानान्तरण योजना नहुनु, विद्यालयको अवस्थिति, सामाजिक समूहको कमी (स्वयं सहयोग समूहहरू), निम्न स्तरको सरकारी सेवाहरू | समुदायमा स्वास्थ्यकर्मीहरू, सरकारको कृषि विभाग, कृषकहरूको सहकारी | सामुदायिक स्थानान्तरण योजना, महिला समूहहरू, बलिया सहकारी, सरकारी कृषि सेवाको सुधार र प्रयोगका लागि पैरवी |
| प्राकृतिक | साना रुखहरू नष्ट, जमीनमा माटो थुप्रिनु | सुरक्षित तटबन्धन नहुनु, रुख ढल्नुका कारण माथिबाट भूक्षय हुनु | बाँस र केहि रुखहरू, वन विभागको नर्सरी, उपलब्ध उच्च भुभाग | नदीको तट बलियो बनाउन बाँसको प्रयोग गर्ने, किनारमा र भिरमा रुख रोप्ने, रुख कटान रोक्न पैरवी |
| भौतिक | घर, सडक र पुलहरूमा क्षति | घरहरू नदीको नजिक हुनु, घरको निर्माण बलियो नहुनु | केहि बलिया घरहरू, उच्च भूभागमा रहेका चर्चको भवन | बलिया तटबन्ध निर्माण, सिकर्मीहरूलाई बलियो निर्माण सिकाउने, बाढीको समयमा स्थानान्तरण केन्द्रको रुपमा चर्चको प्रयोग |
| आर्थिक | बालीनालीमा क्षति, पशुचौपायको मृत्यु | खेतबारी नदी नजिक हुनु, तटबन्ध नहुनु, बाढीको समयमा रोप्ने समय, बालिका प्रजाति प्रतिरोधि नहुनु, जनावरहरूको लागि चेतावनी र स्थानान्तरणको व्यवस्था नहुनु | जाडोयामका तरकारीका बीउहरू उपलब्ध, सानो संख्यामा पशुचौपाया र कुखुरा पालन | जाडोयामका तरकारीहरूको खेतीमा बृद्धि, बाढी प्रतिरोधी बालि खोज्ने, गाईवस्तु जोगाउन स्थानान्तरण योजना, वैकल्पिक जीविकोपार्जनमा विस्तार (उदाहरण, अण्डा उत्पादन) |

# कदम ४ : गतिशील दवाबहरू र अन्तरनिहित कारणहरू

संकटासन्नता र क्षमता माथि गतिशील दवाबहरू र अन्तरनिहित कारणहरूको मुख्य असर हुन्छ -समुदाय भित्रै बाट अथवा कुनै बाह्य श्रोतबाट । असरहरू सकारात्मक अथवा नकारात्मक हुन सक्छन र सँस्कृति, धार्मिक आस्था, राजनीति अथवा अन्तराष्ट्रिय व्यापारमा गहिरोसँग सम्वन्ध रहेको हुन सक्छ ।

## ७.१ गतिशील दवाबहरू

गतिशील दवाबहरूमा समुदायका सामाजिक संरचना र प्रक्रियाहरू पर्दछन् जसले मानिसहरू प्रकोपहरूप्रति कति संकटासन्न छन् भन्ने कुरालाई असर पार्न सक्छ ।

मानिसहरू, संस्थाहरू अथवा संघहरू संलग्न हुन्छ जसले समुदायको संकटासन्नताहरू अथवा क्षमताहरूलाई असर पार्छन । "संरचना" अन्तर्गत ती संरचनाहरूले आफ्नो असरलाई प्रयोगमा ल्याउने तरिकालाई "प्रक्रिया" भनिन्छ । उदाहरणको लागि स्थानीय सरकारी विभाग संरचना हुन् जबकि यसका निर्णयहरू, नीतिहरू अथवा परियोजनाहरू प्रक्रिया हुन् । संकटासन्नताका कारणहरूको जाँच गर्दा हामीले "समुदायलाई कसले अथवा के ले असर पार्छ ?" (जस्तै, संरचना) र "तिनले समुदायलाई कसरी असर पार्छन् ?" (जस्तै, प्रक्रियाहरू) भन्ने प्रश्नहरू सोध्न पर्छ ।

संरचनाहरू र प्रक्रियाहरूले तीन भिन्न तहमा काम गर्न सक्छन् ।

- स्थानीय
- राष्ट्रिय
- अन्तराष्ट्रिय

खण्ड ८ को परिशिष्ट ख मा व्याख्या गरिएका जोखिम न्यूनीकरण क्रियाकलापहरूले संरचना र प्रक्रियाको सन्दर्भभित्र रहेर काम गर्छन् । प्रक्रियाहरूले उक्त क्रियाकलापको फाइदाहरूलाई सहजै अलग्याउन अथवा नष्ट पारिदिन्छन् । उदाहरणको लागि यदि स्थानीय परम्परागत उपचारक (धामी, झाँक्री) ले समुदायमा नितान्त भिन्न सन्देश फैलाइरहेको छ भने उक्त अवस्थामा एउटा स्वास्थ्य परियोजनाको असर न्यून हुन सक्छ । विपद् व्यवस्थापन समितिमा महिला सदस्यहरू हुन सक्छन् तर यदि त्यो संस्कृतिले उनीहरूलाई बहसमा छलफल हुन दिँदैन भने, महिलाहरूका धारणा र प्राथमिकता नसमेटिन सक्छन । तसर्थ, संरचनाहरूको प्रकृति र प्रक्रियाहरूको कार्यविधि बुझ्नु महत्वपूर्ण हुन आउँछ ।

प्रक्रियाहरू सकारात्मक या नकारात्मक हुन सक्छन भन्नेवारेमा बुझ्नु पर्छ । उदाहरणको लागि, सरकारी विभाग (संरचना) जुन साधनश्रोतमा कमजोर छ र सेवा प्रदान (प्रक्रिया) गर्न असमर्थ छ भने, त्यसले मानिसहरूलाई विपद् प्रति थप संकटासन्न बनाउन सक्छ । त्यहि विभाग यदि श्रोतसाधन सम्पन्न छ भने त्यसले संकटासन्नता घटाउन र क्षमता निर्माण गर्न धेरै मद्दत गर्न सक्छ । संरचनाहरू र प्रक्रियाहरूका केही उदाहरणहरू तलको (अथवा अर्को पृष्ठ) तालिकामा दिइएको छ ।

## संरचनाहरू, प्रक्रियाहरू र गरिब समुदायका निम्ति सान्दर्भिकता

| स्तर/तह | संरचना (के अथवा को) | प्रक्रिया (कसरी) | सन्दर्भ |
|---|---|---|---|
| स्थानीय | गाउँका जेष्ठ नागरीक | परम्परा धान्ने, विवादहरूमा फैसला गर्ने, संस्कृति र आस्थाहरूको जगेर्ना गर्ने | परम्पराले पुरुषको संरक्षण गर्न र महिलाहरूलाई थप संकटासन्न बनाउन सक्छ, निर्णय धनीहरू अथवा जीविकोपार्जन विशेषका हकमा आउन सक्छ |
| स्थानीय | चर्च | धार्मिक शिक्षा र अभ्यास प्रबर्द्धन गर्ने | एक अर्काप्रति मानिसहरूको धारणालाई प्रभावित गर्छ र खर्चिला चाडपर्वहरू पालना गर्न जोड दिन सक्छ |
| स्थानीय | सरकारी विभागहरू | समुदायमा सेवा प्रदान गर्ने | सेवाको गुणस्तरले स्वास्थ्य, शिक्षा र कृषिमा असर गर्छ |
| स्थानीय | व्यापार/व्यवसाय | मानिसलाई रोजगारी दिने, वातावरणको शोषण गर्ने या क्षति पुऱ्याउने हुन सक्छ | तलबहरू, काम गर्ने अवस्था, प्राकृतिक श्रोतहरूको उपलब्धता |
| राष्ट्रिय | सेना | मानिसहरूलाई रोजगारी दिन्छ, भूमि नियन्त्रण गर्छ, मानिसहरूको सुरक्षा अथवा शोषण गर्छ | सुरक्षा र आर्थिक समृद्धिमा असर पार्छ |
| राष्ट्रिय | न्याय प्रणाली, प्रहरी सहित | कानूनहरू निर्माण र कार्यान्वयन गर्छ | प्रणाली, कानून कार्यान्वयन र भ्रष्टाचारमा स्वच्छता |
| राष्ट्रिय | सरकारको वातावरण विभाग | वातावरणीय विनाशलाई अनुमति दिन सक्छ अथवा देश भित्र या अन्तराष्ट्रिय रूपमा जलवायु परिवर्तनका मुद्दामा नजान सक्छ | गरिब मानिसले प्राकृतिक श्रोतहरू गुमाउँछन्, जलवायु परिवर्तनमा अनुकूलनताको कमीले जीवन र जीविकोपार्जनलाई असर पार्छन् |
| राष्ट्रिय | सरकारको व्यापार विभाग | नगदे बाली अथवा जैबिक इन्धनलाई प्रोत्साहन गर्न सक्ने | खाद्यान्नको उपलब्धता घट्ने अथवा मूल्य बढ्ने |
| अन्तराष्ट्रिय | अन्तराष्ट्रिय कम्पनीहरू, चिया, कफी, कपास, धातुको लागि बजारहरू | कृषकहरूलाई उनीहरूका बालीनालीको निम्ति मूल्य तोक्ने | मूल्यको आधारमा नगदे बालीको आम्दानी बढ्ने अथवा घट्ने |
| अन्तराष्ट्रिय | ऋण र बैकिंग प्रणाली | बैंकहरूले विकास अनुदान र ऋणहरू प्रदान गर्ने, शर्तहरू तोक्ने | शर्तहरूले सरकारको नीति (उदाहरण, अनुदानमा) अथवा प्राथमिकताहरूमा नियन्त्रण गर्न सक्छन् |

## ७.२ अन्तरनिहित कारणहरू

अन्तरनिहित कारणहरूले संरचनाहरू र प्रक्रियाहरू भन्दा गहिराईमा काम गर्छन् । यिनलाई चार मुख्य वर्गहरूमा विभाजन गरिएको छ

- राजनीतिक
- आर्थिक
- सँस्कृति, आस्था र मूल्य-मान्यता
- प्राकृतिक वातावरण

केही मुद्दाहरूमा अन्तरनिहित कारणहरूका असरलाई गतिशील दवाबहरू मार्फत पत्ता लगाउन सकिन्छ । उदाहरणको लागि, कृषिको सट्टा रक्षालाई बजेट रकम विनियोजन गर्ने सरकारको निर्णयले संरचना (स्थानीय कृषि कार्यालय) को प्रक्रिया (कृषकहरूलाई सहयोग गर्ने कार्यक्रम) पुरा गर्ने क्षमतालाई असर पार्छ। त्यसकारण कृषकहरूको संकटासन्नता वृद्धि हुन्छ। यद्यपि, अन्य विषयहरूमा अन्तरनिहित कारण कुनै समुदायको संकटासन्नता अथवा क्षमतामा प्रत्यक्ष असर पार्ने गरी देखिन सक्छ। यो सम्भवतः कुनै निश्चित साँस्कृतिक आस्था वा अभ्यास मार्फत हुन सक्छ।

तलको तालिकाले अन्तरनिहित कारणहरूका केही उदाहरणहरू र तिनले कसरी संकटासन्नता र क्षमतालाई कसरी असर पार्छन् भन्ने देखाइएको छ।

अन्तरनिहित कारणहरू र तिनका असरहरू

| वर्ग | अन्तरनिहित कारणको उदाहरण | संकटासन्नतामा असर |
|---|---|---|
| राजनीतिक | सत्तारुढ दल राजनीतिक त्तत्वहरूद्वारा निर्देशित हुन्छ। यसले कुन क्षेत्रहरूलाई राहत र विकास रकम दिइन्छ भन्ने निर्णय गर्छ। प्रणाली भ्रष्ट र दुरुपयोग हुन सक्छ। | देशका केही क्षेत्रहरूमा कम रकम दिइएको हुनसक्छ, उदाहरण किनभने उनीहरू प्रतिपक्षी दललाई समर्थन गर्छन्। |
| आर्थिक | ठूला बैंकहरू र सरकारले अन्तराष्ट्रिय ऋण र व्याज चुक्ता सम्बन्धि निर्णय लिन्छन् । साथै सरकारले खर्च गर्ने प्राथमिकताहरू निर्धारण गर्ने र अन्तराष्ट्रिय व्यापार व्यवस्थाको पालना गर्ने गर्छ। | सरकारले सेवा प्रदान गर्न उपलब्ध रकम र विभागहरूबीच विनियोजित कोषहरूलाई प्रभावित गर्छ। साथै नगदे बालीलाई तिरिएको मूल्यलाई असर गर्छ। |
| सँस्कृति, आस्था र मूल्य-मान्यता | मानिसहरूमा रोग र विषम मौसम दुष्टात्माहरूबाट निम्त्याइएका हुन् र त्यसका निम्ति कर्मकाण्ड र बलि चढाउनु पर्छ भन्ने विश्वास हुन सक्छ। केही व्यक्तिहरूलाई अरु भन्दा कम महत्व दिन सकिन्छ। | मानिसहरू स्वास्थ्य अथवा कृषि सम्बन्धि सुझावहरू लिन नचाहने हुन सक्छन्, बलिदान दिएर पूँजीहरू रित्याउन सक्छन् । महिला र बालबालीकाहरूको संकटासन्नता बढ्न सक्छ। |
| प्राकृतिक वातावरण | कुनै क्षेत्रको भू-बनोट कठिन हुनसक्छ - भीरहरू, उचाइ, माटोको मात्रा/गुणस्तर - अथवा अत्यन्त कठोर जलवायु (वर्षा, खडेरी अथवा तापक्रम)। | कुनै क्षेत्रको कृषि सम्भाव्यतालाई प्रभावित गर्छ, जलवायु परिवर्तन र वातावरणीय ह्रासद्वारा अवस्थाहरू थप नाजुक हुन सक्छन्। |

# ७.३ गतिशील दवाबहरू र अन्तरनिहित कारणहरूको लेखाजोखा

मुख्य जानकारसँग अन्तरवार्ता लिएर यो सम्पन्न गरिन्छ। अन्तरवार्ता धेरै जसो अवस्थामा एक - एक जनासँग अथवा सानो समूहमा लिइन्छ (खण्ड ४.३ मा जानकारी गराइए अनुसार) । समुदायलाई असर गरिरहेको निश्चित गतिशील दवाबहरू र अन्तरनिहित कारणहरू खोतल्ने तवरले प्रश्नहरू तयार गरिएका हुन्छन्। तलको तालिकाले यसका निम्ति सम्पर्क गर्न सकिने व्यक्तिहरू र सोध्न सकिने केही प्रश्नहरूका उदाहरण प्रस्तुत गरेको छ। अवस्था अनुसार थप प्रश्नहरू आवश्यक हुन्छन्।

मुख्य जानकारहरू

| व्यक्ति | नमूना प्रश्नहरू | हासिल जानकारीहरू |
|---|---|---|
| चिकित्सक अथवा स्वास्थ्यकर्मीहरू | कस्ता रोगका समस्याहरू सबैभन्दा बढी छन् ? विपद्को बेला कुन बढ्छ र किन ? | स्वास्थ्य सम्बन्धि विषयहरू जसले केही मानिसहरूलाई कुनै निश्चित प्रकोपहरू प्रति बढी संकटासन्न बनाउँछ। |
| | मानिसहरू के कारणले रोग लाग्छ भन्ने विश्वास गर्छन् र विरामी हुँदा सबभन्दा पहिला उनीहरू सहयोगको निम्ति कहाँ जान्छन् ? | रोगका कारणहरू बारे प्रचलित विश्वास र स्वास्थ्य माथि असर राख्ने व्यक्तिहरू। |
| सरकारी अधिकृत | विपद्को लागि अथवा प्रतिकार्य गर्न सरकारले के कस्ता नीति/योजनाहरू तयार गर्न पर्छ ? | सरकारी स्तरको विपद् व्यवस्थापन योजना/कोषहरूका उपस्थिति या अनुपस्थितिका कारण मानिसहरू बढी/कम संकटासन्न हुन सक्छन्। |
| | सरकारको प्राथमिकता के हो : विपद् पूर्वको कार्य अथवा विपद् पश्चातको कार्य ? | विपद् जोखिम न्यूनीकरण (विपद् पूर्व) का कार्यहरूको पैरवीको आवश्यकता औल्याउन सकिन्छ। |
| पादरी अथवा अन्य धार्मिक नेता | मानिसहरूहको धार्मिक आस्थाले कसरी व्यवहारलाई प्रभावित गर्छ ? | मानिसहरू विपद् जोखिम न्यूनीकरणप्रति कम ध्यान दिने अवस्था न्यून छ। |
| | धार्मिक समुदायका सदस्यहरूले विपद्को समयमा एक अर्कालाई कसरी सघाउँछन ? | सम्बोधन गर्न पर्ने संकटासन्नता अथवा निर्माण गर्न पर्ने क्षमता उजागर गर्न सक्छ , |
| गाउँको अगुवा/ नेता | संकटको समयमा नेताहरूलाई कस्ता अतिरिक्त दवाबहरू अथवा जिम्मेवारीहरू आउन सक्छ ? | संकटको समयमा नेतृत्वको गतिमा मद्दत दिन सक्छ। |
| | विपद्को समयमा सबभन्दा संकटासन्न को हुन् ? कस्तो विशेष सहयोग प्रदान गरिन्छ ? | महिलाहरू र अन्य संकटासन्न समूहहरूको बारेमा चेतना अथवा चेतनाको अभाव इंगित गर्न सक्छ। |
| | प्रकोपहरूबाट सुरक्षाको सर्वाधिक आवश्यकता कसलाई अथवा के लाई हुन्छ ? | के/को सबभन्दा मूल्यवान छ भन्ने संकेत गर्छ। |
| विद्यालय शिक्षक | मानिसहरूले आफ्ना सन्तानहरूको शिक्षालाई के महत्व दिन्छन् (केटा/केटी) ? | शिक्षालाई दिइएको साँस्कृतिक महत्व र केटा/केटीहरूलाई दिइएको सापेक्षिक महत्व बुझ्न मद्दत गर्छ। |
| | विद्यालयले प्रकोपको शिक्षा कसरी दिन्छ ? | पाठ्यक्रममा परिवर्तनको लागि पैरवीको आवश्यकता उजागर गर्न सक्छ। |
| | संकटनको समयमा विद्यालयको प्रयोग गरिन्छ ? | संकटको समयमा अस्थायी आश्रयस्थल बन्न सक्ने विद्यालयको क्षमता। |

**परिणामहरूको संक्षेपीकरण**

अन्तरवार्ता र लक्षित समूह अन्तरक्रियाबाट संकलित जानकारीहरू एउटा चार स्तम्भे तालिकामा संक्षेपीकरण गर्न सकिन्छ।

संकलित जानकारीहरूको सारांश

| संरचना | सकारात्मक प्रक्रिया | नकारात्मक प्रक्रिया | अन्तरनिहित कारण |
|---|---|---|---|
| गाउँका जेष्ठ नागरिक | स-साना विवाद मिलाउने र समुदायको सद्भाव कायम राख्ने | पुरुषहरूको आधिपत्य र पुरुषहरूको रुचि हेरिने, महिलाहरूमा रुचिहरूलाई वेवास्ता गरिने | पुरुषको प्रभुत्व र नियन्त्रण भएको सँस्कृति |
| गाउँको विद्यालय | शिक्षा प्रदान गर्छ | पाठ्यक्रममा विपद्हरू र तिनको सामना गर्ने सम्बन्धि केही पनि समावेश छैन | सरकारले पाठ्यक्रम र शिक्षाको लागि बजेट निर्धारण गर्छ |
| कृषकहरूको सहकारी | कृषकहरूलाई सस्तो मूल्यमा बीउबीजन र मलहरू किन्न सक्षम बनाउँछ | कृषकहरू एउटा विशेष नगदे बालीमा मात्र आकर्षित (उदाहरण, कपास, सुर्ती) | कृषकहरूले पाएको मूल्य अन्तराष्ट्रिय स्तरबाट नियन्त्रित |
| सरकारको कृषि विभागको स्थानीय कार्यालय | अधिकृतले तालिम र कम मूल्यका कृषि उपकरण र श्रोतहरू प्रदान गर्छन् | ग्रामीण क्षेत्रमा यातायातको अभावमा अधिकृतले तालिम प्रदान नगर्ने, उपकरण र श्रोतहरू उपलब्ध नभएको | सरकारले राष्ट्रिय बजेटमा कृषिलाई प्राथमिकतामा पार्दैन, सत्तारुढ दललाई समर्थन गर्ने क्षेत्रहरूलाई रकममा पक्षपात |

मुख्य जानकारहरूबाट संकलित जानकारीहरू लक्षित समूहबाट हासिल जानकारीहरूसँग छड्के जाँच गर्न सकिन्छ। उदाहरणको लागि, लक्षित समूह अन्तरक्रियाले निश्चित सरकारी विभागले सेवाहरूमा कमी गरेको कुरा खोल्न सक्छ। उपयुक्त सरकारी अधिकृतसँगको अन्तरवार्ताले यो किन भयो भन्ने पत्ता लगाउने अवसर दिन्छ। समस्या यी धेरै मध्ये एकमा पाउन सकिन्छ, जसमाः

- सेवा प्रदान गर्न सरकारी श्रोतहरूको कमी
- परियोजना कार्यान्वयन गर्न परियोजनाका कर्मचारीहरू माभ्फ व्यवहारिक दक्षताको कमी
- उपलब्ध सेवाहरू र ती सम्म पहुँचका सम्बन्धमा समुदायका सदस्यहरूमा चेतनाको कमी

कार्य योजनाको चरणमा यस गतिशील दवाबहरूलाई सम्बोधन गरिनु पर्छ। त्यसका निम्ति निम्न क्रियाकलापहरू समेट्न सकिन्छ ः

- सरकारी श्रोतहरूको वितरणमा वृद्धि अथवा निकासाका लागि अभियान
- तालिम कार्यक्रमहरूमा सरकारी कर्मचारीहरूलाई सहभागी गराउने
- सेवा अधिकारका बारेमा समुदायमा चेतना वृद्धि गराउन

अन्तरवार्ताहरूले विपद् व्यवस्थापनमा सरकारका निकै कम नीति तथा योजनाहरू छन् भन्ने उजागर गर्न सक्छन्। यस्तो अवस्थामा, केन्द्रिय स्तरमा सरकारसँग पहल गर्नु सबभन्दा उचित काम हुन सक्छ (खण्ड ८.७)

कार्य योजना बन्दा पैरवीका अवसरहरू स्वभाविक रूपमा खुल्न सक्छन् (खण्ड ८) तर दीर्घकालीन, दिगो उपलब्धिका लागि हरेक छ महिनामा अद्यावधिक गरिने पैरवी रणनीति विकास गर्नु उपयोगी हुन्छ। यसमा समुदायको हितका लागि पैरवीका विषयहरूमा प्रगति ल्याउने उच्च सम्भाव्यता हुन्छ। आर्दशतः रणनीति समुदायसँग बसेर तर्जुमा गरिनु पर्छ र यसको स्वामित्व समुदायमा हुन पर्छ।

# ७.४ संरचनाहरू र प्रक्रियाहरूलाई चुनौति

धेरैजसो मामिलाहरूमा गरिब व्यक्तिहरूको संकटासन्नता कुनै निश्चित अन्यायपूर्ण नीतिहरू अथवा साँस्कृतिक अभ्यासहरूसँग स्पष्ट रूपमा सम्बन्धित हुन्छन् । संकटासन्नता न्यून गराउन सम्भव हुन सक्छ तर समस्याको जरामा रहेका निश्चित नीति अथवा अभ्यासलाई चुनौति दिन जरुरी हुन्छ । तलका संक्षिप्त घटना अध्ययनहरूले चुनौति दिएर परिवर्तन गराइएका प्रक्रियाहरूको उदाहरण प्रस्तुत गर्छन् । यी मध्ये पहिलो घटना भारतको हो भने दोश्रो मलावीको ।

**उत्तरी भारतको बिहारका सामाजिक संरचनाहरू**

बाढीको उच्च जोखिममा रहेका गाउँहरूको समूहमा PADR प्रक्रियाले जात व्यवस्थाको बल र तल्लो सामाजिक समूहमा जन्मेकाहरूको बृहत्तर संकटासन्नता बारे प्रकाश पार्यो । जातीय संरचनाले धनी र उच्च जातका मानिसहरूले सुरक्षित उच्च भूभागमा नियन्त्रण हासिल गरे को र गरिब, तल्लो जातका मानिसहरू उच्च जोखिमका होचा भूभागमा बसेको भन्ने सुनिश्चित गर्यो । बाढीको समयमा उक्त सँस्कृतिका नियमहरू लागू नै थिए र तल्लो जातकाहरूलाई माथिल्लो जातका व्यक्तिहरूले आफ्नो इलाकामा आउन दिइएन । उठाइएका मुल सडकहरू र नदीका तटबन्धहरू मात्र उपलब्ध स्थान थिए । संरचना, प्रक्रिया र अन्तरनिहित साँस्कृतिक श्रेणीहरूले संकटासन्नता वढाउन ठूलो भूमिका खेलेको थियो ।

यस विशेष घटनामा, एउटा भारतिय गैसस (दिल्लीमा रहेको अनुयायी केन्द्र) ले समुदायसँग एउटा कार्य योजना तयार गर्यो र तल्लो जातका समूहहरूलाई माथिल्लो जातका जमिन्दारहरूसँग संबाद गर्ने प्रक्रियामा मदत गर्यो । उनीहरू होंचो भूभागबाट तुलनात्मक रूपमा सुरक्षित तटबन्धसम्म पुग्ने अग्लो गरी उठाइएको बाटो निर्माण गर्ने अनुमति पाउन सफल रहे । फलस्वरुप जमिन्दारहरू आफ्ना आँपका बगैंचाको नजिक सम्म ठेलागाडा ल्याउन सक्षम भए र उनीहरूको उत्पादनको लागि सजिलो बजार वन्यो । जातहरू बीचको सम्बन्ध तत्पश्चात सुध्रियो ।



Caroline Irby / Tearfund

बालबालिकाहरू बाढीको समयमा भाग्ने अग्लो बाटो बाट स्थानान्तरण हुने अभ्यास गदै

**मलावीमा व्यवसाय संरचना र प्रक्रियाहरू**

लिम्बे लिफ कम्पनीले सुर्ती उत्पादन गर्न समुदायको जग्गामा बाँध निर्माण गर्यो तर त्यसले सवैलाई पानी प्रयोग गर्न बन्देज लगायो । सुख्खाको समयमा पनि पानीको विशाल वितरण हुँदा हुँदै फारमसँग सम्बन्धित व्यक्तिहरू बाहेक अन्यले पानीसम्मको पहुँच पाएनन् । चार लक्षित समुदायमा करिब १६० व्यक्तिहरूले "अधिकारमुखी विकास" सम्बन्धी तालिम हासिल गरेका थिए । उनीहरूले पैरवी तालिम प्राप्त गरे जसले उनीहरूलाई पानीमा पहुँचको अधिकार लिन कम्पनीसँग पहल गर्न परिचालित हुन मद्दत गर्‍यो । धेरै पहल पश्चात समुदायले कम्पनी र स्थानीय निकाय दुवैबाट बाँधको पानी र विवादित जग्गाको केही अंश प्रयोग गर्ने अनुमति पाए ।

# कदम ५ : जोखिम व्यवस्थापनका योजनाहरू

कदम ५ PADR प्रक्रियाको अन्तिम र सबभन्दा महत्वपूर्ण चरण हो । अघिका कदमहरूले समुदायले सामना गरिरहेका प्रकोपहरू, प्रकोपहरूको सम्भावित असर र समुदायमा भएका संकटासन्नताहरू र क्षमताहरूको ले खाजोखा गरे । कदम ४ ले विशेषगरी संकटासन्नतामा योगदान दिने दवाबहरू र अन्तरनिहित कारणहरू हेरेको थियो । कदम ५ ले जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने तरिकाहरू पत्ता लगाउने तर्फ ध्यान दिन्छ । अन्तिम परिणामलाई समुदाय स्तरको जोखिम व्यवस्थापन योजना नाम दिइएको छ ।

कदम ५ मा, यस प्रक्रियाको शुरुका चरणहरूमा संलग्न भइसकेकाहरूको पूर्ण संलग्नता सहित, यथेष्ट समय र मेहनत दिनुपर्छ । दुवै लिङ्गको साथ साथै बालबालीकाहरूका पनि आवश्यकताहरू समेटिन्छन् भन्ने सुनिश्चित गर्नका लागि जोखिम व्यवस्थापन योजना विकास गर्न महिला र पुरुष दुवैको पूर्ण संलग्नता रहनुपर्छ । लक्षित समूहहरूले अझै पनि भिन्दाभिन्दै काम गर्न पर्न सक्छ तथापि दुइवटा योजनाहरूका क्रियाकलापहरूलाई कुनै विन्दुमा एकै ठाउँमा ल्याउनु पर्छ । सहजकर्ताले अल्पसंख्यक र सिमान्तीकृत सामाजिक अथवा धार्मिक समूहहरूको प्रक्रियामा योगदान रहन्छ र कम सक्षमहरूको आवश्यकताहरू समेटिन्छन् भन्ने सुनिश्चित गर्नुपर्छ । धनी र शक्तिशालीहरूलाई प्रक्रिया हेरफेर गर्न दिनु हुँदैन : उदाहरणको लागि, जमिन्दार जसले इन्जीनियरिङ्गको समाधानहरूको पैरवी गर्छ ताकि उ र उसको परिवारलाई फाइदा होस् ।

जोखिम व्यवस्थापन योजना निर्माण अन्तर्गत क्रियाकलापहरूलाई विकास गर्दै जैजाने कार्य पर्दछ जुन संकटासन्न न्यून गराउने क्रियाकलापहरू समुदायका सदस्यहरूद्वारा प्राथमिकीकरण गरी स्थापित गरिएका हुन्छन् । जहाँ सम्भव छ त्यहाँ यस्ता गतिविधिहरूले समुदायमा पहिल्यै विद्यमान क्षमताहरूको प्रयोग गर्न पर्छ -पुरुषहरूसँग जोडिएका क्षमताहरू र महिलाहरूसँग जोडिएका क्षमताहरू । सहजकर्ताले यस्तो प्रकारको स्व-सेवा शैलीलाई प्रोत्साहन गर्नुपर्छ । केही क्रियाकलापहरूमा समुदाय बाहिरबाट, गैससहरूबाट अथवा सरकारबाट अतिरिक्त श्रोतहरू संलग्न हुन सक्छन् । समुदायले व्यवस्था गर्न नसक्ने अवस्थाका लागि यस्ता श्रोतहरू प्रदान गर्न बजेट छुट्याउनु पर्छ ।

जोखिम न्यूनीकरण पहलको सफलता अक्सर उक्त योजनामा समुदायले महसुस गर्ने स्वामित्वमा निर्भर रहन्छ । यदि स्वामित्वको बलियो भावना छ भने योजना सफल हुने सम्भावना उच्च रहन्छ, ठीक यसरी नै यसको विपरीत पनि सम्भव छ ।

स्वामित्व तब बढ्छ जब समुदायले मौलिक योजना आफैसँग राख्छ र सहजीकरण टोलीले प्रतिलिपी बनाउँछ । सफलता क्रियाकलाप विशेषहरूको कार्यान्वयनको जिम्मेवार व्यक्ति विशेषहरूले लिनुमा पनि निर्भर र हन्छ । यो अक्सर विपद् व्यवस्थापन समितिको स्थापना गरेर अथवा अस्तित्वरत समितिमा “विपद्” कार्यभार थपेर गरिन्छ । समितिका सदस्यहरूले, तत्पश्चात, कार्य विशेषको जिम्मेवारी लिन्छन् र ती कार्यहरू सहमत भएको मितिमा सम्पन्न हुनेछन् भन्ने निश्चित गर्छन् ।

## ८.१ समुदाय स्तरको जोखिम व्यवस्थापन योजना

जोखिम व्यवस्थापन योजना धेरै स्तरहरूमा गर्न सकिन्छ । परिवारबाट शुरु गरेर फराकिलो समुदाय हुँदैं सरकारका विभिन्न तह मार्फत राष्ट्रिय स्तरसम्म जान सकिन्छ । यहाँ सुझाइएको प्रक्रिया समुदाय स्तरको योजना निर्माण हो, जुन कदम १ देखि ४ मा हासिल जानकारी माथि निर्माण गरिन्छ ।

समुदाय स्तरको जोखिम व्यवस्थापन योजना उत्पादन गर्ने पाँच चरणहरू छन् :

१. **तथ्यांकन पुष्टिकरण** - लक्षित समूह छलफलहरूबाट पहिचान गरिएका संकटासन्नताहरू विशेष असरहरूसँग सम्बन्धित छन् भन्नेमा समुदाय सहमत हुन्छ र सूचीकृत क्षमताहरू समुदायमा वास्तवमै पाइन्छन भनेर जाँच्नुहोस् ।

२. **असरहरूको प्राथमिकीकरण** - प्रस्तुत गरिएको सूची (अथवा तस्वीरहरू) बाट सबभन्दा महत्वपूर्ण असरहरू समुदायलाई छनोट गर्न दिनुहोस् ।

३. **जोखिम न्यूनीकरण क्रियाकलापहरूको पहिचान** - यदि समुदायका आफ्नै केही उपायहरू छन् भने सम्भावित जोखिम न्यूनीकरणका सुझावहरू संकलन गर्नुहोस् जसमा सहजकर्ताका उपायहरू पनि समावेश गर्नुहोस् ।

४. **सुझाइएका क्रियाकलापहरूको मूल्यांकंन** - उपायहरू माथि छलफल गर्नुहोस् र कुन क्रियाकलापहरू सफल हुने सम्भावना बढी छ भन्ने निर्माण गर्नुहोस् ।

५. **क्रियाकलापहरूको कार्यान्वयन** - छनोट गरिएका क्रियाकलापहरू कार्यान्वयन गर्न जोखिम व्यवस्थापन योजना विकास गर्नुहोस् ।

## चरण १ तथ्यांकन पुष्टिकरण

खण्ड ६ को अन्त्यमा हामीले असरहरू, संकटासन्नताहरू र क्षमताहरू, पाँच वर्गहरू व्यक्तिगत, सामाजिक, प्राकृतिक, भौतिक र आर्थिक अन्तर्गत राखेर एउटा वृहत्त तालिकामा सँगै ल्याउन पर्छ भन्ने निर्क्यौल गर्‍यौं (खण्ड ६.५) । दोश्रो तालिका (खण्ड ७.३) ले गतिशील दवाबहरू र अन्तरनिहित कारणहरूलाई संक्षेपीकरण गर्नुपर्छ ।

तर एउटा असरलाई विशेष संकटासन्नताहरूसँग जोड्दा त्यसले सहजीकरण टोलीको विचारहरू प्रस्तुत गर्छ । समाधान खोजी गर्ने तर्फ लाग्नु अगि त्यसलाई समुदायले पुष्टि गर्न आवश्यक हुन्छ । समुदायलाई प्रतिपुष्टि दिने सही तरिका टोलीले निर्धारण गर्न पर्छ र यसो गर्दा समुदायका धेरै जना साक्षर हुँदैनन भन्ने ध्यानमा राख्नपर्छ । सँस्कृतिले अनुमति दिएको अवस्थाहरूमा महिला र पुरुष लक्षित समूहहरू एकै ठाउँमा ल्याउन सकिन्छ । अन्यथा, पहिलेको जस्तै लक्षित समूहलाई प्रतिपुष्टि दिनु राम्रो तरिका हुन्छ ।



Arun Kumar Naik / EFICOR

(चित्र : मलावीमा महिलाहरू विपद् जोखिम न्यूनीकरण छलफल समूहमा सहभागी हुँदैं)

उदाहरणको लागीः दुइ वटा कागजहरू एकै स्थानमा जोडेर ठूलो फ्लिप चार्ट बनाउनु होस् । यसलाई चार खाली स्तम्भहरूमा बाँड्नुहोस् । पहिला तीन स्तम्भहरूको शीर्षक : असर, संकटासन्नताहरू र क्षमताहरू (खण्ड ६.५ को जस्तै) राख्नुहोस् तर तेर्सो गरी पाँच वर्गहरूमा भाग नलगाउनुहोस् । विशेष असरहरू (६.५ को पूर्ण फ्लिप चार्ट बाट लिइएको), त्यसपछि देब्रे स्तम्भमा जोडिन्छ । समुदायलाई ति असरहरू विपद्को समयमा हुन सक्छ भन्ने बारेमा सहमत हुन्छ या हुँदैन, सोध्नुहोस् । यी असरहरू बैठक भन्दा अगाडि लेख्न अथवा कागजका टुक्राहरूमा लेख्न सकिन्छ ।

बाढीको लागि एक उदाहरण क

| असर | संकटासन्नताहरू | क्षमताहरू |
|---|---|---|
| मानिसहरू डुब्छन् | | |
| | | |
| | | |
| घरहरू क्षतिग्रस्त हुन्छन् | | |
| | | |
| | | |
| बालीनालीहरू नष्ट हुन्छन् | | |
| आदि, ईत्यादि | | |

समुदायसँग अर्को चरण दोश्रो स्तम्भमा संकटासन्नताहरू (खण्ड ६.५ को चार्टबाट लिइएको) थप्नु हो (फेरि पनि कार्डहरू प्रयोग गरेर) । संकटासन्नताहरू उपयुक्त असरहरूसँग राख्नु पर्छ, जुन पहिल्यै देखि चार्टमा हुन्छन् । यसलाई तल देखाइएको छ ।

बाढीको लागि एक उदाहरण ख

| असर | संकटासन्नताहरू | क्षमताहरू |
|---|---|---|
| मानिसहरू डुब्छन् | चेतावनी प्रणाली छैन | |
| | थोरै मानिसहरू मात्र पौडिन सक्छन् | |
| | डुंगाहरू अथवा तैरने साधनहरू छैनन् | |
| घरहरू क्षतिग्रस्त हुन्छन् | नदी नजिकका घरहरू | |
| | माटो र बाँसका घरहरू | |
| | बाढीको तटबन्ध छैन | |
| बालीनालीहरू नष्ट हुन्छन् | बाढी आउने समयमा खेतमा बालीनाली | |
| | बालीनाली बाढी प्रतिरोधी छैनन् | |
| | बाढीको तटबन्ध छैन | |

कार्डहरू ठाउँमा राखेपछि समूहलाई संकटासन्नता र असरबीचको सम्बन्धमा सहमत छन् कि छैनन् भनेर सोधिन्छ । यस चरणमा अतिरिक्त बुँदाहरू थप्न सकिन्छ । अन्तमा, तेश्रो स्तम्भमा समुदायका क्षमताहरू (फेरि पनि खण्ड ६.५ को चार्टबाट लिइएको) थपिन्छ । यदि सम्भव छ भने क्षमताहरूलाई पहिल्यै पहिचान गरिएका संकटासन्नताहरूसँग जोडेर, समूहका सदस्यहरूलाई पुनः यी क्षमताहरूको उपस्थिति स्वीकार्न वा नकार्न लगाइन्छ ।

## बाढीको लागि एक उदाहरण

बाढीको लागि एक उदाहरण ग

| असर | संकटासन्नताहरू | क्षमताहरू |
|---|---|---|
| मानिसहरू डुब्छन् | चेतावनी प्रणाली छैन | मस्जिदमा लाउडस्पीकर (माइक) छ |
| | थोरै मानिसहरू मात्र पौडिन सक्छन् | सक्षम शरिर भएका युवा, युवतीहरू स्वयंसेवकका रूपमा उपलब्ध |
| | डुंगाहरू अथवा तैरिने साधनहरू छैनन् | केही पुरुषहरू माछा मार्ने डुंगामा काम गर्छन् |
| घरहरू क्षतिग्रस्त हुन्छन् | नदी नजिकका घरहरू | विद्यालय सुरक्षित अग्लो भूभागमा छ |
| | माटो र बाँसका घरहरू | थोरैको संख्यामा ईंट्टाले बनेका घरहरू |
| | बाढीको तटबन्ध छैन | बाँसहरूको यथेष्ट आपूर्ति |
| बालीनालीहरू नष्ट हुन्छन् | बाढी आउने समयमा खेतमा बालीनाली | सरकारी कृषिविज्ञ नजिकैको शहरमा भएको |
| | बालीनाली बाढी प्रतिरोधी छैनन् | बजारमा तरकारीका बीउहरू |
| | बाढीको तटबन्ध छैन | कृषकहरूको सहकारी |

चार्ट भर्दै गएपछि समूहका सदस्यहरूले आफ्नो क्षमता देख्न थाल्छ जसले प्रकोपको असर र संकटासन्नतालाई न्यूनीकरण गर्न मद्दत पुग्छ।

### चरण २ असरहरूको प्राथमिकीकरण

फ्लिप चार्टले बायाँ हाततिरको स्तम्भमा कम्तिमा पाँच अथवा छ वटा असरहरू देखाउनु पर्छ। तिनीहरूमध्ये कुनै बढी तिव्रताको त कुनै तूलनात्मक रूपमा कम हुनसक्छन्। समूहले, खण्ड ४.२ मा व्याख्या गरिएको श्रेणीवद्ध गर्ने अभ्यासको प्रयोग गरेर, सबभन्दा गम्भीर असरहरू कुन-कुन हुन् भन्ने निर्णय गर्न पर्छ। माथिको उदाहरणमा, समुदायका सदस्यहरूले बालीनाली नष्ट हुनु सबभन्दा गभ्मीर विषय हो भन्ने निर्णय गर्न सक्छन। जोखिम न्यूनीकरणको छलफल त्यसपछि बालीनाली नष्ट हुनुका संकटासन्नताहरू र तिनको न्यूनीकरण तर्फ केन्द्रित हुनुपर्छ।

यो अभ्यासले जानिएका असरहरूको मात्र प्राथमिकीकरण गर्छ। जलवायु परिवर्तनको बढोत्तरीले हालै मात्र महसुस गर्न शुरु गरिएका असरहरू उत्पन्न गराउन सक्छ। जलवायु परिवर्तनको उपलब्ध आँकडा (खण्ड ५.३ हेर्नुहोस) र पुष्टि (माथिको चरण १ हेर्नुहोस्) ले हालका असरहरू अझ बढी प्रचण्ड हुन सक्छन् या सक्दैनन् भन्ने संकेत गर्नुपर्छ। सम्भव भएमा योजनामा यस विग्रदों अवस्थालाई पनि ध्यानमा राख्ने प्रयास गर्नुहोस्।

### चरण ३ जोखिम न्यूनीकरण क्रियाकलापहरूको पहिचान

हरेक संकटासन्नताहरूलाई पालै-पालो लिँदै समुदायलाई कसरी उक्त संकटासन्नतालाई सम्बोधन गर्न सकिन्छ भनेर सोध्नुहोस्। यदि उपयाहरू आउन ढिलाइ भएको खण्डमा, सहजकर्ताले सान्दर्भिक हुन सक्ने उपलब्ध क्षमताहरूबारे प्रकाश पारिदिनु पर्छ। यस्तो अवस्थाहरूमा जोखिम कम गराउन प्रयोग गर्न सकिने क्रियाकलापहरू सुझाउन सक्षम हुन पर्छ। उदाहरणको लागि, खण्ड ६.५ को तालिकामा कार्यालयको छलफलमा आधारित भएर स्तम्भ ५ मा टिपिएका विचारहरू। तालिका ग मा दिइएको बाढीको विषयको उदाहरणमा सहजकर्ताले यस्ता प्रकारका प्रश्नहरू सोधन सक्छन्।

- यहाँहरू मध्ये कसैले कहिल्यै बाढी सहन सक्ने बाली उब्जाउने कोशिश गर्नुभएको थियो ?
- के त्यो सफल भएको थियो ? यदि भएको थियो भने :
- के त्यस बालीको बीउ कतै अझै पनि उपलब्ध छ ? यदि छ भनेः
- यस्तो बाली विस्तृत रूपमा उब्जाउन सम्भव होला ? र यस्तै यस्तै ...

यो सहजीकरण गर्ने सबैभन्दा सरल तरिका चार्टको दायाँ तर्फको अन्तिम स्तम्भ (खण्ड ६.५ मा जस्तै) प्रयोग गर्ने र समूहको सुझावहरू यस स्तम्भमा लेख्ने हो । यदि समुदायबाट प्रतिक्रियाहरू आउन ढिलाइ भयो भने उनीहरूलाई उपायहरू सुझाउन नभुल्नुहोस् ।

"बालीहरू नष्ट हुन्छन्" भन्ने असरमा केन्द्रित भएर तालिका 'घ' ले फेरी बाढीको उदाहरण प्रयोग गरेको छ ।

बाढीको लागि एक उदाहरण घ

| असर | संकटासन्नताहरू | क्षमताहरू | जोखिम न्यूनीकरण गर्ने सुझाइएका क्रियाकलापहरू |
|---|---|---|---|
| मानिसहरू डुब्छन् | बाढी आउने समयमा खेतमा बालीनाली | सरकारी कृषि विज्ञ नजिकैको शहरमा तैनाथ | कृषिविज्ञसँग बाढी सहने बालीहरूको बारेमा सल्लाह र तालिमका लागि आग्रह गर्नुहोस् |
| घरहरू क्षतिग्रस्त हुन्छन् | बालीनाली बाढी प्रतिरोधी छैनन् | बजारमा तरकारीका बीउहरू | सुख्खा याममा तरकारी खेती गर्न हौसला दिनुहोस् |
| बालीनालीहरू नष्ट हुन्छन् | बाढीको तटबन्ध छैन | कुषकहरूको सहकारी | उचित दाममा बीउ किन्न सहकारी प्रयोग गर्नुहोस् |

समूहले अन्य प्रकोपहरू असरहरूका लाग यो प्रक्रिया दोहऱ्याउने इच्छा राख्न सक्छन् । विभिन्न प्रकोपका प्रकारहरूको जोखिम न्यूनीकरण गर्न सुझाइएका क्रियाकलापहरू परिशिष्ट 'ख' मा दिइएका छन् ।

**चरण ४ सुझाइएका क्रियाकलापहरूको लेखाजोखा**

धेरैको संख्यामा विचारहरू संकलन गरेपछि उक्त क्रियाकलाप सम्भव र उपयुक्त थियो या थिएन भनेर परीक्षण गर्न, सहजकर्ताले हरेक क्रियाकलापमा छलफल आरम्भ गर्नुपर्छ । उनले उक्त क्रियाकलापको सम्भावित समस्याहरू अथवा नकारात्मक असरहरूका बारेमा प्रश्नहरू सोध्नु पर्छ । यस अनुसार कुनै विचारहरू अस्वीकृत गर्न पर्ने हुनसक्छ ।

- यस क्रियाकलापबाट कोही नकारात्मक रूपमा प्रभावित हुन सक्छन् ?
- यस क्रियाकलापले महिला सहितका सर्वाधिक गरिब र संकटासन्न मानिसहरूलाई फाइदा दिन सक्छ ?
- यस क्रियाकलापको बालबालीकाहरू माथि कुनै नकारात्मक असर हुन्छ ?
- के वातावरणमा कुनै क्षति गर्ने खालको असर हुन्छ ?
- यो क्रियाकलाप जलवायु परिवर्तनबाट कसरी प्रभावित हुन्छ ?

यदि क्रियाकलापको नकारात्मक असर हुनसक्छ भने त्यस्ता असरहरूलाई कम गराउने तरिकाहरू खोज्नुहोस् । टियरफण्ड ROOTS १३ -वातावरणीय दिगोपना (Environmental sustainability) मा वातावरणीय असर लेखाजोखाको खण्ड छ (खण्ड ५.२) । वातावरणीय लेखाजोखा औजारमा क्रियाकलापहरूको वातावरण उपर असर लेखाजोखा गर्न थप विस्तृत पद्धति छ । यदि नकारात्मक असरहरू कम गराउने अथवा हटाउने तरिका पाइँदैन भने त्यस अवस्थामा कुनै क्रियाकलापलाई अस्वीकार गर्नुपर्छ ।

**चरण ५ क्रियाकलापहरूको कार्यान्वयन**

यस अन्तिम चरणमा, छानिएका क्रियाकलापहरू कसरी संचालन गर्ने भन्ने निर्णय गर्ने हो । यदि तपाईंले बेग्लाबेग्लै लक्षित समूहहरूसँग नै जारी राख्नुभएको छ भने अबको समय महिलाहरू र पुरुषहरूका सुझावहरू र मूल्याङ्कनहरू एकै स्थानमा ल्याउने समय हो । यसलाई मिश्रित समूहमा गर्न संभव छ । यदि छैन भने, सहजकर्ताले महिला समूहहरूका सुझावहरू अन्तिम योजनामा समावेश गरिन्छ र महिलाहरूलाई साँस्कृतिक रूपमा प्रतिनिधित्व गराउन सकिन्छ भन्ने सुनिश्चित गर्नपर्छ । तलको नमूनामा देखाइए झैं फ्लिप चार्ट कागजहरूमा ६ स्तम्भ प्रयोग गर्न उचित हुन्छ ।

**जोखिम व्यवस्थापन योजना नमूना**

| चुनिएको क्रियाकलाप | कार्यान्वयनको पद्धति (तरिका) | | | जिम्मेवार व्यक्ति | गर्नु पर्ने (मिति) |
|---|---|---|---|---|---|
| | सामुदायिक कार्य | गैसस सहयोग | सरकारलाई अनुरोध | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

चुनिएका क्रियाकलापहरू बाँया तर्फको पहिलो स्तम्भमा लेख्नुपर्छ । सामुदायिक कार्यमा, समुदायले आफ्नै क्षमताहरू प्रयोग गरेर गर्न सक्ने केही कुराहरू लेख्नुहोस्, जस्तै ज्ञान, मानिस, प्राकृतिक श्रोतहरू आदि । सहजकर्ताले यी क्षमताहरूको अधिकतम प्रयोगलाई प्रोत्साहित गर्नुपर्छ । गैसस सहयोग स्तम्भमा, बाहिरबाट आवश्यक पर्न सक्ने क्रियाकलापहरू अथवा सामग्रीहरू लेख्नुहोस् । सहजीकरण गरिरहेको गैसस यस्ता वस्तुहरू प्रदान गर्न सक्षम हुनसक्छ अथवा अर्को गैससको सेवा ल्याउन सक्छ । सरकारलाई अनुरोध स्तम्भमा, ठूला श्रोतहरू, सेवाहरू अथवा स्थानीय या उच्च-स्तरीय सरकारी दक्षताहरू भित्र्याउनका लागि पैरवीका क्रियाकलापलाई संकेत गर्छ ।

अन्तिम चरण चार्टको दायाँ तर्फका दुई स्तम्भहरू भर्नु हो । यसले उक्त क्रियाकलाप गर्न समुदायमा को जिम्मेवार छ अथवा कसले अरुले उक्त कार्य गर्छ भन्ने सुनिश्चित गर्ने जनाउ दिन्छ । "समुदाय" अथवा "कृषकहरू" जस्ता अस्पष्ट शब्दहरू प्रयोग गरिनु हुँदैन । कहिलेकाहीं कार्यरत नेता अथवा समितिले यस्ता क्रियाकलापहरूको जिम्मेवारी लिन सक्छन, अथवा वैकल्पिक हिसाबमा एउटा नयाँ विपद् व्यवस्थापन समिति गठन गर्न सकिन्छ जसका सदस्यहरूको चयन समुदायले गर्छ (खण्ड ८.३ हेर्नुहोस्) । कुनै निश्चित मौसम शुरु हुन अगावै कुनै क्रियाकलाप शुरु गर्नु आवश्यक छ भने पूरा गरिनु, मितिहरू तय गर्नु राम्रो उपाय हुन्छ ।

योजना विकास गर्ने थप उपायहरू तल देखिन्छन् ।

**केही व्यवहारिक सुझावहरू**

- महिलाहरूको पूर्ण सहभागीता हुने सक्ने समय र स्थानमा जोखिम व्यवस्थापना योजना तयार गरिन्छ भन्ने सुनिश्चित गर्नुहोस् ।
- सामुदायिक तालिमका लागि विशेषगरी महिला केन्द्रित संस्थाहरूलाई संलग्न गराउने तर्फ सोच्नुहोस ताकि महिलाहरूसँग प्रभावकारी संवाद हुन सकोस् ।
- याद राख्नुहोस्, समुदायको साक्षरता न्यून हुन सक्छ । यस्ता अवस्थाहरूमा शब्दहरू भन्दा तस्वीरहरू लिएर काम गर्न उत्तम हुन्छ । कहिलेकाहीं स्थानीय परिवेश वरिपरि फोटो लिन सम्भव हुन्छ अथवा इन्टरनेटबाट मिल्दाजुल्दा तस्वीरहरू झिक्न सकिन्छ । तस्वीरहरू ठूला आकारका छन् र समूहले हरेक तस्वीरले भन्न खोजेका कुराहरू बुझ्छन् भन्ने सुनिश्चित गर्नुहोस् ।
- असरहरू सामान्यतयाः सजिलो चित्रमा देखाउन सकिन्छ, उदाहरण -क्षतिग्रस्त घर अथवा मरेको गाइको तस्वीर । तर संकटासन्नताहरू र क्षमताहरू यसरी देखाउन कठिन हुन्छ । उदाहरणको लागि, पानीको भरपर्दो आपूर्ति तस्वीर बनाउन कठिन हुन्छ । केही कुराको कमी छ अथवा त्यो पहुँच बाहिर छ अथवा त्यसको नकारात्मक असर छ भन्ने देखाउन तपाईंले तस्वीरमा रातो धर्को कोर्न सक्नुहुन्छ । तर यसलाई व्याख्या गर्न समय लिनुहोस् ।
- असरहरू, संकटासन्नताहरू र क्षमताहरू दर्शाउन कार्डहरूको प्रयोगले विशेष असरहरूलाई विशेष संकटासन्नताहरूसँग जोड्न बढी दर्शनीय र गतिशील बनाउँछ ।

- यस प्रक्रियाको लागि सही स्थानको छनोट गर्नु महत्वपूर्ण हुन्छ। गर्मी हुने, बन्द कोठमा मानिसहरूलाई चाँडै निन्द्रा लाग्न सक्छ जबकि बाहिर ठूलो रुखको छहारी तल बेञ्चहरूको बसाइले उनीहरूको सक्रिय सहभागीता निश्चित गराउन सकिन्छ।

पुरा गरिएको जोखिम व्यवस्थापन योजना (मलावीको खडेरी र बाढी प्रभावित क्षेत्रमा आधारित)

| चुनिएको क्रियाकलाप | कार्यान्वयनको पद्धति (तरिका)[९] | | | जिम्मेवार व्यक्ति[१०] | गर्नु पर्ने (मिति) |
|---|---|---|---|---|---|
| | सामुदायिक कार्य | गैसस सहयोग | सरकारलाई अनुरोध | | |
| खडेरी प्रतिरोधी बाली उब्जाउने | खेतहरूको जोताइ, रोपाइ र झार उखेल्ने | बाढी प्रतिरोधी बालीहरूका बीउ पत्ता लगाउने, बिक्रीका लागि बीउ महोत्सव आयोजना गर्ने | कृषि प्रसार कार्यकर्ताहरूबाट तालिमको लागि | गैसस को स्थानीय कार्यकर्ताको सहयोगमा गाउँको मुली | खेतहरू यति मिति सम्म तयार गर्ने, कृषकहरूको हातसम्म बीउ यति मिति सम्म पुग्ने |
| संरक्षण खेती विधि अपनाउने | खेतहरूको जोताइ, रोपाइ र झार उखेल्ने सबै नौलो विधिहरू अपनाएर | सफल संरक्षण खेती हेर्न अवलो कन भ्रमणको व्यवस्था मिलाउने | कृषि प्रसार कार्यकर्ताहरूबाट तालिमको लागि | गैसस को स्थानीय कार्यकर्ताको सहयोगमा गाउँको मुली | खेतहरू यति (मिति) सम्म तयार गर्ने, भ्रमण यति (मिति) सम्म पुरा गर्ने |
| खानाको लागि काम योजना | जोखिम न्यूनीकरण कार्य परियोजनाहरू छनोट गर्ने, पाँच दिनको ज्यालादारी कामको लागि एक दिन निशुल्क श्रम | खाना खरिदको व्यवस्था गर्ने, काम र कामदारहरूलाई पारिश्रमिकको सुपरिवेक्षण गर्ने | पूर्वाधारहरूमा प्राविधिक सल्लाहको लागि (उदाहरण, सिंचाइको लागि नहर) | गाउँको मुली, गैससको स्थानीय सुपरिवेक्षक | खाना खरिद गर्ने (मिति), काम पूरा गर्ने (मिति) |
| सुधारिएको सरकारी स्वास्थ्य सेवा | क्लिनिकको लागि जमिन र ईटाहरू दिने | स्वास्थ्य अधिकृतसँगको परिचय दिलाउने | क्लिनिक निर्माण र तालिमप्राप्त कर्मचारीहरूको लागि | गैससको स्थानीय सुपरिवेक्षक | वर्षको अन्त्यसम्ममा |
| १००० रुखका बिरुवाहरू रोप्ने | हरेक परिवारले पाँच वटा खाल्डो तयार गर्ने, सामुदायिक वृक्षारोपणका लागि जमिन उपलब्ध गराउने | १००० बिरुवाहरू उपलब्धता गराउने | असर गुणस्तरका बिरुवाहरूको सल्लाह र विक्रिका लागि वन विभाग | गाउँको मुली, गैससको स्थानीय सुपरिवेक्षक | खाल्डोहरू (मिति) सम्म तयार हुने, बिरुवाहरू (मिति) सम्म खरिद गरेर ल्याइने |
| महिलाहरूका लागि बचत तथा ऋण समूह स्थापना गर्ने | समूहहरूका लागि बैठक स्थल उपलब्ध गराउने, सदस्यहरूको मापदण्ड तोक्ने | लघु-वित्तमा काम गरिरहेको विशेषज्ञ गैसस | समूहहरूको आधिकारिक दर्ताको लागि | आरम्भमा गैससको कर्मचारी, पछि समूहका नेताहरू | समूह गठन हुने (मिति), बचतले ऋणको सीमा छुने (मिति) |
| बाढी चेतावनी र स्थानान्तरणको लागि स्वयंसेवक टोली | स्वयंसेवकहरूका लागि मापदण्ड निर्धारण, स्वयंसेवकहरूबाट निशुल्क सेवा | विपद समिति र स्वयंसेवकहरूका लागि तालिम, मेगाफोनहरू | सरकारबाट सुधारिएको चेतावनीका लागि | गाउँ विपद् समिति, गैससको स्थानीय सुपरिवेक्षक | समिति गठन हुने (मिति), स्वयंसे वकहरूको छनोट र तालिम (मिति) |

९. सामुदायिक कार्य गाउँका प्रमुख अथवा गाउँ विपद् समितिको जिम्मेवारी हो, गैससको सहयो गको लागि गैससको कर्मचारीको नेतृत्वको आवश्यकता हुन्छ

१०. हामीले 'जिम्मेवार व्यक्ति' तोकेका छैनौं किनभने सामान्यतया गैससको सहयोगमा समुदायले पैरवीको कार्य शुरुगर्छ

मानिसहरूमा आकस्मिक अवस्थामा लिनुपर्ने सही कदमको ज्ञान नहुनु अथवा आपतकालीन योजना सही स्थानमा नहुनु प्रचलित मुख्य संकटासन्नता हो । जोखिम व्यवस्थापन योजनाले यी दुई क्षेत्रहरू यथेष्टी रुपले समेटिन्छन् भन्ने सुनिश्चित गर्नपर्छ । त्यहाँ आपतकालीन योजना (तल हेर्नुहोस्) र शिक्षा/सचेतना रणनीति हुनपर्छ ।

जहाँ सम्म सम्भव छ, समुदाय स्तरको जोखिम व्यवस्थापन योजनालाई सरकारको विपद् आपतकालीन योजनाहरू र विपद्-सम्बन्धित सेवाहरूसँग जोड्न पर्छ । उदाहरणको लागि, यदि सरकारसँग खडेरी र खाद्य सुरक्षाको सन्दर्भमा योजनाहरूको राम्रो समूह छ भने, खडेरीको सामना गर्ने समुदायको योजनाले यस्ता योजनाहरूको कदर गर्दै यीसँग जोडिनुपर्छ (पैरवी सम्बन्धमा खण्ड ८.७ पनि हेर्नुहोस्) ।

**जोखिम व्यवस्थापन योजनाहरूका अद्यावधिकताहरू र पुनरावलोकन**

जोखिम व्यवस्थापन योजना एक स्थिर र स्थायी दस्तावेज होइन । यसलाई नियमित अन्तरालमा पुनरावलोकन र अद्यावधिक गर्न आवश्यक हुन्छ -कम्तीमा वर्षको एक पटक । सोध्न पर्ने केही मुख्य प्रश्नहरूमा ः

- योजनामा भएका सबै क्रियाकलापहरू कार्यान्वयन भएका छन् ?
- सूचीकृत क्रियाकलापहरूमध्ये कुनैको समय हेरफेर गर्न पर्ने आवश्यकता छ ?
- कुनै नयाँ क्रियाकलापहरू चाहिन्छ ?

पुनरावलोकन प्रक्रियामा योजना मौलिक रूपमा तयार गर्न सहयोग गर्ने मानिसहरू सहित समुदाय भित्रका विभिन्न उप-समूहका प्रतिनिधिलाई समावेश गर्नपर्छ । कुनै परिवर्तन अथवा थपथापहरू गर्न परेमा फेरि पनि विशेष व्यक्तिलाई समय सिमा सहित जिम्मा दिनुपर्छ ।

## ८.२ जोखिम व्यवस्थापन र ह्योगो कार्य योजना

ह्योगो कार्य योजना सर्वप्रथम खण्ड ७.५ मा व्याख्या गरिएको थियो । यो संयुक्त राष्ट्रसंघको अन्तराष्ट्रिय मान्यताप्राप्त दस्तावेज हो जुन विपद्हरूका असरको असर कम गराउन आवश्यक क्रियाकलापहरूको विशालतामा मार्गदर्शन दिन २००५ मा तयार गरिएको थियो । यो स्थानीय समुदायहरू, गैससहरू र सरकारका सबै स्तरहरूका लागि सान्दर्भिक छ । यस फ्रेमवर्क र माथि व्याख्या गरिएको सामुदायिक जोखिम व्यवस्थापन योजनाहरूका बीचमा सम्बन्ध छ ।

यस फ्रेमवर्कका पाँच वर्गहरू छन् ः

१. जोखिम न्यूनीकरण क्रियाकलापहरू प्राथमिकीकरण

२. जोखिमहरूको लेखाजोखा र अनुगमन

३. समुदायलाई शिक्षा र तालिम

४. संकटासन्न र संकटासन्नताका कारणहरू न्यूनीकरण

५. पूर्व तयारीमा वृद्धि

एउटा राम्रो सामुदायिक योजनाले यी पाँच वटै क्षेत्रहरूलाई सम्बोधन गर्छ । यदि एक अथवा बढी क्षेत्रहरूलाई उपेक्षा गरियो भने योजना कम प्रभावकारी हुन्छ । उदाहरणको लागि, सामुदायिक चेतनाहरू, शिक्षा र तालिमका विस्तारित कार्यक्रमको सहायता विनाको पुर्वतयारीले त्यति महत्व राख्दैन । सहजकर्ताहरू ह्योगो कार्य योजनाको कार्यहरू बारे सचेत हुन पर्छ र माथि उल्लेख गरिएका पाँच क्रियाकलापहरू नसमेटिने जस्तो देखिएको खण्डमा समुदायसँग त्यस्ता प्रश्नहरू र विचारहरू राख्न पर्छ । तलको चित्रले तपाईंले भर्खर बनाउनु भएको समुदाय स्तरको जोखिम व्यवस्थापन योजनासँग ह्योगो कार्य योजनाको कार्यहरू कसरी जोडिन्छन् भन्ने देखाउँछ ।

तल दिइएको नक्शाले तपाईले वनाउनु भएको सामुदायीक स्तरको जोखिम व्यवस्थापन योजना कसरी ह्योगो कार्य योजना सँग सम्बन्ध राख्छ भन्ने कुरा देखाउँछ।




**पैरवीका क्रियाकलापहरू (ह्योगो कार्य योजना कार्य-१)** शक्तिशाली व्यक्तिहरूलाई प्रभावित गर्ने गरी यसको परिकल्पना गरिएको हुन्छ ताकि उनीहरूका निर्णयहरू अथवा कामहरूले जोखिम न्यूनीकरणका क्रियाकलापहरूलाई प्राथमिकता दिउन्। नदीको तलबाट माटो झिक्न, तटबन्ध मरम्मत गराउन, पुल विस्थापित गर्न अथवा यसका आपतकालीन खाद्य संचितिलाई सुधार गर्न सरकारलाई राजी गराउनु यसका केही उदाहरणहरू हुन्।

**जोखिम लेखाजोखा (ह्योगो कार्य योजना कार्य-२)** प्रकोपहरूको व्याख्या, भएका क्षतिहरू र समुदायभित्र रहेका संकटासन्नताहरू र क्षमताहरू प्रस्तुत गर्दै समुदायसँग संचालन गरिएको PADR प्रक्रिया यस अन्तर्गत पर्छ।

**शिक्षा र तालिम (ह्योगो कार्य योजना कार्य-३)** समुदायका हरेकलाई चेतावनी प्रणाली र सामुदायिक आपतकालीन योजना थाहा छ भन्ने सुनिश्चित गर्न यसको आवश्यकता पर्छ। विद्यालय मार्फत दिइने शिक्षाले गीतहरू, नाराहरू, खेलौना पुतलीहरू, नाटक, पोष्टरहरू र कला प्रतियोगिता जस्ता रचनात्मक तरिकाहरू अपनाउनु पर्छ। परम्परागत ज्ञान (उदाहरणको लागि, खडेरीको चेतावनी दिने संकेतहरू) अझ व्यापक रूपमा फैलाउन पर्छ।

**संकटासन्नताहरू न्यूनीकरण (ह्योगो कार्य योजना कार्य-४)** यस अन्तर्गत बलियो घरको फ्रेमवर्क, वैकल्पिक जीविकोपार्जनहरू, खडेरी अथवा बाढी प्रतिरोधी बालीनाली उब्जाउने, अथवा पानीको आपूर्तिलाई बाढीबाट सुरक्षित राख्ने जस्ता क्रियाकलापहरू समेट्न सकिन्छ। जलवायु परिवर्तनलाई ध्यानमा राख्नु महत्वपूर्ण हुन्छ : परिवर्तित जलवायुका अवस्थाहरूमा पनि कामहरू प्रभावकारी रहन पर्छ।

**पुर्वतयारीमा वृद्धि (ह्योगो कार्य योजना कार्य-५)** सामान्यतया यसको अर्थ सामुदायिक र पारिवारिक स्तरमा आपतकालीन योजना हुन हो जसले गर्दा प्रकोप आउनु अगाडि, दौरानमा र प्रकोपको असर पश्चात सही कार्यहरू गर्न सकियोस्। यसको बारेमा थप व्याख्या अघिल्लो खण्डमा गरिएको छ।

# ८.३ सामुदायिक स्तरमा आपतकालीन योजना

प्रकोप आउनु अगावै तयार अवस्थामा राखिएका उपायहरूको समूह हो आपतकालीन योजना। यसले समुदायको प्रकोपको असर सामना गर्ने र त्यसबाट पुर्नलाभ गर्ने क्षमतामा वृद्धि गराउँछ। वृहत्त जोखिम व्यवस्थापन योजनाको यो एक त्तत्व हो र जसले ह्योगो कार्य योजनाको "पूर्वतयारी" त्तत्वलाई सम्बोधन गर्छ। योजना कार्यान्वयन गर्ने नेतृत्वको फ्रेमवर्क तय भएपछि विस्तृत विवरणलाई अन्तिम रुप दिने आवश्यकता पर्न सक्ने भएतापनि समग्र जोखिम व्यवस्थापन योजना भित्र कम्तिमा पनि आपतकालीन योजनाका केही भाग विकसित गर्नुपर्छ।

**सामुदायिक आपतकालीन योजनाका अत्यावश्यक भागहरू निम्न अनुसार छन् :**

**नेतृत्व** कार्यरत समिति अथवा परिषद्ले नेतृत्व प्रदान गर्नुपर्छ अथवा विपद्प्रति प्रतिकार्य गर्न स्थापित नयाँ अंगले नेतृत्व दिने काम गर्न सक्छ जसलाई अक्सर विपद् व्यवस्थापन समिति भनिन्छ। समिति समुदायले चुनेका व्यक्तिहरूबाट बनेको हुन्छ। तनाव अथवा द्वन्दको अवस्था आउन नदिन यसको अन्य नेतृत्वदायी संरचनाहरूसँगको सम्बन्ध स्पष्ट रूपमा व्याख्या गर्नु आवश्यक हुन्छ।

**स्वयंसेवक टोलीहरू** प्रकोपका कुनै प्रकारमा संकटको समयमा अरुहरूलाई सहयोग गर्न तालिम प्राप्त पुरुषहरू र महिलाहरूको समूह हुनु उपयोगी हुन्छ। उदाहरणको लागि, स्वयंसेवकहरूले चेतावनीका सन्देशहरू फैलाउने, पाका, बिरामी र अशक्त व्यक्तिहरूलाई सुरक्षित स्थानसम्म पुग्न सघाउने, डुंगाहरूमा सहयोगीहरू खटाउने अथवा घाइतेहरूलाई प्राथमिक उपचारको व्यवस्था गर्ने लगायतका कामहरू गर्न सक्छन्। यस्ता कठिन कामहरूमा सहायता पुर्‍याउन विशेष दक्षता भएका उप-टोलीहरू स्थापना गर्न सकिन्छ। स्थानीय संस्कृति र उक्त संस्कृतिमा महिला र पुरुषहरूको भूमिकाहरूलाई विशेष ध्यानमा राख्नुपर्छ।

**चेतावनी प्रणाली** हरेक प्रकारको प्रकोपका लागि चेतावनी प्रणाली भिन्न हुन्छ। आँधीतुफान र हुरीबतासका समयमा हाते माइक र संकेत दिने झण्डाहरूको व्यापक प्रयोग गरिन्छ। बाढीको लागि, स्वयंसेवकहरूलाई पानीको स्तर अनुगमन गर्न र त्यसपछि समुदायलाई सतर्क गराउन घण्टी अथवा चर्का ध्वनिहरू बजाउन लगाउन सकिन्छ। खडेरीमा अवस्था विस्तारै बिगद्रै जाँदा, तर खडेरीको उच्च सम्भाव्य स्थानहरूमा सरकार अथवा मौसम विभागको चेतावनी प्रणाली हुन्छ। साथै, कृषकहरूसँग पनि खडेरीको अनुमान गर्ने आफ्नै परम्परागत तरिकाहरू हुन्छन, उदाहरणको लागि, किराहरूको व्यवहारको अर्थ लगाएर, हवाको गति अथवा रुखहरूमा फुल फुल्ने शैली हेरेर।

भूकम्पको लागि वैज्ञानिक श्रोतहरू उपलब्ध हुन सक्लान तर सामान्य रूपमा समुदायले प्रकृतिका संकेतहरूको व्याख्या गर्नुपर्छ, उदाहरण, गाईवस्तु, कुकुरहरू र चराहरूको असामान्य व्यवहार र अचानक आउने बाढी जस्ता प्रकोपहरूको लागि चेतावनी प्रणाली छिटो र प्रभावकारी हुनुपर्छ किनभने समुदायसँग प्रतिकार्य गर्न केही मिनेटको समय मात्र हुन सक्छ। चर्चका घण्टीहरू मन्दीरका घण्टाहरू, मस्जिदका माइकहरू र मोबाइल फोनहरू समुदायलाई सतर्क गराउने केही आम उपायहरू हुन्।

**स्थानान्तरण केन्द्र** बाढी, आँधी अथवा भूकम्पहरू जस्ता प्रकोपहरूले मानिसहरूलाई घर छोड्न बाध्य बनाउँछन्। कहिलेकाहीं विस्थापित मानिसहरूले सुरक्षित क्षेत्रमा बसेका आफन्तहरूसँग आश्रय खोज्छन्। धेरैजसो अवस्थाहरूमा कुनै भवन अथवा शिविरलाई सुरक्षित अस्थायी आवासको रूप दिन सुसज्जित गर्न पर्ने आवश्यकता हुन्छ। केही देशहरूमा बाढी अथवा तुफानबाट आश्रय दिने उद्देश्यले निर्मित संरचनाहरू हुन्छन् भने अन्य धेरैमा उच्च भूभागमा अवस्थित विद्यालय अथवा चर्च अथवा सरकारी भवनहरू सुरक्षित अस्थायी आश्रयको रूपमा प्रयोग गर्न सकिन्छ। यस उद्देश्यका लागि भवनहरूलाई बढी शशक्त बनाउन आवश्यक हुन्छ। उदाहरणको लागि, तिव्र गतिको हवा सहनलाई छतलाई बलियोसँग भित्ताहरूमा जोड्नु पर्छ।

स्थानान्तरण केन्द्रहरूमा सुरक्षित पिउने पानीको आपूर्ति र महिला र पुरुषका लागि बेग्लाबेग्लै शौचालय लगायतका यथेष्ट सुविधाहरू हुनुपर्छ। स्वयंसेवकहरूको भूमिका केन्द्रहरूको व्यवस्थापन गर्ने र सबभन्दा संकटासन्न मानिसहरूका आवश्यकताहरू पुरा गरिन्छन् भन्ने सुनिश्चित गर्नुहुन्छ। महिला र पुरुषहरूलाई एकै



Caroline Irby / Tearfund

स्वयंसेवकहरूको कार्यदल स्थानान्तरण अभ्यास आयोजना गर्दै

स्थानमा राख्ने अथवा छुट्टा छुट्टै राख्ने सन्दर्भमा चलेको चलनको सम्मान गरिनुपर्छ। कहिलेकाहीं थोरै संख्यामा सुख्खा खानेकुराहरू प्रदान गरिन्छ। छेउछाउ तिर पशुधन राख्ने क्षेत्र बनाउन पनि आवश्यक हुन्छ।

सुहाउँदो भवन नभएको अवस्थामा अग्लो स्थानमा रहेको खुला क्षेत्र अक्सर प्रयोग गरिन्छ। अनावश्यक झाडी-बुट्टयान हटाउने र प्लाष्टिक र बाँसहरू जस्ता अस्थायी निर्माणका सामाग्री ल्याउने कामको पहिल्यै तयारी गर्नु आवश्यक हुन्छ। जमिनको राम्रो सदुपयोग गर्नुपर्छ र पानी र शौचालयको व्यवस्था गर्नपर्छ।

**स्थानान्तरण योजना** समुदायका हरेक मानिसलाई स्थानान्तरण केन्द्र र त्यहाँसम्म पुग्ने सबभन्दा सुरक्षित बाटोको जानकारी हुनुपर्छ । उनीहरूलाई स्थानान्तरणको संकेत थाहा हुनुपर्छ र केही अत्यावश्यक सामानहरू तयार अवस्थामा राख्नुपर्छ, जस्तै खाना, पानी, सिरक आदि (खण्ड ८.४, पारिवारिक स्तरमा आपतकालीन योजना निर्माण, पनि हेर्नुहोस्)। पुरुषको सहयोग बिना महिलाहरू स्वतन्त्र हिड्न नसक्ने समाजहरूमा, विधवाहरू अथवा पति अनुपस्थित रहेका महिलाहरू उच्च जोखिममा हुन सक्छन् र उनीहरूलाई स्थानान्तरणको निम्ति विशेष योजनाहरू चाहिन्छ।

**प्रशिक्षण र पूर्वाभ्यास** मानिसहरू आफैले गरेर धेरै कुराहरू राम्रोसँग सिक्छन् । तसर्थ विपद्को अवस्था कल्पना गरेर सुरक्षित अवस्थाहरूमा स्थानान्तरण अभ्यास आयोजना गर्नु उचित उपाय हुन्छ।

**सर्वाधिक संकटासन्नको हेरविचार** आपतकालीन योजनाले पाका र कम सक्षम मानिसहरू र दीर्घरोग भएकाहरूलाई स्थानान्तरणको दौरान उच्च प्राथमिकता दिइन्छ भन्ने निश्चित गर्नुपर्छ। स्वयंसेवकहरूलाई त्यस्ता व्यक्तिहरूको वासस्थान थाहा हुनपर्छ, उदाहरणको लागि, कुनै समाजहरूमा मानिसहरूका घरमा चिनाउने उद्देश्यले रंगीन झण्डाहरू राख्न पाइन्छ। सुस्त गतिका विपद्हरूमा सबभन्दा बढी संकटासन्न मानिसहरूका आवश्यकताहरू कम स्पष्ट देखिन सक्छन् तथापि समुदायले उनीहरूको हेरचाह निश्चित गर्नुपर्छ।

**संचार व्यवस्था** प्रभावित समुदायका निश्चित आवश्यकताहरूको सूचना सरकारी अधिकृतहरूलाई दिन संचारका केही व्यवस्थाहरू हुनपर्छ। यदि नेटवर्कहरूले अद्यावधि काम गरिरहेका छन् भने मोबाइल फोनहरू यसका लागि एकदम उपयुक्त हुन्छन् तर विपद् अगावै सही नम्बरहरू संकलन गरिएको र ब्याट्रीहरू चार्ज गरिएको हुनुपर्छ। मोबाइल फोनहरूले काम गर्न छोडेमा अथवा रिचार्ज गर्न नसकिने भएमा त्यस्ता अवस्थाको लागि अर्को पूरक योजना हुनपर्छ।

**सरकारी योजनाहरूसँग सम्बन्धहरू** केही अवस्थाहरूमा स्थानीय सरकारसँग समुदायलाई विपद्को सामना गर्न सघाउने योजनाहरू र श्रोतहरू हुन सक्छन, उदाहरणको लागि, स्थानान्तरण डुंगाहरू, रेडियोहरू र खाद्यान्नको संचिति। समुदायका अगुवाहरू अथवा विपद् व्यवस्थापन समितिले कुनै विपद् पूर्व नै उपर्युक्त सरकारी अधिकारीहरूसँग राम्रो सम्बन्ध स्थापित गर्नुपर्छ। त्यसपछि उनीहरू संकटकालमा चेतावनीहरू पाउन र श्रोतहरूसम्म पहुँच राख्न सक्षम हुन्छन्।

**शिक्षा र सचेतना** आकस्मिक योजना तब मात्र सफल हुन्छ जब समुदायका सबै सदस्यहरू यस योजना बारे पूर्ण जानकार हुन्छन् र आकस्मिक अवस्थामा गर्नुपर्ने कार्यहरू उनीहरूलाई थाहा छ भन्ने निश्चित गर्ने स्पष्ट रणनीति हुन्छ। विशेषगरी विद्यालयका बालबालीकाहरू, पाकाहरू अथवा कम सक्षम मानिसहरू र टाढाका जीविकोपार्जनमा संलग्न मानिसहरू (उदाहरण, गाइवस्तु हेर्ने अथवा माछा मार्ने) को हकमा लागु हुन्छ।



Peter Caton / Tearfund

चक्रवातको खतरा रहेको क्षेत्रहरूमा विपद् व्यवस्थापन समितिले संकटासन्न समुदायहरूको लागि चक्रवात चेतावनी प्रणालीको परिकल्पना र संचालन गर्न सक्छ

## ८.४ पारिवारिक स्तरमा आपतकालीन योजना

उच्च जोखिमयुक्त क्षेत्रहरूमा हरेक परिवारलाई कुनै आपतकालीन अवस्थामा के गर्ने भन्ने आफ्नै योजना बनाउन सुझाव दिइन्छ र परिवारका हरेक सदस्यलाई आफ्नो भूमिका थाहा हुनुपर्छ। यस योजनाका केही मुख्य तत्वहरू तल दिइएका छन् :

- परिवारका हरेक सदस्यहरूको सुरक्षा सुरक्षित गर्नुहोस्। बलिया र सक्षम शरीर भएका व्यक्तिले साना, पाका, बिरामी अथवा कम सक्षमको जिम्मेवारी लिनुपर्छ।
- जनावरहरू, जीविकोपार्जनका औजारहरू, बीउहरू, पैसा, गहना, कागजपत्र, पकाउने भाँडाकुँडा जस्ता महत्वपूर्ण पूँजीहरू सुरक्षित स्थानमा राखिएका छन् भन्ने सुनिश्चित गर्ने। केही परिवारले एक "झटपट झोला" (Go bag) तयार गर्छन् जुन पानीले नभिज्ने हुन्छ र त्यसमा सबै मुख्य कागजपत्रहरू र अन्य अत्यावश्यक सामग्रीहरू राखिन्छन्। त्यस्तो झोलालाई सुरक्षित र सजिलो स्थानमा राखिन्छ ताकि आकस्मिक स्थानान्तरणको समयमा त्यसलाई झटपट लिएर, बोकेर हिँड्न सकियोस्।
- यदि स्थानान्तरण आवश्यक भएमा सँगै लैजान पर्ने मुख्य वस्तुहरू पहिल्यै तयार गरेर राख्नुहोस्। जस्तै पानी राख्ने भाँडा, सुख्खा खानेकुरा, सिरकहरू र माथि उल्लेखित पूँजीहरू आदि।
- वृहत समुदायसँग दुईतर्फी संचार सुनिश्चित गर्नुहोस्, जानकारी लिन र दिन। उदाहरणको रूपमा चेतावनीमूलक झण्डाहरूको बारेमा ज्ञान र दृष्यता।
- आपतकाल अथवा स्थानन्तरणको दौरानमा परिवारका सदस्यहरू छुट्टिन सक्ने अवस्थालाई मध्यनजर राख्दै एउटा भेट्ने स्थानको व्यवस्था गर्नुहोस्। बालबालीकाहरूलाई त्यसको बारेमा र त्यहाँसम्म पुग्ने बाटोको जानकारीका साथ साथै परिवारका अन्य सदस्यहरूको सम्पर्क विवरण थाहा छ भन्ने सुनिश्चित गर्नुहोस्।
- परिवारका सबै सदस्यहरूलाई स्थानान्तरणको लागि सबभन्दा नजिकको सुरक्षित स्थान र त्यहाँ पुग्ने बाटो थाहा छ भन्ने सुनिश्चित गर्नुहोस्।

## ८.५ सुस्त रूपमा आउने विपद्हरूका लागि जोखिम व्यवस्थापन

विस्तारै हुने आकस्मिकताहरूका लागि तयार गरिने जोखिम व्यवस्थापन योजनाहरू तिव्र गतिमा देखापर्ने प्रकोपहरू भन्दा केही भिन्न हुन्छन् । परिभाषा अनुसार योजना विकास र कार्यान्वयन गर्न धेरै समय हुन्छ जबकि मानिसहरू वर्षा होला भन्ने आशा गर्न ढिलो हुन सक्छन् । सुस्त रूपमा आउने विपद्हरूको लागि योजनामा संलग्न गर्नपर्ने केही मुख्य बुँदाहरू निम्न अनुसार छन् ः

- खडेरी शुरु हुँदै गर्दा स्पष्ट सीमारेखा स्थापना गर्नुहोस् जसले केही निश्चित क्रियाकलापहरू शुरु गराउँछ । उदाहरणको लागि पशुधनको बिक्री
- खडेरीको क्रममा खाना र पानीको अत्यावश्यक आवश्यकताहरू कसरी पुरा गरिन्छ भन्ने विचार गर्नुहोस् । उपायहरूमा अन्न बैंक अथवा ट्याङ्कर मार्फत पानी भर्न सकिने ठूल्ठूला प्लाष्टिकका ट्याङ्कीहरू आदि हुन सक्छन्
- पशुधन कसरी जोगाउने भन्ने सोच्नुहोस् । यसका लागि या तिनलाई चरन भएका क्षेत्रहरूमा लैजानु पर्ने हुन्छ या त बेच्नुपर्छ अथवा खाना र पानीको जोहो गर्नुपर्छ । जनावरहरूलाई परजीवी जीवाणुहरूबाट मुक्त राख्ने औषधि प्रयोग गर्नुहोस् किनभने स्वस्थ जनावरहरू खडेरीमा समेत जीवित रहने सम्भावना बढी हुन्छ ।
- मिश्रित बाली लगाउनुहोस्, जस्तै खडेरी प्रतिरोधी प्रजातिहरू र पानी संरक्षण गर्ने विधिहरू प्रयोग गर्नुहोस् ।

थप उपायहरू परिशिष्ट ख मा पाउन सकिन्छ ।

## ८.६ उत्थानशील समुदायहरू

जोखिम व्यवस्थापन योजनाको अन्तिम लक्ष्य विपद्प्रति उत्थानशील समुदायहरू निर्माण गर्नु हो । त्यस्तो समुदाय जुन प्रकोपको असरप्रति प्रभावकारी प्रतिकार्य गर्न सक्षम होस् । जोन टिवगको लेख "विपद्-उत्थानशील समुदायका विशेषताहरू" को दोश्रो संस्करणले उत्थानशील समुदायका गुणहरूलाई ह्योगो कार्य योजनाका वर्गहरूमा मिलाएर प्रस्तुत गरेको छ । साथै यसले "सक्षम बनाउने वातावरण" को विशेषताहरू पनि उल्लेख गरेको छ । सक्षम बनाउने वातावरण भन्नाले समुदायको विशेषताहरूलाई मजबुत पार्ने र सहयोग गर्ने सरकारी नीतिहरू र सेवाहरूलाई बुझिन्छ ।

सबै प्रकारका प्रकोपहरू विरुद्ध उत्थानशीलता दिने विशेषताहरूको समूह तयार गर्न कठिन हुन्छ । उदाहरणको लागि, घरको सांरचनिक मजबूती बाढी, आँधी अथवा भूकम्पजन्य क्षेत्रहरूमा मुख्य विशेषता हुन्छ, तर खडेरी जन्य क्षेत्रहरूमा असान्दर्भिक हुनजान्छ । टियरफण्डले २० मुख्य विशेषताहरूका दुइ छोटा समूहहरू तयार गरेको छ, एक तिव्र हमला गर्ने विपद्हरूका लागि र अर्को खडेरीको लागि जुन विस्तारै विकसित हुन्छ । विशेषताका दुवै समूहहरू जोन टिवगको लेखमा दिइएको छ । (त्यसलाई अनलाइनमा पाउन पृष्ठ ९४ को सन्दर्भ सूची पल्टाउनुहोस्)

## ८.७ पैरवी मार्फत नीति निर्माताहरू र शक्तिशाली व्यक्तिहरूलाई प्रभावित गर्ने

गरिब र शक्तिहीन मानिसहरूका संकटासन्नतालाई शक्तिशाली व्यक्तिहरूका नीतिहरू र कार्यहरूले धेरै तरिकाबाट असर पार्न सक्छन् । यिनीहरूको बारेमा खण्ड ७ मा गतिशील दवाबहरू र अन्तरनिहित कारणहरू शीर्षकमा व्याख्या गरिएको थियो । PADR प्रक्रियाले निश्चित विषयहरू छर्लङ्ग पार्नेछ, उदाहरणको लागि,

- स्थानीय सरकारले सही आपतकालीन योजनाहरू विकास नगर्न सक्छ अथवा सबभन्दा संकटासन्न मानिसहरूका आवश्यकताहरूलाई नसमेट्न सकिन्छ ।

- व्यवसायिक रुचिले संकटासन्नता निम्त्याउने खालको कार्यहरू गर्नसक्छ। जस्तै कुनै पुष्प खेती अथवा पेय पदार्थको कारखानाले गहिरो बोरिङ्ग गरेर पानी निकालेर जमिन मुनिको पानीको संग्रह सुकाउन सक्छन्।
- धनी जमिन्दारहरूले आपतको समयमा समेत गरिबहरूलाई उनीहरूको जमिनमा पहुँच निषेध गर्न सक्छन्।
- स्वास्थ्य र कृषि जस्ता सरकारी सेवाहरू प्रदान नगरिन सक्छन् अथवा कानूनहरू कार्यान्वयन नगरिन सक्छ। (उदाहरणको लागि, वनजंगल, माछा मार्ने अथवा निर्माण नियमनहरूमा)।
- राष्ट्रिय सरकार विपद् पूर्वतयारीहरू अथवा जोखिम न्यूनीकरणमा लगानी गर्न असफल हुनसक्छ अथवा सबभन्दा बढी आवश्यकता भएका क्षेत्रहरूमा श्रोतहरू उपलब्ध गराउन असफल हुन्छ।
- राष्ट्रिय सरकारले जलवायु परिवर्तनमा अथवा उत्सर्जनमा कमी ल्याउन अन्तराष्ट्रिय स्तरमा कार्य नगरिहरेको हुनसक्छ।

माथिका मध्ये हरेक विषयमा जोखिम कम गर्ने सबभन्दा सुहाउँदो क्रियाकलापले नीति र कार्यमा परिवर्तन ल्याउन पैरवीलाई समेट्नेछ। PADR प्रक्रियामा समेत सरकारी अधिकृतहरू र मुख्य जानकारहरूसँग काम गर्दै, मुख्य मुद्दाहरूमा प्रकाश पार्ने र सम्भावित सभाधानहरू सीफारिश गर्ने काम आरम्भ गर्न सकिन्छ।

पैरवीका विभिन्न स्वरुपहरू छन् । जसमध्ये धेरैजसोमा शक्ति सम्पन्न व्यक्तिहरूसँग संवाद र सकारात्मक सम्बन्ध विकास गर्ने तत्वहरू समावेश हुन्छन् ः

- विशेष दिन/दिवसहरू मनाउन ऱ्यालीहरूमा भाग लिने। उदाहरण, अन्तराष्ट्रिय विपद् न्यूनीकरण दिवस, जुन प्राय अक्टोबर महिनामा पर्छ)।
- नयाँ पूर्वाधारहरू उद्घाटन गर्न अथवा तालिमहरूको उद्घाटन/समापनमा सरकारी अधिकृतलाई निम्तो गर्ने।
- अरुलाई उदाहरणको रूपमा सकारात्मक व्यवहार देखाउने। उदाहरणको लागि, सामुदायिक निर्णय प्रक्रियामा महिलाहरूलाई संलग्न गराउने।
- सरकार अथवा व्यापारिक नीतिलाई कुनै निश्चित दिशा दिन उच्च-स्तरीय अभियानहरू चलाउने।

---

तपाईंको पैरवी क्रियाकलाप विकास गराउने प्रकाशनहरू टियरफण्डले उपलब्ध गराएको छ।
यो www.tearfund.org/tilz मा पाइन्छ।

यसमा ः

- विपद् जोखिम न्यूनीकरणका लागि पैरवी किन ? र अभ्यासलाई नीतिमा बदल्दै। यिनीहरू tilz.tearfund.org/Topics/Disasters/Disaster+risk+reduction/DRR+advocacy+guides मा पाइन्छन्।
- ROOTS १ ( पैरवीको बुझाइ र ROOTS २ ( पैरवीमा व्यवहारिक कार्य tilz.tearfund.org/Publications/ROOTS/Advocacy+toolkit

---

**पैरवी अभियान कसरी आयोजना गर्ने**

पृष्ठ ७० (खण्ड ८.१) को जोखिम व्यवस्थापन योजनाले सरकार समक्ष राख्न सकिने अनुरोधहरू पहिचान गरेको छ। तलको तालिकाले तपाईंलाई योजना बनाउन सहयोग गर्नुपर्छ।

| विषय | मुख्य प्रश्न | व्याख्या |
|---|---|---|
| मुद्दा/ समस्या | समस्या के हो ? | PADR प्रक्रियाको प्रारम्भिक चरणहरूमा यसको पहिचान गरिएको छ। |
| असरहरू | समस्याका असरहरू के-के हुन् ? | यसलाई व्यक्तिगत (महिला/पुरुष), सामाजिक, प्राकृतिक, भौतिक र आर्थिक असरको सन्दर्भमा पहिचान गरिएको छ। |
| कारणहरू | समस्याका कारणहरू के-के हुन् ? | PADR प्रक्रियाले गरिबहरूको संकटासन्नतामा वृद्धि ल्याउने राजनीतिक र आर्थिक तत्वहरू लगायतका गतिशील दवाबहरू र अन्तरनिहित कारणहरू पहिचान गरेको छ। |
| सम्भावित समाधानहरू | के गर्नु आवश्यक छ ? | कार्य योजना निर्माणको क्रममा नै उपायहरूमाथि छलफल भइसकेको हुनसक्छ। यिनीहरूलाई थप प्रश्नहरूका साथ मूल्याङ्कन गर्न आवश्यक हुन्छ, जस्तै ः<br>• यी उपायहरूका फाइदाहरू र बेफाइदाहरू के हुन् ?<br>• के तिनीहरू वास्तविक छन् ?<br>• सफलताका संकेतहरू के हुन्छन् ? |
| शक्ति धारकहरू | आवश्यक परिर्वतन ल्याउन केही गर्ने शक्ति को सँग छ ? | शक्तिधारकहरू सरकारी अधिकृत हुन सम्भव छ तर साथ साथै समुदायका व्यवसायीहरू, धार्मिक नेताहरू अथवा परम्परागत शासकहरू पनि हुन सक्छन् ?<br>PADR प्रक्रियाले स्थानीय मानिसहरू र शक्तिधारकहरू बीचको सम्बन्ध सुधार्न मदत गर्न पर्छ। परिणामस्वरुप, उनीहरू उपायहरूमा छलफल गर्न धेरै इच्छुक हुन्छन र परिवर्तनहरू सजिलै हासिल गर्न सकिन्छ। |
| सम्भावित मित्रहरू | त्यस समयमा कसले ती मुद्दाहरूलाई सम्बोधन गर्ने प्रयास गरिरहेको छ ? | अन्य समूहहरूसँग संयुक्त रुपमा गरेमा पैरवी कार्य अझ प्रभावकारी हुन्छ। यद्यपि तल दिइएका महत्वपूर्ण प्रश्नहरू सोध्न पर्ने हुन्छ ः<br>• के तिनीहरूसँग काम गर्न उपयुक्त हुन्छ ?<br>• के तिनीहरूको क्रियाकलाप प्रभावकारी छ ?<br>• के त्यहाँ त्यस्ता मानिसहरू छन जसले हालसम्म मुद्दाहरू सम्बोधन गरिरहेका छैनन् तर उनीहरूलाई सहयोगको लागि राजी बनाउन सकिन्छ ? |
| जोखमहरू र कल्पनाहरू | यस पैरबीको काममा संलग्न हुनुका जोखिमहरू के छन् ? | हामीले अन्यायपूर्ण व्यवहारहरू अथवा भ्रष्टाचारलाई चुनौति दिइरहेका छौं भने पैरबी सहज नहुन सक्छ र गैसस उपर हुन सक्ने सम्भावित नकारात्मक असरहरू लेखाजोखा गर्न आवश्यक हुन सक्छ। त्यहाँ धेरै मुख्य प्रश्नहरू हुन्छन् ः<br>• मुद्दाहरूलाई सम्बोधन नगर्नुका परिणामहरू के हुन् ?<br>• यो समस्या सम्बोधन गर्ने सीपहरू र क्षमताहरू सहजीकरण टोलि र स्थानीय मानिसहरूसँग छ ? |
| विधिहरू | कस्ता विधिहरू प्रयोग गर्न सकिन्छ ? | विविध पैरबी विधहरू उपलब्ध छन् (टियरफण्डको ROOTS Advocacy Toolkit, खण्ड A2 Understanding Advocacy हेर्नुहोस्। हामीले निम्न प्रश्नहरू सोधेर कुन विधिहरू प्रयोग गर्ने भन्ने निर्णय गर्न आवश्यक हुन्छ ः<br>• के यि विधिहरू आत्मविश्वासका साथ अवलम्बन गर्न सकिन्छ ?<br>• के यिनिहरू विगतमा सफल सावित भएका छन् ?<br>• के त्यहाँ विकल्पहरू छन् ?<br>• आवश्यक सीपहरू र श्रोतहरू उपलब्ध छन् ? |




Mahatab Liton / LAMB Project

स्वयंसेवकहरूको कार्यदल स्थानान्तरण अभ्यास आयोजना गर्दै

पैरवी धेरै भिन्न तरिकाहरू र धेरै भिन्न स्तरहरूमा गर्न सकिन्छ। पृष्ठ ६४ मा भारतको एउटा उदाहरण दिइसकिएको छ। तलको घटना अध्ययनले पैरवीको तलदेखि माथिको शैली प्रदर्शन गरेको छ जुन सफल सिद्ध भएको थियो। कहिलेकाहीं एउटा गैसस अथवा समुदायको समूहले श्रोतहरू, क्षमता र सीपहरूको कमीको कारणले एक्लै कार्य गर्न असक्षम महसुस गर्नसक्छ। यस्ता अवस्थाहरूमा, यही रुचि राख्नेहरूसँग सञ्जाल खडा गरेर बलियो आवाजको विकास गर्न सकिन्छ।

**घटना अध्ययन**
इण्डोनेशियामा विपद् व्यवस्थापन कानूनहरू बदल्दै

इण्डोनेसियाको विपद् व्यवस्थापन कानून नागरिक समाजद्वारा शुरु गरिएको थियो। दक्षिण एसियामा २००४ को सुनामी पछि, राष्ट्रिय योजनामा विपद् व्यवस्थापनलाई दिइने प्राथमिकताको बारेमा छलफल गर्न एउटा गैससले इण्डोनेसियाको व्यवस्थापिकाका नेताहरूसँग भेट गऱ्यो। त्यसपछि उक्त गैससले एक सार्वजनिक बहस "इण्डोनेसियामा विपद् व्यवस्थापन कानूनको अपरिहार्यता," आयोजना गऱ्यो जसमा सहभागीहरू नयाँ कानूनको आवश्यकतामा सहमत भए।

तत्पश्चात्, उक्त गैससलाई विपद् व्यवस्थापन विधयेकको श्वेत-पत्र तयार गर्न समन्वय गर्न आग्रह गरियो। गृह मामिलाको विभाग र अन्य गैससहरू र क्षेत्रगत विज्ञहरूको सहभागीतामा यसको लेखन कार्य गरियो। उक्त पत्र २००५ मा इण्डोनेसियाको राष्ट्रपति समक्ष पेश गरियो। २००७ मा इण्डोनेसियन विपद् व्यवस्थापन विधयेक पारित भयो। छलफलहरू र विधयेक लेखनको प्रक्रिया भरि नागरिक समाज संलग्न भएको थियो।

# ९ विशेष परिप्रेक्ष्यहरूमा PADR

खण्ड ४-८ हरूले PADR को प्रमाणिक प्रयोग समुदायमा जोखिमहरूको लेखाजोखा गर्ने र यस्ता जोखिमहरू कम गराउन कार्य योजनाहरू विकास गराउने एक औजारको रूपमा मानेका छन् । खण्ड ९ ले केही विशिष्टिकृत अवस्थाहरूमा ध्यान दिएको छ जहाँ PADR को प्रयोग गर्न सकिन्छ र कहिलेकाहीं अन्य औजारहरूसँग संयुक्त रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

## ९.१ PADR र मण्डली परिचालन (उमोजा)[११]

टीयरफण्ड र यसका साझेदारहरूले आफ्ना वरिपरिका समुदायहरूमा पुग्न र केही ठूलो समस्याहरूबारे चर्चा गर्न मण्डलीहरूलाई परिचालन गर्ने र निर्माण गर्ने कुरालाई ठूलो प्राथमिकता दिएका छन् । मण्डली र समुदाय परिचालन भनेर चिनिने प्रक्रियाको विकास गरिएको छ । यो कार्य-पद्धति अफ्रिका र एशियामा एकदमै वृहत् रूपमा प्रयोग भएको छ, जसमा तन्जानिया, लाइबेरिया, सुडान, कम्बोडिया र नेपाल जस्ता फरक संदर्भमा यो प्रयोग गरिएको छ । उमोजा नाम गरिएको श्रोत सामग्री तयार गरिएको छ । यसले विशेष रूपमा एनजीओ र मण्डलीका संस्थाहरूलाई सहायता गर्छ जसले सम्पूर्ण समुदायलाई नै परिचालन गर्ने दर्शन लिन्छन् र स्थानीय मण्डलीलाई यस कार्यको लागि निर्माण गर्छन् । थप जानकारीको लागि tilz.tearfund.org/Churches/Umoja हेर्नुहोस् ।

यो कार्य-पद्धति आधारभूत रूपमा सर्वाङ्गीन मिसनको लागि एउटा बोलावट हो, मानिसहरूको आत्मिक र भौतिक आवश्यकताहरू पूरा गर्ने काममा संगल्न हुन एउटा चुनौती, न्याय र परमेश्वरको वृहत् सृष्टिको वास्ता गर्ने । मण्डली र समुदाय परिचालन प्रक्रियाका पाँच भागहरू छन्ः

१. **स्थानीय मण्डलीसँग मिलेर काम गर्ने** मण्डलीहरूलाई सेवा गर्ने दर्शनको विकास गर्न र तिनीहरूको आफ्नो सीमित श्रोतहरूबाट पनि परिवर्तन सम्भव छ भन्ने विश्वास गर्न सहायता गर्नु ।

२. **स्थानीय समुदायसँग दर्शन बाँड्नु** तिनीहरूको परिस्थिति, समस्याहरू र श्रोतहरूको बारेमा छलफल गर्न मण्डलीले वृहत् समुदायलाई एकसाथ ल्याउँछन् ।

३. **सपनाहरू देख्ने र कार्य योजना बनाउने** एकचोटि सहभागीहरू साझा दर्शनमा सहमत भएपछि, तिनीहरूसँग भएकै श्रोतहरूबाट परिवर्तनका लागि तिनीहरू मिलेर एउटा कार्य योजना बनाउँछन् जो दर्शन पूरा गर्ने खालको हुन्छ ।

४. **कार्य गर्नु** योजनालाई कार्यान्वयन गर्ने, आवश्यकता अनुसार विशेषज्ञको सल्लाह लिएर, सकारात्मक परिवर्तन आउनेछ भन्ने कुरा सुनिश्चित गर्ने ।

५. **मूल्यांकन** मण्डली र समुदाय मिलेर कसरी परियोजना चलाएका छन् र परिवर्तन ल्याएका छन् भन्ने कुरा पुनरावलोकन गर्ने ।

जब समुदायको लागि प्राकृतिक प्रकोप चाहिँ ठूलो चिन्ताको विषय र उच्च प्राथमिकतामा हुन्छ तब उमोजा र PADR लाई सँगै मिलाउन सकिन्छ । उदाहरणको लागि, एउटा मण्डलीले परिचालन प्रक्रिया सफलतापूर्वक पूरा गर्न सक्छ (उमोजा चरण १) र स्थानीय समुदायमा दर्शन हालिदिन सफल हुनसक्छ (उमोजा चरण २) ।

यदि खडेरी र खाद्य असुरक्षा सम्बन्धी कुरा प्राथमिकताको विषयमा आउँछ भने, PADR प्रक्रियालाई प्रकोपको लेखाजोखा गर्नको लागि ल्याउन सकिन्छ (PADR कदम २), संकटासन्नता र क्षमता (PADR कदम ३) जो खडेरी र खाद्यको समस्यासँग सम्बन्धित छ । खाद्य समस्यालाई बढाउने खालको दवाब र मूलभूत कारणहरू

११ "उमोजा" भनेको स्वहाली भाषामा "संगसँगै" भन्ने बुझिन्छ । कुनै कुनै देशमा मण्डली र समुदाय परिचालन प्रक्रियालाई छुट्टै शब्दले बुझ्छ । जस्तै ब्राजील भाषामा Comunidades Transformadas (Transformed Communities).

स्पष्ट रूपमा बुझ्नको लागि थप जानकारी हासिल गर्न समुदायका अगुवाहरू र सरकारी अधिकृतहरूको अन्तरवार्ता लिन सकिन्छ (PADR कदम ४)।

अन्तमा, यी दुई प्रक्रियाहरू एकसाथ मिलाउन सकिन्छ (उमोजा चरण ३ र ४, र PADR कदम ५)। समुदायका सदस्यहरूको सल्लाहमा आधारित कार्य योजनाको विकास गरिएको छ । यो समुदायका श्रोतहरूमा, एनजीओ बाट सम्भावित प्राविधिक सहायता र सरकारद्वारा दिइने सेवामा भर पर्नुपर्छ । समुदायका विशिष्ट मानिसहरूले विशिष्ट कामहरूको जिम्मेवारी लिनुपर्छ र खडेरी कार्य समिति (वा त्यस्तै) पनि चाहिन सक्छ । यस प्रक्रियाको अगुवाइ गर्ने जिम्मेवारीहरू धेरै मानिसहरूमा बाँडिनुपर्छ र यो जिम्मेवारी पास्टरको काँधमा मात्रै थुप्रिनु हुँदैन, किनकि पास्टरसँग अरु धेरै जिम्मेवारीहरू पनि हुनसक्छ ।

मण्डलीहरूद्वारा PADR प्रक्रिया उमोजा भन्दा छुट्टै पनि प्रयोग गर्न सकिन्छ, जसमा सहजकर्ता र मण्डलीभित्र रहेका केही समूहहरूलाई प्रयोग गर्न सकिन्छ । प्रकोपहरू, संकटासन्नताहरू र क्षमताहरू पत्ता लगाउन सकिन्छ र साथै कार्य योजना पनि विकास गर्न सकिन्छ - विशेष तरिकाले जसमा मण्डलीले आफ्ना सदस्यहरूलाई विपद्को निम्ति तयारी गर्न र यसको असरबाट पुर्नस्थापित हुन सहायता गर्न सक्छ । त्यसपछि, उल्लेखनीय रूपमा यो प्रक्रिया मण्डलीभन्दा बाहिर फैलिनुपर्छ र यस योजनामा वृहत् समुदायलाई ल्याउनुपर्छ । “स्थानीय मण्डली र विपद्मा यसको कार्य वा संलग्नता” भन्ने शीर्षकको लेख टीयरफण्डद्वारा जूलाई २००९ मा प्रकाशित भएको थियो, जुन संसारभरिबाट १२ वटा घटना अध्ययनहरूमा आधारित थियो । २०११ मा प्रकाशित “विपद् र स्थानीय मण्डली” ले विपद् सम्भावित क्षेत्रहरूमा मण्डलीका अगुवाहरूलाई विस्तृत निर्देशन प्रदान गर्छ ।

## ९.२ शहरी परिप्रेक्ष्यमा PADR

**त्रास र प्रकोप**

PADR लाई शहरी वातावरणमा परिक्षण गरिंदा टोलीले “त्रास” शब्द “प्रकोप” भन्दा सहजै बुझिएको पाइयो । तसर्थ सहजीकरण टोलीले केही भिन्न शब्दावली अपनायो । शहरी सुकुम्बासी वस्तीका वासिन्दाहरूका लागि सबैभन्दा ठूला त्रासहरूमा ः

- अबैधानिक बसोबासका कारण बल प्रयोग गरेर उठाइने (बुलडोजर चलाएर)
- दंगाहरू र हिंसाका अन्य स्वरुपहरू, जस्तै घरेलु हिंसा
- छिमेकीहरू वा बाहिरी व्यक्तिहरूद्वारा चोरी

मानिसहरू प्राकृतिक प्रकोप भन्दा अन्य मानिसका कामहरूबाट त्रसित महसुस गर्छन । तसर्थ कदम २ “प्रकोप लेखाजोखा” सट्टा “त्रास लेखाजोखा” हुन पुग्यो । त्रास लेखाजोखामा हरेक त्रासको महत्व सम्बन्धमा भिन्न विचारहरू व्यक्त गरिएका थिए । हरेकले स्वामित्व प्राप्त गर्नका लागि होशियारीपूर्वक प्राथमिकीकरण गरिनु परेको थियो ।

त्रासको साथसाथै शहरी क्षेत्रमा निश्चित प्रकोपहरूपनि रहेको पाइयो । उदाहरणको लागिः

- आगलागी, घरहरू जोडिएर बनाएको कारण
- बाढी, वस्तीको अवस्थिति धापिलो जमिनमा हुनु वा अपर्याप्त नालाका कारण अथवा सडकहरू र अन्य कृत्रिम सतहहरूले वर्षाको पानीलाई वगेर जाने मौका कम दिने कारणले
- भूकम्प, शहर, बजारहरूमा सम्भाव्य ठूलो जोखिम किनभने घर निमार्ण मापदण्ड नअपनाइकन बनाएका धेधैरै तल्लाका घरहरू हुन्छन्

**घटना अध्ययन**
दिल्लीको एक सुकुम्बासी वस्तीमा PADR को प्रयोग

स्थानीयहरूले निम्न त्रासहरू पहिचान गरेका थिए : मलेरिया, आगलागी, बाढी, अपराध र विध्वसं। मलेरियालाई सबभन्दा महत्वपूर्ण मानिएको थियो।

संकटासन्नता लेखाजोखाको दौरान निम्न संकटासन्नताहरू पहिचान गरिए :

- जोखिममा परेका तत्व : मानव जीवन
- संकटासन्न अवस्थाहरू : जमेको पानी जहाँ लामखुट्टेहरूको प्रजनन हुन्छ
- दवाब : स्थानीय निकायले फोहोर उठाउँदैन जसले नाला थुनिदिन्छ
- अन्तरनिहित कारणहरू : स्थानीय निकायले काम गर्दैनन किनभने वस्ती अबैधानिक हो र यसलाई ध्वस्त गरिने सम्भावना छ

कार्य योजनामा नालिहरू सफा गर्न स्थानीय बासिन्दालाई समावेश गर्ने, झुल बनाउने र प्रयोग गर्ने सम्बन्धमा शिक्षा प्रदान गर्ने र स्थानीय अधिकारीहरूसँग वस्तीलाई बैधानिकता दिन अथवा बसोबासको बैकल्पिक व्यवस्था गर्न पैरवी गर्ने लगायतका कामहरू पर्छन्।

**सामाजिक संरचनाहरू**

ग्रामीण क्षेत्रमा बस्ने मानिसहरूमा अक्सर कम सहकार्य र एकता हुन्छ। मानिसहरू गाउँ परिषदहरू, कृषक सहकारीहरू र महिलाहरूको अनौपचारिक सामाजिक भेला जस्ता परम्परागत सञ्जालहरू र अन्य सामाजिक संरचनाहरूबाट अलग्गिएका हुन्छन्।

शहरी सुकुम्बासी वस्तीमा धेरैजसो नितान्त फरक स्थानका मानिसहरू हुन्छन। वस्तीम धेरै वर्ष बसिसक्दा पनि मानिसहरूले आफ्ना छर-छिमेकीसँग गाउँहरूको तुलनामा निकै थोरै सम्पर्कहरू हुन्छन्। तसर्थ विपद्प्रति शहरी संकटासन्नता न्यून गराउने एउटा मुल तरिका सबल सामाजिक समूहहरू निर्माण गर्न र पारस्परिक मदत र सहयोगको सँस्कृति विकास गर्न प्रोत्साहित गर्नु हो।

**क्षमताहरू र संकटासन्नताहरू**

शहरी क्षेत्रका मानिसहरूसँग थोरै सामाजिक क्षमताहरू होलान तर उनीहरूसँग ग्रामीण क्षेत्रका उपलब्ध नहुने अन्य श्रोतहरू हुन्छन्। उदाहरणको लागि, उनीहरू आकस्मिक सेवाहरू अथवा उच्च गुणस्तरको स्वास्थ्य सुविधाहरूको नजिक हुन सक्छन्। राम्रा विद्यालयहरू र अन्य सरकारी र गैससको सेवाहरूको सम्भावना त्यहाँ हुन्छ।

यद्यपि, “उपलब्ध” र “पहुँच” का बीचमा भिन्नता छ। सुविधाहरू हुन सक्लान् तर ती सुविधाहरू सम्म उनीहरूको पहुँच नहुँदा शहरी सुकुम्बासी वस्तीमा मानिसहरू संकटासन्न रहन पुग्छन्। सुकुम्बासीहरू स्वास्थ्य केन्द्रको नजिक बसेका हुन सक्छन तर शुल्क तिर्न नसकेको खण्डमा सेवाबाट वञ्चित हुन सक्छन्। आकस्मिक सेवाहरू उपलब्ध हुन सक्छन् तर बाटाघाटाहरू एकदमै साँघुरो भएका कारण दमकल शहरी सुकुम्बासी वस्ती भित्र प्रवेश नगर्न सक्छ। आगलागिको जोखिम घटाउन दमकलमा भर पर्नु भन्दा स्थानीय आगलागी समिति र स्वयंसेवक टोली जस्ता सामाजिक क्षमताहरूको विकास बढी प्रभावकारी समाधान हुन सक्छ।

जलवायु परिवर्तनका असरहरू मध्ये शहरको वरिपरि जोखिम क्षेत्रहरूमा धेरै मानिसहरूको वाध्यात्मक बसाइँ-सराइँ हो। उदाहरणको लागि, समुद्री सतहको वृद्धि र नदीतटहरू कटानको कारण गरिब मानिसहरू आफ्ना घरमा वस्न र खेती गर्न असमर्थ हुन पुग्छन् किनभने घर-खेत समुद्रले विनाश गरिदिन्छ। शहरतिर हिंड्दा आप्रवासीहरूको आशा धेरै हुन सक्छ तर वस्तीको छाप्रोमा उनीहरूको संकटासन्नता ठूलो हुनसक्छ र क्षमताहरू गाउँका घरहरूमा भन्दा कम हुन्छ।

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

## ९.३ PADR र द्वन्द

PADR मुख्यत प्राकृतिक प्रकोपको निम्ति परिकल्पना गएिको हुन्छ। विशेषगरी त्यस्ता प्रकोप जुन वर्षेनि जस्तो दोहोरिरहन्छन्। जब कुनै समुदायले सामना गर्न परिरहेको प्रकोप द्वन्दसँग सम्बन्धित हुन्छ, त्यस अवस्थामा PADR प्रयोग गरिने सर्बोत्तम विधिहरूमध्ये नहुन सक्छ। विशेषत आफ्नो घरठाउँबाट विस्थापित हुन पुगेका व्यक्तिहरूका सन्दर्भमा द्वन्द विश्लेषण र शान्ति निर्माणसँग सम्बन्धित अन्य औजारहरू बढी सुहाउँदा हुन सक्छन्, उदाहरणको लागि, DFID[१२] को लागि द्वन्द नक्साङ्कन, समय रेखाहरू र द्वन्द बृक्षहरू र द्वन्द विश्लेषण पद्धति विकास गरिएको छ। टियरफण्डले Roots 4 मा "Peacebuilding within our communities" प्रकाशन गरेको छ जुन www.tearfund.org/tilz मा उपलब्ध छ।

यदि द्वन्द क्षेत्रमा मानिसहरू आफ्नै घरमै छन् भने PADR प्रयोग गर्न सकिन्छ। तर केही मुख्य सिद्धान्त याद राख्नुपर्छ, विशेषगरी लक्षित समूहहरूसँग काम गर्दा। यस अन्तर्गत निम्न कुराहरू पर्दछः

- संवेदनशीलता - विशेषतः यदि मानिसहरूले पीडादायि यादहरू स्मरण गर्न थाले भने।
- तटस्थता - PADR ले एक वा अर्कोलाई सहयोग गरिरहेको जस्तो नदेखिन। संलग्न विविध पक्षहरूबाट जानकारी संकलन गर्न खोज्नुहोस्।
- गोपनियता - त्यस्ता कुनै सूचनाहरू नखोल्ने जसले विपक्षीलाई फाइदा दिन सक्छ अथवा मानिसहरूलाई खतरामा पार्न सक्छ।

प्रकोपहरू, संकटासन्नताहरू र क्षमताहरू लेखाजोखा गर्दा द्वन्दलाई समग्र रूपमा हेर्न भन्दा सम्भव भए सम्म प्रक्रिया विशेष हुन पर्छ। उदाहरणको लागि, प्रकोपलाई “युद्ध” को रूपमा सूचीकृत गर्नु हुँदैन अपितु “रातमा हुने हमला” “हवाई बमवारी” अथवा “बारुदी सुरुङ्ग” भन्नु पर्छ। संकटासन्नताहरूमा द्वन्द संग सम्बन्धीत कुराहरू जस्तै हिंडडुलको कमी, सुरक्षित आश्रयको कमी अथवा चेतावनी प्रणालीको अनुपस्थिति पर्न सक्छन्। क्षमताहरू अन्तर्गत शान्ति स्थापना फौजहरू, शरणार्थी अथवा आन्तरिक विस्थापित शिविरहरू, आकस्मिक आपूर्ति अथवा बमवाट वच्ने आश्रय पर्न सक्छन्।

### लक्षित समूह

समुदायका सदस्यहरू अथवा शक्तिशाली मानिसहरू लक्षित समूहप्रति शंकालु हुन सक्छन् भन्नेमा सहजकर्ताहरू सचेत हुन पर्छ। समुदायसँग जोडिएका सबै PADR प्रक्रिया र यसको उद्देश्यका बारेमा जानकार हुनु महत्वपूर्ण हुन्छ ताकि उनीहरू कसैले पनि त्रसित महसुस नगरुन्। संवेदनशील विषयमा छलफल गर्न चाहेको खण्डमा लक्षित समूहको लागि एकांकीमा भेट्न उपयुक्त स्थान र समय चयन गर्नु बुद्धिमत्ता हुन सक्छ। यस्ता छलफलहरू विभिन्न समूहले तनावमा वृद्धि गराउने अवसरका गतिविधिहरू नभइ शान्ति कायम गर्न प्रयोग गरिन्छन् भन्ने सुनिश्चित गर्ने प्रयास गर्नुहोस्। दक्षतायुक्त सहजीकरणको आवश्यकता पर्छ।

### मुख्य जानकार

मुख्य जानकारहरू द्वन्दका सबै पक्षहरूबाट समेटिएका छन् भन्ने सुनिश्चित गर्नुहोस ताकि परस्परमा भिन्न धारणाहरू सुन्न र बुझ्न सकियोस्। होशियार रहनुहोस्, किनभने कहिलेकाहीं राष्ट्रिय सरकारी अथवा अन्तराष्ट्रिय समूहहरू आफ्नो उद्देश्य हासिल गर्न स्थानीय तनावहरू बढाउने ताकमा हुन्छन्।

### क्षमता लेखाजोखा

केही स्थानीय क्षमताहरू असुरक्षाका कारण नकारात्मक रूपमा प्रभावित भएका हुन सक्छन्। उदाहरणको लागि, परम्परागत चरन क्षेत्रहरू अब उप्रान्त उपलब्ध नहुन सक्छन अथवा काठ-दाउरा संकलन गरिने क्षेत्रहरू एकदम

१२ DFID (2002) Conducting conflict assessments: guidance notes

खतरापूर्ण भएका हुन सक्छन् । द्वन्दको समयमा एक पक्षले नियतवश अर्को पक्षको क्षमताहरू (विशेषगरी प्राकृतिक श्रोतहरू र पूर्वाधारहरू) मा नियतवश प्रभुत्व जमाउन सक्ने कुरामा होसियार रहनुहोस् ।

छलफलमा सहभागीहरूलाई यस्ता गुमेका क्षमताहरूका साथै उनीहरूले हाल प्रयोग गरिरहेका क्षमताहरू पहिचान गर्न हौसला दिनुहोस् । हिंसात्मक माध्यमबाट क्षमताहरू पुनः हासिल गर्ने कुनै पनि उपायहरू भद्रतापूर्वक रोक्नु पर्छ किनभने त्यसले द्वन्दलाई थप चर्काउने मात्र सम्भावना हुन्छ । यद्यपि, कार्य योजनाले शान्तिपूर्ण माध्यमहरूबाट क्षमताहरू पुनः प्राप्ति गर्ने तरिकाहरू खोज्न अथवा गुमेका क्षमताहरूका विकल्पहरू विकास गर्ने बाटाहरू खोज्नसक्छ ।

**कार्य योजना निर्माण**

यदि कार्य योजनालाई अगि बढाउने कुनै स्थापीत समूह छैन भने त्यस अवस्थामा समग्र समुदायमा भन्दा घरायसी स्तरमा लक्षित योजना निर्माण गर्न आवश्यक हुन सक्छ । यदि आक्रमण हुने सम्भावना छ भने हमलाबाट बच्ने अथवा भाग्ने घरायसी स्तरको आकस्मिक योजनाका बारेमा विचार गर्न पर्छ । यसमा एक झटपट झोला बनाउने अथवा छरिएका/विभाजित परिवारका समूहहरूको लागि झाडी, बुट्यान जमघट स्थल तय गर्ने कुरा सामेल हुन सक्छन् । समुदायमा आधारित चेतावनी प्रणाली पनि सम्भवतः सम्भव हुन सक्छ ।

## ९.४ विपद्-पश्चातको अवस्थामा PADR

अपेक्षित प्रकोपको आगमन र पुर्नआगमनलाई पुर्वानुमान गर्दै PADR को मुख्य प्रयोग विपद्-पुर्वको सन्दर्भमा हुन्छ । यसले त्यस्तो समुदायमा सबभन्दा राम्रोसँग काम गर्छ जहाँ नियमित रूपमा प्रकोप हुन्छ । तर यस प्रक्रियालाई राहत, पुर्नस्थापना र पुर्ननिर्माण कार्यको गुणस्तर र दीगोपना सुधार्न हेतुले विपद् पश्चातको अवस्थामा पनि प्रयोग गर्न सकिन्छ ।

परम्परागत रूपमा हेर्दा विपद् पछि राहत निकायहरूले क्षति र आवश्यकता लेखाजोखाको काम गर्छन् । जिवन जोगाउनु, क्षतिहरू मर्मत गर्नु र अवस्थालाई केही हद सम्म भए पनि “सामान्यीकरण” गर्नु यसको उद्देश्य हुन्छ, यद्यपि यस साँघुरो पद्धतिमा केही समस्याहरू छन् :

- यसले विपद्लाई सघाउने विकासका दीर्घकालीन असफलताहरू भन्दा अल्पकालीन आवश्यकताहरूमा ध्यान दिन्छ
- मानिसहरूलाई यदि सहायता निहित पीडितहरूको रूपमा व्यवहार गरियो भने स्थानीय क्षमताहरूमा क्षति पुग्न सक्छ
- मानिसहरू यदि बाहिरी सहयोगमा आवश्यकताभन्दा बढी निर्भर भएभने राहत परनिर्भरता सिर्जना हुन सक्छ
- यदि विपद्मा अन्तरनिहित कारणहरू बुझिएन भने, राहत कार्यले कहिलेकाहीं विपद् निम्त्याउने जोखिमहरूलाई नै पुर्ननिर्माण गर्न अथवा नयाँ जोखिमहरू पैदा गर्न सक्छ

विपद्मा योगदान पुऱ्याउने संकटासन्नताका तत्वहरू पत्ता लगाउन PADR को प्रयोग गर्न सकिन्छ । प्रक्रियालाई आकस्मिक राहत चरणको अन्त्यतिर अथवा आरम्भिक पुर्नलाभको शुरुतिर प्रवेश गराउन उत्तम हुन्छ । कुनै घरहरू, पूर्वाधारहरू र जीविकोपार्जन पुर्ननिर्माण भन्दा अगावै यसलाई संचालन गर्नपर्छ । यदि सम्पूर्ण PADR गर्न समयले साथ दिँदैन भने निम्नानुसारको संक्षिप्त स्वरुप प्रयोग गर्न सकिन्छ । खण्ड क का उत्तरहरूको आधार मा विशेष स्थानीय सन्दर्भको लागि तयार गर्न पर्ने आवश्यकता हुन्छ । उदाहरणको लागि, यदि ३० व्यक्तिको मृत्यु व्यक्तिगत असर हो भने, तब खण्ड ख को प्रश्न यस्तो हुन पुग्छ “यी मृत्युहरू किन भए ?” (उत्तर, चेतावनीको कमी, पौडने क्षमताको कमी, कमजोर भवन आदि हुन सक्छ)

## विपद्-पश्चातको अवस्थामा सरलीकृत PADR

निम्न प्रश्नहरू लक्षित समूहहरूसँग छलफल गर्न सकिन्छ (पुरुष समूहको साथै कम्तीमा एक महिला समूह)

**प्रकोप लेखाजोखा**

१. यस समुदायले भर्खरै भोगेको देखि बाहेक समुदायलाई असर गरिरहने मुख्य प्रकारका प्रकोपहरू के हुन् ?

२. विगतमा कहिले विपद्हरू घटेका थिए ?

३. समुदायका कुन भागहरू प्रभावित भएका थिए र कुन हद सम्म ?

४. प्रकोप आइरहेको चेतावनी कुन चिन्ह अथवा संकतले दिएको थियो ?

५. प्रकोपहरूको आवृत्ति र तीव्रता घटिरहेको छ या बढिरहेको ?

**संकटासन्नता लेखाजोखा**

१. हालसालमा भएको विपद्मा सामुदायिक जीवनका विभिन्न क्षेत्रहरूमा परेको असर के थियो ?

- व्यक्तिगत - जिन्दगी र स्वास्थ्यमा असर ?
- सामाजिक - सामाजिक जीवन, सामाजिक घटनाहरू, नेतृत्वमा असर ?
- भौतिक - घरहरू, सडकहरू र पुलहरूमा असर ?
- प्राकृतिक - प्राकृतिक श्रोतहरू (पानी, जंगल, घाँस, जनावरहरू) मा असर ?
- आर्थिक - जीविकोपार्जन र आर्थिक अवस्थामा असर ?

२. समुदायमा विपद्को यस्तो असर किन पर्न गयो ?

- कुनै ज्ञान, सीप अथवा स्वास्थ्य सेवाहरूको कमी ?
- कुनै सामाजिक श्रेणीहरू अथवा समूहहरूले काम गर्ननसकेको अथवा नेतृत्वको अभाव ?
- घर निर्माणमा कुनै कमजोरी अथवा खराव स्थानहरूमा घरहरूको अवस्थिति ?
- आयश्रोत, बचत अथवा ऋणको सुविधाहरूमा कुनै कमी ?

३.उपलब्ध नभएका महत्वपूर्ण कुराहरू के थिए -त्यस्ता वस्तुहरू जसले मानिसहरूलाई प्रकोपको सामना, र म्रोसँग गर्न, ठूलो रूपमा सघाउँथ्यो (उदाहरण, डुंगाहरू, औजारहरू, चेतावनी आदि) ?

**क्षमता लेखाजोखा**

१.समुदायले हालैको मुख्य विपद्को सामना कसरी गरेको थियो ? (पाँच वर्गहरूमा)

व्यक्तिगत - समुदायमा कुन सीपहरू र ज्ञानहरूको विशेषगरी उपयोगी भएका थिए ?

सामाजिक - कुन सामाजिक समूहहरू र नेतृत्वहरू धेरै सहयोगी थिए ?

भौतिक - कुन भवनहरू, सडकहरू र पुलहरू संकटको समयमा उपयोगी थिए ?

प्राकृतिक - कुन प्राकृतिक श्रोतहरूको उपयोग गरियो ? कुनै नयाँ प्रयोग भए ?

आर्थिक - कुन आर्थिक सामना गर्ने संयन्त्रहरू प्रयोग गरिए (उदाहरण -वैकल्पिक जीविकोपार्जन, पूँजीको विक्रि, वचतको प्रयोग) ?

२.विगतमा मानिसहरूले विपद्को सामना गर्न प्रयोग गरिएका तरिकाहरूका बारेमा सोंच्नुहोस्। सामना गर्ने ती संयन्त्रहरू मध्ये हालैको विपद्मा कुनै अनुपलब्ध थिए ? किन तिनको प्रयोग अहिले गरिदैन ?

३.विपद्को जोखिम घटाउन कुनै योजना अथवा परियोजना विगतमा संचालन गरिएका थिए ? ती सफल भएका थिए या असफल ? किन ?

**कार्य योजना निर्माण**

लक्षित समूहमा छलफल गर्ने प्रश्नहरू :

१. माथिका विश्लेषणहरूमा आधारित भएर समुदायले कस्ता कामहरू गर्न सक्छ जसले यसका सदस्यहरूलाई भविष्यमा यही अथवा यो सँग मिल्दोजुल्दो प्रकोप आएमा त्यसको सामना राम्रोसँग गर्न सघाउन सकोस् ? उदाहरणको लागि

- चेतावनी प्रणालीको विकास गर्ने
- बलिया सामाजिक समूहहरू र स्वयंसेवकहरूको टोली निर्माण गर्ने
- भवनहरूको फ्रेमवर्क सुधार्ने
- प्राकृतिक श्रोतहरूको उपलब्धता बढाउने
- पानीको आपूर्ति सुधार्ने अथवा सुरक्षित गर्ने
- कृषिका अभ्यासहरू परिवर्तन गर्ने
- बचत समूहहरूको शुरुवात गर्ने
- कस्ता कामहरू बाहिरी सहयोग विना गर्न सकिन्छ र कस्ता कार्यहरूलाई बाहिर सहयोगको आवश्यकता पर्छ ? (व्यक्तिगत कामहरू दिनुहोस, यदि सम्भव छ भने समय सिमा सहित) । सरकारबाट कस्तो काम र सहयोगको आवश्यकता पर्छ ?

# संकटासन्नता र क्षमता लेखाजोखा : लक्षित समूह छलफलहरूका लागि प्रश्नहरू र अभिलेख राख्ने चार्ट

**व्यक्तिगत (पुरुष/महिला) वर्गका संकटासन्नताहरू र क्षमताहरू**

**औजार** यहाँ कुनै औजार प्रयोग गरिएको छैन, तर खण्ड ४ (पृष्ठ ३७) को मौसमी पात्रोले तपाईंलाई प्रश्न ३ को उत्तर दिन सहयोग गर्छ।

| असर सम्बन्धी प्रश्न | उत्तर |
|---|---|
| समुदायको मानव जीवन र स्वास्थ्यमा मुख्य प्रकोपको के असर हुन्छ ? उदाहरणको लागि, मृत्यु, चोटपटक, भोक, काम गर्ने क्षमतामा कमी। | |

| प्रश्न | संकटासन्नता | क्षमता |
|---|---|---|
| १. समुदायका कुन मानिसहरू प्रकोपबाट सबभन्दा बढी प्रभावित हुन्छन ? उनीहरू किन सबभन्दा बढी प्रभावित हुन्छन ? | | |
| २. समुदायका कुन मानिसहरू प्रकोपबाट सबभन्दा कम प्रभावित हुन्छन ? उनीहरू किन सबभन्दा कम प्रभावित हुन्छन ? | | |
| ३. कुन स्वास्थ्य समस्याहरूले प्रकोपको सामना गर्ने मानिसहरूको क्षमता कम गराउँछ ? कुन महिनाहरूमा यस्ता स्वास्थ्य समस्याहरू सबभन्दा बढी गम्भीर हुन्छन् ? | | |
| ४. के तपाईंले (अथवा बालबालीकाहरू) प्रकोपको सामना कसरी गर्ने भन्ने बारे कुनै जानकारी हासिल गर्नुभएको छ ? यो जानकारी कहाँबाट आयो ? | | |
| ५. कस्ता सीपहरू र ज्ञानले मानिसहरूलाई प्रकोपको सामना राम्रोसँग गर्न मदत गर्छन् ? उदाहरणको लागि, पौडने क्षमता, जंगली खानेकुराहरूको ज्ञान, डुंगा चलाउने सीपहरू। | | |

## सामाजिक वर्गका संकटासन्नताहरू र क्षमताहरू

**औजार** समूहसँग बसेर विभिन्न फरक सामाजिक समूहहरूको प्रतिनिधित्व देखाउने घेराहरू सहितका भेन डायग्राम बनाउनुहोस जसमा घेराहरूको आकारले समाजमा तिनको महत्व दर्शाउँछन् ।

| असर सम्बन्धी प्रश्न | उत्तर |
|---|---|
| मुख्य प्रकोपले कसरी सामाजिक जीवनलाई असर गर्छ ? उदाहरणको लागि कम/बढी समारोहहरू, विद्यालयको हाजिरीमा कमी आउँछ, धेरै अपराधहरू अथवा विवादहरू आदि । | |

| प्रश्न | संकटासन्नता | क्षमता |
|---|---|---|
| १. भेन डायग्रामले समुदायमा धेरै समूहहरूको अस्तित्व हुन्छ भन्ने देखाउँछ । यी समूहमध्ये कुन समूह विपद्को समयमा सबभन्दा सहयोगी हुन्छ ? कृपया विवरण दिनुहोस् । | | |
| २. विपद्को समयमा तपाईंका लागि कुन पारिवारिक सम्बन्ध अथवा आफन्तहरू सबभन्दा बढी सहयोगी हुन्छन् ? (स्थानीय र टाढाका) | | |
| ३. के समुदायमा त्यस्ता मानिसहरू हुन्छन जो विपद्बाट फाइदमा हुन्छन् ? यदि हुन्छन भने किन र कसरी ? कृपया व्याख्या गर्नुहोस । | | |
| ४. संकटको समयमा कसले नेतृत्व र सही मार्गदर्शन दिन्छ ? उदाहरणको लागि, परम्परागत अगुवा, सरकारी अधिकृतहरू, धार्मिक नेता, अन्य | | |
| ५. विपद्को समयमा समेत संचालनमा रहने सरकारी सेवाहरू कुन हुन् ? तिनले समुदायलाई कसरी सहयोग गर्छन् ? | | |

## प्राकृतिक वर्गमा संकटासन्नताहरू र क्षमताहरू

**औजार** समुदायमा उपलब्ध प्राकृतिक श्रोतहरूको सूची तयार गर्नुहोस् । यी मध्ये सबैभन्दा महत्वपूर्ण कुन हुन् ? श्रेणीवद्ध गर्ने अभ्यास गर्नुहोस् । भौतिक वर्गको लागि बनाइएको नक्शामा प्राकृतिक श्रोतहरू पनि थप्न पर्छ (पृष्ठ ९० हेर्नुहोस्) ।

| असर सम्बन्धी प्रश्न | उत्तर |
|---|---|
| मुख्य प्रकोपले प्राकृतिक श्रोतहरूलाई कसरी असर पार्छ ? उदाहरणको लागि, पिउने पानी, चरन क्षेत्र, जंगल, माछा, माटो आदिमा असर । | |

| प्रश्न | संकटासन्नता | क्षमता |
|---|---|---|
| १. प्रकोपद्वारा कुन प्राकृतिक श्रोतहरू (उदाहरण, पानी, घाँस, रुखहरू, माछा) सबभन्दा बढी प्रभावित हुन्छन ? | | |
| २. प्रकोपद्वारा कुन प्राकृतिक श्रोतहरू (उदाहरण, पानी, घाँस, रुखहरू, माछा) कम प्रभावित हुन्छन् ?<br>किन यस्ता श्रोतहरूमा क्षति पुग्दैन अथवा नष्ट हुँदैनन् ? | | |
| ३. विपद्को समयमा के कुनै प्राकृतिक श्रोतसम्मको पहुँचमा बन्देज लगाइएको हुन्छ (उदाहरण, पानी अथवा दाउरा) ?<br>कुन श्रोतहरूमा र किन पहुँचमा बन्देज लगाइन्छ ? | | |
| ४. संकटको समयमा कुनै प्राकृतिक श्रोतहरू उपर विवाद अथवा प्रतिस्पर्धा हुन्छ ? कृपया विस्तारसँग भन्नुहोस् । | | |
| ५. कस्ता प्राकृतिक श्रोतहरू (उदाहरण, जंगली खानेकुरा अथवा केराका रुखहरू) विपद्को समयमा विशेष महत्वपूर्ण हुन जान्छन ?<br>यस्तो किन हुन्छ ? | | |

© टियरफण्ड सन् २०११ / यू.एम.एन. २०१४

**भौतिक वर्गका संकटासन्नताहरू र क्षमताहरू**

**औजार** समूहका सदस्यहरूलाई उनीहरूको गाउँको नक्शा बनाउन मद्दत गर्नुहोस्, जसमा भवनहरू, सडकहरू, पुलहरू, बजारहरू जस्ता महत्वपूर्ण वस्तुहरूमा चिनाइएको होस । नक्शा भुइँमा, कागजमा अथवा कालोपाटीमा बनाउन सकिन्छ । टोलीको लागि फ्लिप चार्टमा प्रतिलिपी बनाउनुहोस् । मुख्य प्रकोपहरूद्वारा प्रभावित क्षेत्रहरू देखाउनुहोस् । नक्शामा नदीहरू, पोखरीहरू, जंगलहरू आदि जस्ता प्राकृतिक श्रोतहरू थप्नुहोस् ।

| असर सम्बन्धी प्रश्न | उत्तर |
|---|---|
| निर्मित वस्तुहरू (उदाहरण, घरहरू, सडकहरू, पुलहरू, विद्यालयहरू, इनारहरू आदि) लाई मुख्य प्रकोपले कसरी असर गर्छ ? औजार अथवा अन्य भौतिक सामानहरूमा के असर देखिन्छ ? | |

| प्रश्न | संकटासन्नता | क्षमता |
|---|---|---|
| १. प्रकोपबाट सबभन्दा बढी कुन भवनहरू अथवा संरचनाहरू प्रभावित हुन्छन् ? किन यस्ता क्षति हुन्छन् ? | | |
| २. प्रकोपबाट सबभन्दा कम कुन भवनहरू अथवा संरचनाहरू प्रभावित हुन्छन् ? किन यस्ता भवनहरू कम क्षति हुन्छन् ? | | |
| ३. संकटको समयमा संचारका कुन व्यवस्थाहरू उपलब्ध हुन्छन् ? उदाहरणको लागि, मोबाइल फोनहरू अथवा रेडियोहरू । | | |
| ४. आकस्मिक अवस्थामा यातायातका कुन माध्यमहरू उपलब्ध र प्रयोग गर्न सकिने हुन्छन् ? उदाहरणको लागि, डुंगाहरू, साइकलहरू, अन्य सवारी साधनहरू । | | |
| ५. प्रकोपद्वारा सिर्जित संकटका दौरान मानिसहरूले कसरी उनीहरूका औजारहरू र घरायसी सामानहरू जोगाउँछन् । | | |
| ६. खुल्ला इनारहरू र हाते पम्पहरू प्रकोपद्वारा कसरी प्रभावित हुन्छन् ? किन ? | | |

## आर्थिक वर्गमा संकटासन्नताहरू र क्षमताहरू

**औजार** समुदायसँग मौसमी पात्रो बनाउनुहोस् जहाँ विभिन्न कृषि र अन्य जीविकोपार्जनका क्रियाकलापहरू र विभिन्न प्रकारका प्रकोपहरू देखा पर्न सक्ने महिनाहरू देखाइएको हुन्छ। साथै बसाइँ सराइँको मौसम, जनावरहरूको हिंडडुल पनि देखाउनुहोस्।

| असर सम्बन्धी प्रश्न | उत्तर |
|---|---|
| खेतीपाती, माछा मार्ने, उद्योगहरू र स्थानीय बजार संचालन जस्ता आर्थिक क्रियाकपलापहरूलाई मुख्य प्रकोपले कसरी असर गर्छ ? | |

| प्रश्न | संकटासन्नता | क्षमता |
|---|---|---|
| १. प्रकोपबाट सबभन्दा बढी कुन जीविकोपार्जनहरू (अथवा आय आर्जनका क्रियाकलापहरू) प्रभावित हुन्छन ?<br>यो किन हुन्छ ? | | |
| २. प्रकोपबाट कुन जीविकोपार्जनहरू (अथवा आय आर्जनका क्रियाकलापहरू) प्रभावित हुँदैंनन अथवा कम प्रभावित हुन्छन् ?<br>संकटका समयमा आय आर्जनका कुन नयाँ तरीकहरू प्रयोग हुन्छन् ? | | |
| ३. कुन बालीनालीहरू प्रकोपबाट सबभन्दा बढी प्रभावित हुन्छन् ?<br>यस्तो किन हुन्छ ? | | |
| ४. कुन बालीनालीहरू प्रकोपबाट कम प्रभावित हुन्छन् ?<br>तिनिहरू किन उति सारो प्रभावित हुँदैंनन् ? | | |
| ५. विपद् पश्चात मानिसहरूले खानेकुराहरू र अन्य बस्तुहरू किन्ने पैसा कसरी पाउँछन् ? उदाहरणको लागि, बचत बाट, सापटी, विप्रेषण अथवा पूँजीहरू बेचेर । | | |
| ६. ज्याला मजदुरीलाई प्रकोपले कसरी असर पार्छ ? उदाहरणको लागि, कलकारखाना अथवा ठूला फारमहरूका काममा।<br>किन ? | | |

# विभिन्न प्रकोपहरूका लागि सुझाइएका जोखिम-न्यूनीकरण क्रियाकलापहरू

नोट यिनीहरू विशेष प्रकोपहरूका लागि विशेष सीफारिशहरू हुन् । केही कार्यहरू, उदाहरण विपद् व्यवस्थापन समितिहरू, बचत समूहहरू र स्वयंसेवक टोलीहरू, सबै प्रकारका प्रकोपहरूका लागि उपयोगी हुन्छन् ।

| बाढी | | |
|---|---|---|
| तयारीहरू | अल्पीकरण | पैरवी |
| • बाढी चेतावनी प्रणाली<br>• तालिम प्राप्त स्वयंसेवकहरू<br>• सुरक्षित आश्रय केन्द्र (पानी, शौचालय, बत्तीहरू सहित)<br>• डुंगाहरू र तालिम प्राप्त समूह<br>• आकस्मिक स्थानान्तरण अभ्यासहरू<br>• बालबालीकाहरूलाई पौडी सिकाउनु<br>• सुरक्षित उम्कने बाटाहरू<br>• दस्तावेज, बिउहरू लगायतका मूल्यवान पूँजीहरूको लागि सुरक्षित सञ्चय<br>• बचत योजनाहरू<br>• जर्किनहरू र पानी शुद्ध पार्न निर्मलिकरण चक्कीहरू | • पानीका श्रोतहरूको सुरक्षा<br>• घरहरूका सुधारिएका फ्रेमवर्क<br>• बलिया नालाहरू, बाढीको दिशा परिवर्तन गर्ने कुलोहरू र बाँधहरू<br>• बाँसमा अग्ला गरी उठाइएका घरहरू<br>• बैकल्पिक बालीहरू, अथवा बालीनालीको शैली बदल्ने<br>• बाढी-प्रतिरोधी बालीका प्रजातिहरू<br>• तैरने करेसाबारीहरू<br>• बृक्षारोपण, विशेषगरी भिर र तटबन्धहरूमा | • सुधारिएको सरकारी चेतावनी प्रणालीको लागि<br>• नदीका तटबन्धहरूको मर्मत र संभार को लागि<br>• तट कटानको सुरक्षाको लागि<br>• नदी बगरबाट माटो झिकेर बाहिर निकाल्न<br>• धेरै बाढी आश्रयस्थलहरूका लागि<br>• नीजि जमिनबाट भाग्ने बाटोहरूको निर्माणका लागि |

| खडेरी | | |
|---|---|---|
| तयारीहरू | अल्पीकरण | पैरवी |
| • पानी संचय गर्ने पोखरीहरू, ट्याङ्कीहरू<br>• छतबाट वर्षातको पानी संकलन<br>• प्लाष्टिक प्रयोग गरेर वर्षातको पानी संकलन<br>• सुधारिएको खाद्य संचय (कीराबाट हुने नोक्सानी कम गराउन)<br>• अन्न बैंक (पारिवारिक र सामुदायिक स्तर)<br>• पशुधनको स्वास्थ्य सुधार<br>• पशु चौपायको संख्यामा न्यूनीकरण<br>• जनावरहरूका लागि घाँसको संचय | • कृषिका संरक्षण पद्धतिहरू<br>• अर्ध-चन्द्राकार खाडलहरू, छड्के बाँधहरू, अर्ध सतही बाँध आदि<br>• लघु सिंचाई योजना, पैताला अथवा जनावर बाट चल्ने पम्पहरू<br>• बाढी-प्रतिरोधी बालीका प्रकारहरू अथवा प्रजातिहरू<br>• जीविकोपार्जनमा विविधिकरण<br>• बैकल्पिक बालीका शैलीहरू<br>• रुखहरू र घाँस रोपण | • सुधारिएको सरकारी खडेरी चेतावनी योजनाहरूका लागि<br>• गरिब मानिसहरूका लागि राम्रो सुरक्षा नेट संयन्त्रहरूका लागि<br>• धेरै ट्याङ्करहरूबाट पानीको आपूर्तिका लागि<br>• थप दक्ष जलसंभार व्यवस्थापनको लागि<br>• इनारहरू सुकाउने डिप बोरिङ्गहरू विरुद्ध |

| पहिरो | | |
|---|---|---|
| तयारीहरू | अल्पीकरण | पैरवी |
| • आकस्मिक औजारहरू घर बाहिर संचय<br>• खोजी र उद्धार कार्यको लागि तालिम प्राप्त र औजारहरूले सुसज्जित स्वयंसेवकहरूको टोली<br>• मूसलधारे वर्षाको दौरान अथाव पछि, जमिनका धाँजाहरू, रुखहरूका गतिविधि अथवा नदीको बहाबहरूप्रति सर्तक रहने<br>• चेतावनी प्रणाली र तीव्र स्थानान्तरण योजनाहरू | • भिरहरूलाई स्थिर बनाउन बृक्षारोपण<br>• भिरालो जग्गाबाट वर्षातको पानी छिटो बगाउन नालाहरू<br>• भिरको बाहिरी बाटोमा होचा पर्खालहरू<br>• वर्षातको पानी छतबाट लैजान र ट्याङ्कीहरू अथवा नालामा लैजान ढल<br>• निर्माणको लागि भिरालो जग्गा नखन्नुहोस् | • अस्थिर भिरहरूमा अवस्थित भवनहरू निर्माण गर्न नदिन ऐनको लागि<br>• भिरालो जग्गाहरूका रुखहरू काट्न नदिन ऐनको लागि |

## आँधी-तूफान

| तयारीहरू | अल्पीकरण | पैरवी |
|---|---|---|
| • चेतावनी प्रणाली - विभिन्न स्तरहरूमा, त्यसपछि स्थानान्तरण संकेत<br>• सामुदायिक स्थानान्तरण योजना<br>• सुरक्षित आश्रय केन्द्र (पानी, शौचालय, बत्तीहरू सहित)<br>• घरका झ्यालहरूमा ठोकिएका काठका बोर्डहरू<br>• घरहरूका संरचनाहरूमा रस्सीहरू, यदि उपलब्ध भएमा, छतमा गह्रौं वजन सहितको ठूलो जाली<br>• मूल्यवान सामानहरूको सुरक्षित संचय, उदाहरण प्लास्टिकका झोलाहरूमा अथवा जमिनमुनि गाड्ने<br>• २-३ दिनको लागि खाना संचय गर्नुहोस्<br>• तालिमप्राप्त स्वयंसेवकहरूको टोलीहरू<br>• आकस्मिक सामानहरू सहितको झटपट झोला | • सुधारिएको घर निर्माण, विशेषगरी छत<br>• आश्रय प्रदेश स्थापना गर्न बृक्षारोपण<br>• घरहरूका लागि सुरक्षित स्थान र उत्कृष्ट निर्देशन<br>• आँधी आउन मौसम बाहिर उब्जने बैकल्पिक बालीहरू<br>• घरहरूबाट पानी बाहिर लैजान आँधी नालाहरू<br>• आँधी नालाहरूको नियमित सफाइ | • सुधारिएको सरकारी चेतावनी प्रणालीको लागि<br>• धेरै आँधि आश्रय केन्द्रहरूको लागि<br>• असुरक्षित क्षेत्रहरूमा निर्माण नियन्त्रण रोक्ने कानूनका लागि<br>• नयाँ भवनहरूको फ्रेमवर्क नियमन गर्ने कानूनका लागि<br>• सार्बजनिक भवनहरू आश्रयको रूपमा परिकल्पना गर्नका लागि |

## भूकम्पहरू

| तयारीहरू | अल्पीकरण | पैरवी |
|---|---|---|
| • आकस्मिक सामान सँधै साथमा - टर्च लाइट, पानी, सिट्ठी<br>• आकस्मिक औजारहरू भवन बाहिर संचय गर्ने<br>• अग्ला सर सामानहरू भित्तामा बाँध्ने<br>• माथिल्ला तलाहरूमा गह्रौं सामानहरू नराख्ने<br>• भूकम्प आएमा के गर्ने भनेर अभ्यास गर्ने<br>• सम्भव भएमा ग्यास सिलिण्डरहरू बाहिर राख्ने, ग्यास आपूर्ति बन्द गर्न रेञ्च सहित<br>• खुल्ला क्षेत्रहरूमा पानीको आपूर्ति र आकस्मिक शौचालयको व्यवस्था<br>• खोजी र उद्धार कार्यका लागि तालिम प्राप्त र सुसज्जित स्वयंसेवकहरूको टोली | • भूकम्प प्रतिरोधी नयाँ घरहरूको निर्माण, छतमा हल्का सामाग्रीहरूको प्रयोग<br>• अस्तित्वरत भवनहरूलाई थप बल दिन पहल गर्ने<br>• पहाडहरू अथवा पहिरो जान सक्ने स्थानहरूमा निर्माण नगर्ने<br>• सार्बजनिक भवनहरू (विद्यालयहरू, चर्चहरू, अस्पतालहरू) भूकम्प प्रतिरोधी छन् भन्ने सुनिश्चित गर्नुहोस् | • भवन नियमनको स्थापना र कार्यान्वयनका लागि<br>• विद्यालय पाठ्यक्रममा भूकम्प सुरक्षा समावेश गर्नका लागि<br>• जन जागरण र शैक्षिक अभियानका लागि<br>• सुधारिएको सरकारी खोजी र उद्धार क्षमताको लागि |

## आगलागी

| तयारीहरू | अल्पीकरण | पैरवी |
|---|---|---|
| • चेतावनी प्रणाली - चर्को, सुनिने<br>• आगोका बाल्टीहरू, पाइपहरू, पानीका विन्दुहरू<br>• विस्थापित र छरिएका परिवारहरूका लागि पहिल्यै तय गरिएका जमघट स्थानहरू<br>• संचार व्यवस्था<br>• तालिम प्राप्त अग्नि-रक्षक स्वयंसेवकहरू | • घरहरू एक अर्का देखि सुरक्षित दुरीमा बनाउने<br>• मुल घर बाहिर पकाउने<br>• सम्भव भएमा घर निर्माणको क्रममा उच्च प्रज्वलनशील सामाग्रीहरूको प्रयोग नगर्ने<br>• आगलागिबाट सुरक्षाका अभियानहरू, विशेषगरी विद्यालयहरूका बालबालीकाहरूसँग<br>• दुइ तले भवनको लागि माथिको झ्यालबाट उम्कने साधन | • शहरी क्षेत्रमा बारुण यन्त्रको सेवाहरूका लागि<br>• सुधारिएको सडक मार्गहरूका लागि, विशेष गरी सुकुम्बासी वस्तीहरूमा<br>• सुधारिएको आगलागी नियमन र विद्यालयमा आगलागीको अभ्यासका लागि |

# सन्दर्भ सामाग्री


Bainbridge D, Macpherson S and Marshall M (2007) Tearfund Good Practice Guide: Gender Sensitivity, Tearfund.
tilz.tearfund.org/Topics/Disasters/Disaster+management+good+practice

Blackman R and Carter I (eds.) ROOTS 13 – Environmental sustainability, Tearfund.
tilz.tearfund.org/Publications/ROOTS/Environmental+Sustainability

Blaikie P, Cannon T, Davis I and Wisner B (2004) At risk: Natural hazards, people's vulnerability and disasters, Routledge.

Bulmer A and Hansford R (2009) The local church and its engagement with disasters, Tearfund.
tilz.tearfund.org/Churches/Church+and+disaster+management

Cabot Venton C and Venton P (2004) Disaster preparedness programmes in India – a cost benefit analysis, HPN Network Paper no.49, ODI.
tilz.tearfund.org/Topics/Disasters/Case+studies/DRR+Case+studies

Cabot Venton C and Siedenburg J (2010) Investing in communities, Tearfund.
tilz.tearfund.org/Research/Disaster+Risk+Reduction+reports

Climate 1-Stop website
www.climateonestop.net

Crooks B and Mouradian J (2011) Disasters and the local church, Tearfund.
tilz.tearfund.org/Churches/Church+and+disaster+management/Book+-
+Disasters+and+the+local+church

DFID (1999) Sustainable Livelihoods Guidance Sheet 1.1.
www.eldis.org/vfile/upload/1/document/0901/section1.pdf

DFID (2002) Conducting conflict assessments: guidance notes.
www.dfid.gov.uk/Documents/publications/conflictassessmentguidance.pdf

EM-DAT Natural disaster trends.
www.emdat.be/natural-disasters-trends

FAO (1999) Annex 6: PRA toolbox.
www.fao.org/docrep/003/x5996e/x5996e06.htm

Twigg J (2010) Characteristics of a disaster-resilient community (2nd edition).
community.eldis.org/DRR

UNDP (2004) Reducing disaster risk: a challenge for development.
www.undp.org/cpr/disred/documents/publications/rdr/english/rdr_english.pdf

UNISDR (2007) Building disaster resilient communities – good practices and lessons learnt.
www.unisdr.org/we/inform/publications/596

UNISDR (2008) Gender perspectives: integrating disaster risk reduction into climate change adaptation.
www.unisdr.org/we/inform/publications/3391

UNISDR (2009) Making disaster risk reduction gender-sensitive: policy and practical guidelines.
www.preventionweb.net/files/9922_MakingDisasterRiskReductionGenderSe.pdf

UNISDR (2009) Terminology on disaster risk reduction.
www.unisdr.org/eng/terminology/UNISDR-terminology-2009-eng.pdf

Venton P and La Trobe S (2008) Linking climate change adaptation and disaster risk reduction, Tearfund and Institute of Development Studies.
tilz.tearfund.org/Research/Climate+change+reports

Wiggins S and Wiggins M (2009) CEDRA (Climate Change and Environmental Degradation Risk and Adaptation Assessment), Tearfund; Environmental assessment, Tearfund.
tilz.tearfund.org/Topics/Environmental+Sustainability

## अन्य उपयोगि वेबठेगानाहरु

**www.abuhrc.org/Pages/index.aspx**
Aon Benfield UCL Hazard Research Centre (ABUHRC) यूरोपको अग्रणी बहुआयामिक प्रकोप अनुसन्धान केन्द्र हो जुन University College London मा अवस्थित रहेको छ । यसमा धेरै विपद् जोखिम न्यूनीकरणका विषयवस्तुहरु छन् ।

**www.adpc.net**
एसिया विपद् पूर्वतयारी केन्द्र : विपद् जोखिम न्यूनीकरण तालिम, श्रोतहरु, समारोहहरु ।

**community.eldis.org/DRR**
DFID InterAgency DRR समूहबाट विपद् जोखिम न्यूनीकरण श्रोतहरु (Christian Aid, Tearfund, ActionAid, Practical Action and Plan).

**www.eldis.org/go/topics/dossiers/climate-change-adaptation**
जलवायु परिवर्तन अनुकुलनता

**www.ifrc.org/what/disasters/index.asp**
IFRC को वेबसाइटमा प्रतिकार्यका अन्य सामाग्रीहरुका साथै जोखिम न्यूनीकरण र विपद्को लागि तयारी गर्ने खण्डहरु छन् ।

**www.preventionweb.net**
विपद् जोखिम न्यूनीकरण सामाग्रीका निम्ति एउटा राम्रो पोर्टल जहाँ समाचारहरु, श्रोतहरु, तालिमहरु पाइन्छ । यो UNISDR सँग जोडिएको छ ।

**www.riskreductionafrica.org**
Risk Reduction Africa: विपद् जोखिम न्यूनीकरण र अफ्रिकामा उत्थानशील समुदायहरु निर्माणमा समर्पित वेवसाइट ।

**www.tearfund.org/tilz**
टियरफण्डको आफ्नै tilz वेवठेगाना जसमा विपद् जोखिम न्यूनीकरण विषय अन्तरगत एक खण्ड, नीति र अनुसन्धान अन्तरगत धेरै सामाग्रीहरु तथा Footsteps back catalogue, ROOTS publications and PILLARS Guides मा थप सान्दर्भिक जानकारीहरु राखिएको छ । फिल्डमा खटिने कार्यकर्ताहरुले विशेष गरि PILLARS Guide Preparing for Disaster लाई निकै उपयोगि पाउनेछन् ।

**www.unisdr.org/eng/hfa/docs/HFA-brochure-English.pdf**
कार्यका लागि ह्योगो ढाँचा ब्रोसर अंग्रेजी

**www.unisdr.org/eng/hfa/docs/HFA-brochure-French.pdf**
कार्यका लागि ह्योगो ढाँचा ब्रोसर फ्रेन्च

**www.unisdr.org/eng/hfa/hf-summary.htm**
कार्यका लागि ह्योगो ढाँचा साराशं (UNISDR को साइटमा फ्रेन्च र स्पेनिशमा पनि उपलब्ध छ ।)

**www.youtube.com/watch?v=GI66F0mgeIE**
Local voices, global choices: विभिन्न देशहरुका घटना अध्ययनहरु र असल अभ्यास समावेश गरिएको फिल्म (तिन भागहरु) ।

# शब्दावली

यस शब्दसंग्रहमा केही निश्चित शब्दहरूको अर्थलाई यस किताबमा प्रयोग भए अनुसार व्याख्या गरिएको छ।

| | |
|---|---|
| अनुकूलन | जलवायु परिवर्तन र वातावरणीय ह्रासको सामना गर्न गरिने कार्य। |
| निर्माण नियमन | मानव सुरक्षा सुनिश्चित गर्न र संरचनाहरू भत्कने जोखिम कम गर्ने उद्देश्यले भवनहरूको परिकल्पना, निर्माण, सामग्रीहरू नियन्त्रण गर्ने नियमहरू, नियमनहरू र मापदण्डहरूको समूह। |
| आपतकालीन योजना | समुदायलाई त्रस्त बनाउन सक्ने विशेष सम्भावित प्रकोप वा घटनाहरूको लागि पहिल्यै समयोचित, प्रभावकारी र उपयुक्त प्रतिकार्यहरूको व्यवस्था स्थापित गर्ने प्रक्रिया। |
| विपद् जोखिम | भविष्यको कुनै विशेष समयावधिमा कुनै निश्चित समुदाय उपर आइपर्न सक्ने सम्भावित विपद् जसले जीवन, स्वास्थ्य, जीविकोपार्जनहरू, पूँजीहरू र सेवाहरूमा नोक्सानी पुऱ्याउँछ। |
| विपद् जोखिम न्यूनीकरण | विपद्का आकस्मिक तत्वहरूको व्यवस्थित विश्लेषण र व्यवस्थापन मार्फत प्रकोप प्रति न्यूनीकृत कमजोरी, मानिस र पूँजीको संकटासन्नतामा कमी, जमीन र वातावरणको विवेकशील व्यवस्थापन र सुधारिएको पुर्वतयारीहरू सहितको विपद् जोखिम न्यूनीकरण गर्ने अभ्यास। |
| विपद् जोखिम न्यूनीकरण योजना | विपद् जोखिम कम गराउने लक्ष्य र विशेष उद्देश्यहरू र यी उद्देश्यहरू हासिल गर्न आवश्यक कामहरू समेटेर कुनै प्राधिकरण, संघसंस्था अथवा समुदायद्वारा तयार पारिएको दस्तावेज। |
| पूर्वचेतावनी प्रणाली | व्यक्तिहरू, समुदायहरू र संघसंस्थाहरूलाई क्षति अथवा नोक्सानी कम गर्न प्रचुर समयमा उपयुक्त तयारी र काम गर्न सक्षम बनाउन आवश्यक प्रणाली जसले प्रकोपको चेतावनी सही समयमा र स्पष्ट रूपमा तयार र प्रसार गर्छ। |
| आकस्मिक सेवाहरू | विशेष दक्षता भएका निकायहरूको एक समूह जसको विशेष जिम्मेवारी र उद्देश्य आपतकालीन अवस्थाहरूमा जनधनको सुरक्षा र सेवा गर्ने हुन्छ। |
| वातावरणीय ह्रास | सामाजिक र पारिस्थितिक आवश्यकताहरू पुरा गर्ने वातावरणीय क्षमतामा कमी। उदाहरणहरूमा, जमिनको दुरुपयोग, भूक्षय र नाश, मरुभूमिकरण, जगंली आगो लाग्नु, जैविक विविधताको नाश, वनविनाश र समुद्री रुखहरूको नाश, साथै जमिन, जल र वायु प्रदुषण। |
| वातावरणीय असर लेखाजोखा | प्रस्तावित परियोजनाहरूको वातावरणीय परिणामको मूल्याङ्कन गरिने प्रक्रिया। यसलाई परियोजनाको विषम असरहरूलाई कम अथवा सीमित गराउने दृष्टिकोणले योजना निर्माण र निर्णय प्रक्रियाको अभिन्न भागको रूपमा लिइन्छ। |
| भौगोलिक (पृथ्वी सम्बन्धी) प्रकोप | जीवनको नाश, स्वास्थ्य अथवा पूँजीको क्षति, जीविकोपार्जन र सेवाहरूको नाश, सामाजिक र आर्थिक छिन्नभिन्नता अथवा वातावरणीय क्षति गराउन सक्ने भौगोलिक प्रक्रिया। |

**जलउत्पन्न प्रकोप** वायुमण्डल, जल र महासागर सम्बन्धी प्रकृतिको प्रक्रिया या अनौठो घटना जसले जीवनको नाश, चोटपटक, पूँजी, जीविकोपार्जनहरू, सेवाहरू अथवा वातावरणमा क्षति पुऱ्याउँछ ।

**अल्पीकरण : संरचनागत उपायहरू** प्रकोपको प्रभाव कम गराउन गरिने कुनै निर्माण अथवा प्रकोप-प्रतिरोध हासिल गर्न अपनाइने अभियन्त्रण प्रविधिहरू (उदाहरणहरूः बाँधहरू, तटबन्ध, छाल रोधकहरू, भूकम्प प्रतिरोधी भवनहरू, स्थानान्तरण आश्रयहरू) ।

**अल्पीकरणः गैर-संरचनागत उपायहरू** त्यस्ता तरिकाहरू जसमा जोखिमहरू र असरहरू कम गराउन भौतिक निर्माण नभई ज्ञान, अभ्यास अथवा सहमतिको प्रयोग गरिन्छ । विशेषगरी, नीति तथा कानूनहरू, चेतना अभिवृद्धि, तालिम र शिक्षा मार्फत ।

**विपद् जोखिम न्यूनीकरणको राष्ट्रिय मञ्च** विपद् जोखिम न्यूनीकरणको समन्वय र नीति निर्देशनका लागि बहुक्षेत्रीय र अन्तरविधागत राष्ट्रिय संयन्त्र जसमा सार्वजनिक, निजी र नागरिक समाजको सहभागीता रहन्छ ।

**निवारण** बाँधहरू, तटबन्धहरू र भूकम्प प्रतिरोधी निर्माणहरू जस्ता तरिकाहरू अवलम्बन गरेर प्रकोपहरूका प्रतिकूल असरहरूलाई वाट जोगाउनु ।

**जनचेतना** विपद् जोखिमहरू, विपद् निम्त्याउन सक्ने तत्वहरू र व्यक्तिगत र सामूहिक रूपमा प्रकोपहरूप्रतिको कमजोरी र संकटासन्नता न्यून गराउन गर्न सकिने कार्यहरूको सम्बन्धमा सामान्य ज्ञान विस्तार

**पूर्नलाभ** विपद् प्रभावित समुदायहरूको सेवा-सुविधाहरू, जीविकोपार्जन र जीवनयापनको अवस्थाहरूको पुर्नस्थापना र सुधार । विपद् जोखिम न्यून गर्न परिकल्पना गरिएको र "राम्रो पुनः निर्माण" (Build back better) सिद्धान्त अपनाइएको ।

**उत्थानशीलता** प्रकोपसम्मुख समुदाय अथवा समाजको प्रकोपका असरहरू समयोचित र प्रभावकारी ढंगले प्रतिरोध गर्ने, जुध्ने, समायोजन हुने र पुर्नलाभ गर्ने क्षमता

**जोखिम लेखाजोखा** मानिस, पूँजी, सेवाहरू, जीविकोपार्जनहरू र वातावरणलाई हानि पुऱ्याउन सक्ने सम्भावित प्रकोपहरूको विश्लेषण र अस्तित्वरत संकतासन्नताहरूको मूल्याङ्कन मार्फत जोखिमको प्रकृति र विस्तार निर्धारण गर्ने पद्धति

**प्राविधिक (मानव निर्मित प्रकोप)** दुर्घटनाहरू, खतराजनक प्रक्रियाहरू, पूर्वाधारहरूको असफलता अथवा मानिसको क्रियाकलाप विशेष लगाएतका प्राविधिक अथवा औद्योगिक मूलको प्रकोप जुन जीवनको नाश, पूँजी, जीविकोपार्जनहरू, सेवाहरू अथवा वातावरणको क्षतिको कारक बन्न सक्छ ।

# ROOTS 9

हाम्रा समुदायहरूमा विपद् जोखिम न्यूनीकरण

बब हास्सफोर्ड

हेलेन ग द्वारा सम्पादित

साजसज्जा : विङ्गफिङ्गर

सारा अडलर्ड, ओइनोन चाडबर्न, जेसिका फालेइरो, डेबी ह्युज, मेण्डी मार्शल, माइक विगिन्स र प्रारुप पुनरावलोकन गर्न समय दिनुभएका टियरफण्डका अन्य कर्मचारीहरूप्रति हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं । अफगनिस्तान, भारत, मलावी र युगाण्डामा यस पुस्तकको कार्यक्षेत्रगत परिक्षण गर्नुहुने टियरफण्डका कार्यटोलीहरू र साझेदार संघसंस्थाहरूलाई पनि धन्यवाद ।

ROOTS 9 को यस द्वितिय संस्करण बब हान्सफोर्ड र पल भेण्टनको २००६ को मौलिक प्रकाशनमा आधारित छ ।

टियरफण्डका प्रकाशनहरू साझेदारहरू र अन्य संस्थाहरूले कसरी प्रयोग गर्छन् भन्ने थाहा पाएमा हामीलाई भविष्यका प्रकाशनहरूको गुणस्तर सुधार्न मदत मिल्छ । यदि तपाइँ यस किताबका बारेमा प्रतिक्रिया दिन चाहनुहुन्छ भने कृपया टियरफण्डलाई पत्र लेख्नुहोस् अथवा निम्न ठेगानामा इमेल गर्नुहोस् :

roots@tearfund.org

ROOTS श्रृखंलाका अन्य शीर्षकहरूमा :

- ROOTS 1 र 2 - Advocacy toolkit

दुई छुट्टा छुट्टै किताबहरूको समूह

Understanding advocacy (ROOTS 1) / Practical action in advocacy (ROOTS 2)

समूहमा मात्र उपलब्ध

- ROOTS 3 - Capacity self-assessment. संघसंस्थाहरूलाई उनीहरूका क्षमता निर्माणका आवश्यकताहरू पहिचान गर्न सक्षम बनाउने संस्थागत लेखाजोखा औजार
- ROOTS 4 - Peace-building within our communities. समुदायहरूमा शान्ति र मेलमिलाप प्रोत्साहन गर्ने कार्यमा संलग्न टियरफण्डका साझेदारहरूका घटना अध्ययनहरूबाट लिइएका सिकाइका बुँदाहरू ।
- ROOTS 5 - Project cycle management. परियोजना चक्र प्रयोग गर्दै परियोजनाहरूका योजना तर्जुमा र व्यवस्थापन गर्ने प्रक्रियाहरूतर्फ ध्यान दिन्छ । आवश्यकताहरू र क्षमता लेखाजोखाहरू र सरोकारवाला विश्लेषणहरू जस्ता योजनाका औजारहरूको व्याख्या गर्दछ र तार्किक ढाँचा कसरी विकास गर्ने भन्ने स्पष्ट दर्शाउँछ ।
- ROOTS 6 - Fundraising. आर्थिक श्रोत संकलन गर्ने रणनीति कसरी तयार गर्ने भनेर देखाउँछ र संस्थाहरूलाई उनीहरूका आर्थिक आधार विविधिकरण गर्ने उपायहरू समावेश गरेको छ ।
- ROOTS 7 - Child participation. सामुदायिक जिवन र परियोजना निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा बालबालिकाहरूलाई समावेश गराउनुको महत्वतिर ध्यान दिन्छ ।
- ROOTS 8 - HIV and AIDS: taking action. एच.आई.भी र एड्सले ल्याएका चुनौतिहरू, जस्तै तिनको प्रभाव, तिनलाई विस्तार हुनबाट रोकथाम, लाई क्रिश्चियन संस्थाहरूले कसरी प्रतिकार्य गर्न सक्छन् भन्ने र एच.आई.भी. र एड्सलाई संस्थाहरूभित्र सम्बोधन गर्ने तर्फ हेर्छ ।
- ROOTS 10 - Organizational governance. संचालनका सिद्धान्तहरू र मुद्दाहरूमा केन्द्रित रहन्छ ताकि संस्थाहरूले आफ्ना संचालन संरचना सुधार अथवा उनीहरूसँग नभएको खण्डमा त्यस्ता संरचना स्थापना गर्न सकुन् ।
- ROOTS 11 - Partnering with the local church. क्रिश्चियन संस्थाहरूले कसरी स्थानीय चर्चहरूसँग अझ नजिक रहेर काम गर्न सक्छन् भन्ने हेर्छ ।
- ROOTS 12 - Human resource management. कर्मचारी भर्तिको जानकारी, करार र कर्मचारी व्यवस्थापन र विकास जस्ता संस्थाका लागि काम गर्ने व्यक्तिहरूसँग सम्बन्धित नीति र अभ्यासहरूमा दृष्टिपात गर्छ ।
- ROOTS 13 - Environmental sustainability. विकास संस्थाहरूलाई वातावरणीय हिसाबले कसरी दिगो हुने र जलवायु परिवर्तन र वातावरणीय ह्रास जस्ता वातावरणीय विषयहरूमा कसरी प्रभावकारी प्रतिकार्य गर्ने भन्ने देखाउँछ ।

यिनिहरू सबै अंग्रेजी, फ्रान्सेली, स्पेनि र पोर्चुगलि भाषाहरूमा उपलब्ध छन् र www.tearfund.org/tilz मार्फत निःशुल्क डाउनलोड पनि गर्न सकिन्छ ।

थप जानकारीका लागि तलको ठेगानामा International Publications लाई पत्र लेख्नु अथवा निम्न ठेगानामा इमेल गर्नुहोस् : roots@tearfund.org

सर्बाधिकार टियरफण्ड २०११

ISBN 978 1 904364 96 2

टियरफण्डद्वारा प्रकाशित । कम्पनी लिमिटेडद्वारा प्रत्याभुत गरिएको ।

ईङ्गल्याण्डमा दर्ता नं. 994339

च्यारिटि दर्ता नं. 265464 (ईङ्गल्याण्ड र वेल्स)

च्यारिटि दर्ता नं. SC 037624 (स्कटल्याण्ड)

टियरफण्ड क्रिश्चियन राहत र विकास निकाय हो जसले गरिबी उन्मुलन गर्न मदत गर्न स्थानीय चर्चहरूको विश्वव्यापी सञ्जालसँग मिलेर काम गर्छ ।

Tearfund, 100 Church Road, Teddington,
TW11 8QE, UK
टेलिफोन : ४४ (०) २० ८९७७ ९१४४
इमेल : roots@tearfund.org
वेब ठेगाना : www.tearfund.org/tilz

ISBN 978-9937-8770-8-4

tearfund

Reducing risk of disaster in our communities

Bob Hansford

ISBN 978 1 904364 96 2
Published by Tearfund
100 Church Road, Teddington, TW11 8QE, UK

ROOTS 9

ROOTS

# हाम्रा समुदायहरूमा विपद् जोखिम न्यूनीकरण

## दोश्रो संस्करण



यू.एम.एन.द्वारा नेपाली भाषामा अनुवाद

ROOTS: Resourcing Organisations with Opportunities for Transformation and Sharing

टियरफण्ड प्रकाशन